“कृषि, पर्यटन र पूर्वाधार : समृद्ध गङ्गाजमुनाको मूल आधार ।”

# नीति, वार्षिक योजना, बजेट तथा कार्यक्रम

## (आर्थिक ऐन तथा विनियोजित ऐन सहितको योजना पुस्तिका)

## आ.व. २०८१/०८२



गङ्गाजमुना गाउँपालिकाको प्रसिद्ध पर्यटकीय स्थल
**गङ्गाजमुना झरना**

गङ्गाजमुना गाउँपालिका




गङ्गाजमुना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फूलखर्क, धादिङ

बागमती प्रदेश, नेपाल

# आ.व. २०८०/०८१ को स्वीकृत
# नीति, वार्षिक योजना, बजेट तथा कार्यक्रम

स्थानीय सरकार

**गङ्गाजमुना गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

फुलखर्क, धादिङ

बागमती प्रदेश, नेपाल

| | |
|---|---|
| दस्तावेज | आ.व. २०८०/०८१ को नीति, वार्षिक योजना, बजेट तथा कार्यक्रम |
| प्रकाशक | गङ्गाजमुना गाउँ कार्यपालिकाको कार्यालय, फुलखर्क प्रदेश ३, धादिङ<br>*http://www.gangajamunamun.gov.np* |
| सर्वाधिकार | प्रकाशकमा |
| प्रकाशित सङ्ख्या | २०० प्रति |

# गङ्गाजमुना गाउँपालिका

## गाउँपालिकाको कार्यालय

### फूलखर्क, धादिङ बागमती प्रदेश, नेपाल



# शुभकामना मन्तव्य

गङ्गाजमुना गाउँपालिकाले स्थानीय स्तरमा उपलब्ध श्रोत, साधन र सिपको अधिकतम उपयोग गरी जनतालाई दैनिक सेवा प्रवाह गर्दै सिमित श्रोत साधनको बावजुद पनि सबै वर्गलाई समेटेर गाउँपालिका वासीहरुको  आर्थिक, सामाजिक, शैक्षिक, साँस्कृतिक र सुशासनमा सक्षम बनाउदै जीवनस्तर सुधार ल्याउने योजना छनौट गरी कार्यान्वयन गर्दै आईरहेको छ।

“कृषि, पर्यटन र पूर्वाधार, समृद्व गङ्गाजमुनाको मूल आधार” भन्ने मूल नारालाई सार्थक तुल्याउन समानुपातिक विकासमा जोड दिईएको छ।यस गाउँपालिकाले गत आ.व.मा विशेष गरी गङ्गाजमुना गाउँपालिकाको सम्पूर्ण सार्वजनिक निकायहरुमा ईन्टरनेटको सुविधा पुऱ्याई सूचना प्रविधि मैत्री सेवा प्रवाह गरिएको, विकास निर्माणको कामहरु हुनु पूर्व उपभोक्ता समितिहरुलाई पूर्वाधार विकासमा सहजीकरण गर्न र काममा गुणस्तरीयता ल्याउन वडागत रुपमा उपभोक्ता समिति प्रशिक्षण कार्यक्रम गरिएको, गाउँपालिका स्तरीय गौरवका आयोजनाहरुलाई प्राथमिकता दिई आवश्यक बजेट विनियोजन गरिएको, सम्पूर्ण वडा-वडा स्तरमा सामाजिक सुरक्षा भत्ता विवरण कार्य सुरु गरिएको, राजश्वको दायरामा वृद्धि तथा डिजिटाईजेशन गरि नेपाल सरकार सुत्र राजश्व मोडुल पूर्ण रुपमा सञ्चालनमा ल्याइएको, निशुल्क दलित स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता, निशुल्क माटो जाँच परिक्षण तथा सचेतना कार्यक्रम, बाल विकास गुणस्तर सुधारको लागि मन्टेश्वरी तालिम सञ्चालन, स्थानीय पाठ्यक्रममा हाम्रो गङ्गाजमुना नामक पाठ्यक्रम लागु गरी माध्यमिक तह +२ सम्म निःशुल्क शिक्षा, भौतिक पूर्वाधार प्रयोगशाला स्थापना, गाउँपालिकाको सुरक्षालाई चस्तदुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशिल क्षेत्रहरुमा सि.सि.टि.भि. क्यामेरा जडान, पालिका स्तरीय गौरवका आयोजनाहरु (कृषिमा एक वडा एक पकेट क्षेत्र निर्माण, बुढाथुम- किचेत सम्मको सडक निर्माण, ग्रिन ट्रकिङ ट्रेल निर्माण, गणेश पर्वत संरक्षण क्षेत्र तथा राष्ट्रिय निकुञ्ज निर्माण, गङ्गाजमुना माई पर्यटन प्रवर्द्धन), प्लाष्टिक जन्य मदिरा लाई पूर्ण रुपमा गाउँपालिका क्षेत्रभित्र निषेध, ग्रामिण अस्पताल फूलखर्कमा स्वास्थ्य बीमा कार्यक्रमको प्रथम

सेवा विन्दु सञ्चालन, ग्रामिण आखाँ केन्द्र सञ्चालन, वन, विपद व्यवस्थापन र पर्यटन प्रवर्द्धन, सुशासन प्रवर्द्धन, खानेपानी, सिंचाई र अन्य भौतिक पूर्वाधार विकास तथा समग्र समतामुलक र समावेशी विकासको लागि सबै वर्ग र क्षेत्र समेटिने गरी विभिन्न नीति, योजना तथा कार्यक्रमहरुको लागि नीति, योजना तथा कार्यक्रमहरु तय गरिएको छ। गङ्गाजमुना गाउँपलिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम र वार्षिक बजेट समेटेर गङ्गाजमुना गाउँपालिकाको वार्षिक बजेट पुस्तिका प्रकाशन हुन लागेकोमा खुसी व्यक्त गरेको छु।

अन्त्यमा, वार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्ने क्रममा अहोरात्र खटिनु हुने सम्पुर्ण गाउँसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु र सम्पुर्ण गाउँबासीहरुलाई हार्दिक धन्यावाद दिन चाहान्छु र स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रभावकारी रुपमा कार्यन्वयनको पूर्ण रुपमा सफलताको कामना आगमी दिनहरुमा पनि निरन्तर सुझाव र पूर्ण सहयोगको अपेक्षा गर्दछु।

धन्यावाद !

**भक्त बहादुर लामा**

**अध्यक्ष**

# गङ्गाजमुना गाउँपालिका
## गाउँपालिकाको कार्यालय
### फूलखर्क, धादिङ बागमती प्रदेश, नेपाल



# शुभकामना मन्तव्य

गाउँपालिका भित्र रहेका समुदायको सामाजिक, आर्थिक शैक्षिक सुशासनका सवालमा स्थानीय तह जनतासंग नजिक रहेर कार्य गरिरहेको छ। यस गाउँपलिकाको आफ्नो आयश्रोत न्यून भएको अवस्थामा समेत जनचाहाना बमोजिम कार्य गर्नु पर्ने चुनौति हाम्रो सामु रहेपनि यस बजेटले केहि हदसम्म जनवाहनाको सम्बोधन हुने कुरामा विश्वस्त छु।

गङ्गाजमुना गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गरिरहँदा गाउँपालिकाले तयार गरेको आवधिक योजनाले निर्दिष्ट गरेका विषय वस्तुहरुलाई सार्थक बनाउने उद्देश्यले +२ सम्म निःशुल्क शिक्षामा जोडदिई शैक्षिक गुणस्तर कायम गर्ने, सुनौला हजार दिनका आमा तथा बच्चाको पोषण अवस्थामा सुधार ल्याउने, खानेपानीको सहज पहुँज पुऱ्याउने, फोहोरमैलाको उचित व्यवस्थापन गर्ने, कृषि तथा पशुपालन व्यवसायलाई स्वरोजगार बनाउदै उद्यमशिलता तर्फ नागरिकलाई आवद्ध गराई आर्थिक अवस्थामा सुधार ल्याउन गा.पा.का सडक स्तर उन्नति, गङ्गाजमुना माई स्थल पर्यटन पूर्वाधार विकास, गा.पा.का गौरवका योजना तय गरी कार्यान्वयमा जोड दिने जस्ता कार्यक्रमलाई समावेश गरी बजेट तर्जुमा गरी बजेट तर्जुमा गरि मुलतः नेपालको संविधान संघिय सरकार, प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, गङ्गाजमुना गाउँपलिकाको आर्थिक विधेयक २०८१, गङ्गाजमुना गाउँपलिकाको विनियोजित विधेयक २०८१ का सिद्धान्त र प्राथमिकता, स्थानीय सरकारद्वारा निर्मित ऐन, नियम, कानुन, कार्यविधि, मापदण्ड निर्देशन गाउँसभा र कार्यपालिकाका निर्णयहरु,गाउँपालिकाको स्वमुल्यांकनको आधार, दिगो विकास लक्ष्य, स्थानीय आम नागरिकको चासो र आवश्यकतालाई मुख्य आधार बनाई स्थानीय सरकारले गरेको कार्यानुभव, विभिन्न क्षेत्रका सरोकारवालहरुबाट प्राप्त महत्वपूर्ण सुझाव समेतलाई समेटि गाउँपालिका भित्रका नागरिकलाई स्वरोजगार बनाउन स्थानीय स्रोत, श्रम सिपको प्रयोग गरि विकास योजना संचालन गर्ने, अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पँजीगत खर्चको

अंश बढाउने, चालु खर्चमा मितव्ययीत ल्याउने, फजुल खर्च नियन्त्रण गर्ने जस्ता नीति अख्तियार गरिएको छ। योजना तथा कार्यक्रम छनौटमा साधन स्रोतको बाँडफाँड र विनियोजनमा देखिने दौहोरपनलाई न्युनिकरण गर्न, प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका विचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था भएको छ।

योजना तर्जुमाका विभिन्न चरणहरु पार गर्दै दोस्रो गाउँसभा तथा पाँचौ अधिवेशनबाट स्विकृत भएको आ.व. २०८१/०८२ को बजेट पुस्तिकाले विकासमा सरोकार राख्ने सबैलाई कार्यक्रमको बारेमा जानकारी प्राप्त हुनेछ। अन्त्यमा, यस बजेट निर्माणमा मलाई सहयोग गर्नु हुने सम्पुर्ण गाउँसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण कर्मचारी मित्रहरु, राजनैतिक दलका प्रतिनिधि, समाजसेवी, बुद्धिजिवि सबैमा आभार व्यक्त गर्दै कार्यान्वयनमा सफलता प्राप्त होस भन्ने शुभेच्छा सहित शुभकामना दिन चाहान्छु। साथै निरन्तर सुझाव र सहयोगको अपेक्षा गर्दछु।

**धन्यावाद !**

**रामेश्वर सिंखडा**
**उपाध्यक्ष**

# विषय-सूचि


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १) | गङ्गाजमुना गाउँपालिकाको परिचय | |
| २) | प्रशासन, योजना तथा अनुगमन शाखाका शाखा प्रमुखबाट सभा समक्ष प्रस्तुत आ.व. ०८०/०८१ मा भएका कार्यहरुको प्रगति समिक्षा | |
| ३) | गाउँपालिकाका अध्यक्ष ज्यू बाट गाउँ सभा समक्ष प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम | |
| ४) | गङ्गाजमुना गाउँपालिकाका उपाध्यक्ष ज्यू बाट गाउँ सभा समक्ष प्रस्तुत गर्नुभएको बजेट बक्तव्य | |
| ५) | गङ्गाजमुना गाउँपालिकाको विनियोजन ऐन, २०७८ | |
| ६) | आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत योजना तथा कार्यक्रमहरु | |
| ७) | गङ्गाजमुना गाउँपालिकाको आर्थिक विधेयक, २०८१ | |
| ८) | अन्य संघ संस्था अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरु | |

# गाउँपालिकाको विद्यमान अवस्था

## (Introduction of Rural Municipality)

### २.१ परिचय

गंगाजमुना गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको वागमती प्रदेश स्थित धादिङ जिल्लामा उत्तर पश्चिममा पर्दछ। जिल्लाको १३ वटा स्थानीय तह मध्ये यस गाउँपालिका जिल्लाको सदरमुकामदेखि ५४ कि.मि.को दुरीमा पर्दछ। संघीय शासन प्रणाली अनुसार स्थानीय तह पुनसंरचना प्रक्रियामा धादिङ जिल्लाको साविक रि, गुम्दी, फूलखर्क, बसेरी र बुढाथुम गरी ५ वटा गाउँ विकास समिति समायोजन भएर २०७३ सालमा यो गाँउपालिका स्थापना भएको हो। यस गाउँपालिकाको कुल क्षेत्रफल १४४.०९ वर्ग कि.मि. रहेको छ। यस परिच्छेदमा गाउँपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी र नामकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकासका सम्भावनाहरूलाई देहायबमोजिमका शीर्षकहरूमा व्याख्या गरिएको छ।

### २.२ भौगोलिक अवस्थिति

गंगाजमुना गाउँपालिका नेपालको मध्ये पहाडी क्षेत्रमा पर्दछ। भौगोगिक अवस्थितिका हिसाबले यो गाँउपालिका २८ ° १'०" उत्तरदेखि २८ ° १०'०" उत्तरी अक्षांश र ८४°४९'०" पूर्वदेखि ८५° १'०" पूर्वी देशान्तरमा फैलिएको छ। यस गाँउपालिकाको पूर्वमा खनियाबास गाउँपालिका, पश्चिममा गोरखा जिल्लाको आरुघाट गाउँपालिका, उत्तरमा रुविभ्याली गाउँपालिका र गोरखा जिल्ला र दक्षिणमा नेत्रावती तथा त्रिपुरासुन्दरी गाउँपालिका पर्दछ। भौगोलिक रूपमा मध्येपहाडी क्षेत्रदेखि हिमाली क्षेत्रसम्म फैलिएको यस गाउँपालिका जैविक, विविधता, प्राकृतिक स्रोत तथा पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण रहेको छ।

यस गाउँपालिकाको अधिकतम तापक्रम ४२ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ७.७ डिग्री सेल्सियस रहेको छ भने औसत बार्षिक वर्षा १०५० मि.मि. रहेको छ। नेपालको संविधान र संघीय शासन प्रणाली अनुसार स्थापित यस गंगाजमुना गाउँपालिकाको वडागत विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

*तालिका १:पुनसंरचित गाउँपालिकाको वडागत विवरण*

| वडा नं. | समावेश साविक गा.वि.स. वडा | वडाको क्षेत्रफल (वर्ग कि.मि.) | वडाको केन्द्र रहेको स्थान |
|---|---|---|---|
| १ | रि ४,५,७ र ९ | ३५.६० | ताजिम्राङ |
| २ | रि १-३,६ र ८ | १४.७७ | ताओल |
| ३ | गुम्दी १-५ | १३.३९ | गुम्दी |
| ४ | गुम्दी ६-९ | १२.५३ | सातदोबाटो |
| ५ | फुलखर्क १-९ | ३५.७१ | फुलखर्क |
| ६ | बसेरी १-९ | १६.६० | बसेरी |
| ७ | बुढाथुम १-९ | १५.४९ | बुढाथुम |
| | जम्मा | १४४.०९ | |

## २.३ ऐतिहासिक चिनारी तथा नामकरण

संघीय नेपालको बागमती प्रदेशमा पर्ने धादिङ जिल्लाको महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थल गंगाजमुना झरनाको नामबाट यस गाउँपालिकाको नामाकरण भएको हो । २०७३ सालमा नेपालको संघीय पुनसंरचनाको प्रक्रियामा साविककारि, गुम्दी, फूलखर्क, बसेरी र बुढाथुम गाउँ विकास समिति समायोजन गरी यस गंगाजमुना गाउँपालिका स्थापना भएको हो ।

## २.४ राजनीतिक अवस्थिति

गंगाजमुना गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको बागमती प्रदेश स्थित धादिङ जिल्लाको उत्तर पश्चिम क्षेत्रमा अवस्थित रहेको छ । कुल ७ वटा वडा रहेको यस गाउँपालिका जिल्लामा कायम भएका २ नगरपालिका ११ गाउँपालिका गरी १३ स्थानीय तह मध्ये एक गाउँपालिका हो । यो गाउँपालिका जिल्ला भित्रको संघीय प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ र प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएको प्रदेश “ख" मा पर्दछ ।

## २.५ धरातलीय अवस्था

धरातलीय हिसावले गंगाजमुना गाउँपालिका नेपालको मध्ये पहाडी क्षेत्रमा पर्दछ । यो गाउँपालिका सल्यानटार आँखुखोला देखी रुबी भ्यालीको उच्च भूभागसम्म फैलिएको छ । गाउँपालिकामा धेरै जसो भूभाग भिरालो रहेता पनि खेतीयोग्य फाँट र पाखो र वन क्षेत्र रहेको छ । नापी विभागको स्थलरूप नक्साअनुसार यस गाँउपालिकाको भू-धरातलमा ५ डिग्रीभन्दा कम भिरालोपना भएको २.५४ प्रतिशत, ५ देखि १५ डिग्रीसम्म भिरालोपना भएको ७.३७ प्रतिशत र १५ डिग्रीदेखि ३० डिग्रीसम्म भिरालो जमिन ५२.९८ प्रतिशत रहेको छ । ३० डिग्रीभन्दा बढी भिरालो जमिन करिब २९.६ प्रतिशत र ४५ डिग्रीभन्दा बढी भिरालो जमिन करिब ७.५१ प्रतिशत रहेको छ ।

*तालिका २: धरातलीय स्वरूप तथा भिरालोपना*

| क्र.सं. | भिरालोपना ( Slope) | क्षेत्रफल (व.कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | ५ डिग्रीसम्म | ३.६५ | २.५४ |
| २ | ५ डिग्री देखि १५ डिग्रीसम्म | १०.५९ | ७.३७ |
| ३ | १५ डिग्री देखि ३० डिग्रीसम्म | ७६.१ | ५२.९८ |
| ४ | ३० डिग्रीदेखि ४५ डिग्रीसम्म | ४२.५२ | २९.६० |
| ५ | ४५ डिग्रीभन्दा बढी | १०.७९ | ७.५१ |
| | जम्मा | १४३.६५ | १०० |

स्रोतःस्थलरूप नक्सा, नापी विभाग

## २.६ भू–उपयोग तथा प्राकृतिक सम्पदा

प्राकृतिक स्रोतका हिसाबले गंगाजमुना गाउँपालिकामा गंगाजमुना झरना, नेत्रावती नदी ९आँखुखोला०, आफल खोला, वगुवाखोला, कल्स्योङ्ग खोला, अँधेरी खोला, वन तथा जैविक विविधता क्षेत्र, वडा नं. ६ को बसेरी खेतको फाँट, बुढाथुम क्षेत्र,कृषि जमीन जस्ता प्राकृतिक स्रोत साधन रहेका छन् । सर्वे तथा नापी विभागको विवरण अनुसार यस गंगाजमुना गाउँपालिकाको भू–उपयोगको अवस्था हेर्दा खेती गरिएको क्षेत्रफल ४३.०६ प्रतिशत रहेकोछ भने वन तथा बुट्यान क्षेत्र २५.११ प्रतिशत र चट्टान तथा अन्य क्षेत्र २९.३३ प्रतिशत रहेको छ । गाउँपालिकाको भू–पयोगको विवरण देहायअनुसार रहेको छ ।

*तालिका ३: भूउपयोग क्षेत्रको विवरण*

| क्र.सं. | भू-उपयोग | क्षेत्रफल(हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती गरिएको जमिन | ६१८५ | ४३.०६ |
| २ | वनजंगलले ढाकेको जमिन | ३६०६.६ | २५.११ |
| ३ | खर्क तथा चरन क्षेत्र | २२.४ | ०.१६ |
| ४ | आवास क्षेत्र | २९१.० | २.०३ |
| ५ | चट्टान | ५.६९ | ०.०४ |
| ६ | बगर, नदी, खोला, ताल र पोखरी | ४०.७८ | ०.२८ |
| ७ | अन्य | ४२१२.२९ | २९.३३ |
| | जम्मा | १४३६३.७६ | १०० |




## २.७ साँस्कृतिक उत्कृष्टता

यस गाउँपालिकामा साँस्कृतिक हिसावले तामाङ जाती तथा समुदायको वाहुल्यता र क्षेत्री ब्राम्हण,गुरुङ्ग, मगर र दलित समुदायको मिश्रित बसोबास रहेको छ। फलस्वरूप मुख्य रूपमा तामाङ, खस वाह्मण भाषा तथा सँस्कृतिको समिश्रण तथा अनुपम संगम रहेको छ। धार्मिक रूपमा हिन्दु, बौद्ध र क्रिश्चियन धर्मालम्बीहरूको बाहुल्यता रहेको छ। यस गाउँपालिका क्षेत्रमा मनाइने हिन्दु धर्मालम्बीहरूको चाडपर्वहरूमा कृष्णष्टमी, तीज, जनैपूर्णिमा, दशै, तिहार, माघे सक्रान्ती, चैते दशैं आदि

रहेका छन् भने तामाङ समुदाय र बौद्ध धर्मालम्बीले ल्होसार, बुद्ध जयन्ती र क्रिश्चियन धर्मावलम्बीको क्रिसमस रहेका छन्। यस गाउँपालिका क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन्। भेषभूषाका रूपमा पुरुषहरूले मुख्य रूपमा दौरा सुरुबाल, पाइन्ट, शर्ट, टोपी तथा कोट र महिलाले गुन्यु चोली, लुङ्गी र पटुकी लगाउने गर्दछन्। गंगाजमुना माई, कालिकादेवी, मण्डली, चतुरथला माई, पशुपति मन्दिर, शिबालय मन्दिर, कालिका मन्दिर आदि यहाँका महत्त्वपूर्ण धार्मिक स्थलहरू हुन।

## २.८ विकासका उपलब्धि र सम्भावना

गंगाजमुना गाँउपालिका क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरू, आर्थिक अभ्यास र उपलब्ध मानवीय पूँजी तथा पूर्वाधार लगायतको अवस्थालाई हेर्ने हो भने यस गाँउपालिकामा विकासका प्रशस्त सम्भावनाहरूको आँकलन गर्न सकिन्छ। गाउँ विकासका सम्भावनाहरूलाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४: विकासको प्रमुख सम्भावनाहरू**

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | सम्भावना |
|---|---|---|
| १ | प्राकृतिक | ➢ समशितोष्ण तुलनात्मक चिसो र वसोबास योग्य हावापानी रहेको,<br>➢ धेरै जसो क्षेत्र पहाड र उच्च क्षेत्र रहेको,<br>➢ वन जंगल तथा जैविक विविधता क्षेत्र रहेको,<br>➢ वन, झाडी क्षेत्र र कृषि योग्य जमीनको संयोजन रहेको,<br>➢ आँखुखोला, गंगाजमुना झरना, आफल खोला, वगुवाखोला, कल्स्योङ्ग खोला, अँधेरी खोला, बुढी खोला जस्ता खोला नाला रहेको, |
| २ | आर्थिक | ➢ धान, मकै, गहुँ, खोदो, तेलहन, अमिलो जातको फलफूलको उत्पादन रहेको,<br>➢ गाईभैंसी, भेडा बाख्रा, कुखुरा हाँस जस्ता पशुपंक्षीजन्य उत्पादन क्षेत्र रहेको,<br>➢ नदी बेंसीका उर्वर भूमि र सिंचित क्षेत्र विस्तारित क्षेत्र रहेको,<br>➢ बैंक र सहकारीको सेवा उपलब्ध रहेको,<br>➢ गंगाजमुना, पारागाङ, पासाङ चोक, छ्याङछ्याङ कुना, पोखराडाँडा, कालिका देवी, मष्टमण्डली, गोरगाङ चोक, तिनसुरे डाँडा, चतुरथला माई १० वटा पर्यटकीय र धार्मिक क्षेत्र रहेको,<br>➢ सातदोबाटो, फूलर्खक, बसेरी र बुढाथुम लगायत ५ वटा स्थानीय बजार रहेको, |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | सम्भावना |
|---|---|---|
| ३. | सामाजिक | ➢ माध्यमिक तह सम्मको शिक्षा उपलब्ध रहेको,<br>➢ ५ वटा स्वास्थ्य संस्था र वर्थिङ्ग सेन्टर र निजी क्लिनिकबाट स्वास्थ्य सेवा प्रवाह भैरहेको,<br>➢ खुल्ला दिसामुक्त तथा पूर्ण सरसफाइ क्षेत्रको घोषणा भई सो को पालना भैरहेको<br>➢ पाइपद्वारा वितरण प्रणाली सहितको खानेपानीको सुविधा विस्तार भैरहेको,<br>➢ ११ स्थानहरूमा खेल मैदान उपलब्ध रहेको,<br>➢ स्थानीयस्तरमा युवा क्लव, बाल क्लब र संजालहरू स्थापन भई अभियान संचालन भई रहेको,<br>➢ हिन्दु, बौद्ध र क्रिस्चियन आधारित धार्मिक स्थल, चाडपर्व र कला र संस्कृतिको संयोजन रहेको । |
| ४. | भौतिक पूर्वाधार | ➢ गाउँपालिकाको केन्द्रसम्म कच्ची सडक संजालले जोडिएको र गाउँपालिका क्षेत्र भि २८० कि.मि. कच्ची सडक निर्माण भएको,<br>➢ गोरखाको आरुघाटमा बजार उपलब्ध रहेको,<br>➢ २ वटा प्रमुख सडक (धादिङवेशी-टोड्के-चरङ्गे-फूलखर्क, आरुघाट-सल्यानटार -फूलखर्क सडक निर्माण भई हिउँदमा यातायात संचालन रहेको,<br>➢ गाउँपालिकाको ७ वडा मध्ये ४, ५, ६ र ७ वडाका केन्द्रहरू कच्ची सडकले गाउँपालिकाको केन्द्र, जिल्ला र बजारसँग जोडिएको,<br>➢ गाउँपालिकामा बजार पूर्वाधारका पूर्वाधार विस्तार हुँदै रहेको,<br>➢ व्यवस्थित, सुरक्षित र एकीकृत वस्ती विकासलागि स्थान उपलब्ध रहेको,<br>➢ ४५ प्रतिशत घरधुरीमा विद्युत सेवा पहुँच पुगेको<br>➢ सुधारिएको र वैकल्पिक उर्जाको रूपमा एलपि ग्यास, विद्युत्, वायोग्यास तथा सोलारको उपयोगमा वृद्धि भइरहेको,<br>➢ गाउँपालिकाको सिमानामा ९ मेगावाटको आँखुखोला जलविद्युत आयोजना संचालनमा रहेको,<br>➢ मोवाइल, इन्टरनेट, गाउँपालिका र वडा तथा माध्यामिक तहको विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध रहेको,<br>➢ आँखुखोला लगायतका खोलानालाबाट ढुङ्गा, गिट्टी र बालुवा नदीजन्य सामग्री उपलब्ध रहेको, |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | सम्भावना |
|---|---|---|
| ५. | वन तथा वातावरण | ➢ गाउँपालिका क्षेत्रमा गंगाजमुना जस्तो धार्मिक र पर्यटकीय क्षेत्र रहेको<br>➢ ३० वटा सामुदायिक वन उपभोक्ता समूहबाट ६००० हेक्टर वन क्षेत्रको व्यवस्थापन भैरहेको,<br>➢ आँखुखोला आफल खोला, वगुवाखोला, कल्स्योङ्ग खोला, अँधेरी खोला, बुढी खोलाको जलाधार क्षेत्र रहको, |
| ६. | सुशासन तथा संस्थागत | ➢ संघीय संरचना बमोजिम संघीय सरकारबाट उपलब्ध संगठन संरचना र कर्मचारीको दरबन्दी तयार भएको,<br>➢ गाउँपालिकामा ९ वटा शाखा (१. प्रशासन, योजना तथा अनुगमन–६, २. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन–३, ३. सामाजिक तथा आर्थिक विकास–३, ४. शिक्षा, युवा तथा खेलकुद–१, ५. आर्थिक प्रशासन–१, ६. कृषि विकास शाखा-१, ७. पशुपंछि विकास शाखा-१, ८. स्वास्थ्य शाखा-१ ९. आन्तरिक लेखा परीक्षण इकाई गरी १८ वटा इकाई, ५ सेवा केन्द्र र ७ वटा वडा कार्यालय संचालन रहेको,<br>➢ विभिन्न समुदायमा आधारित संस्था, गैसस तथा विकास साझेदार संस्था उपस्थिति र सहभागिता उल्लेख्य रहेको। |

**राष्ट्रिय जनगणना, २०७८ को प्रतिवदन अनुसार विभिन्न तथ्याङ्कीय विवरणहरूः-**

**जनसंख्याको आकार र वितरणः-** जनसांख्यिक झलक

कुल जनसंख्याः- **१९,२६५**

| जनसांख्यिक झलक | | | | कुल जनसंख्या |
|---|---|---|---|---|
| पुरूष | | महिला | | |
| प्रतिशत | संख्या | प्रतिशत | संख्या | |
| ४८.३ ٪ | ९३०७ | ५१.७ ٪ | ९९५८ | १९२६५ |

लैङ्गिक अनुपातः- **९३.४६** पुरुष प्रति १०० महिला

जनघनत्वः- **१२६ प्रति वर्ग कि.मि.**

कूल परिवारहरूः- **५,२६४**

कूल साक्षरता दरः-**६७.८** %

पुरुष साक्षरता दरः- **७७.३ ٪**

महिला साक्षरता दरः- **५९.१ ٪**

## ५ वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या

| ५ वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या | | | | | | |
|---|---|---|---|---|---|---|
| उमेर समूह (वर्ष) | लिङ्ग | | | | कुल | |
| | पुरूष | | महिला | | | |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| ००-०४ | ३.९ ٪ | ७४२ | ३.२ ٪ | ६१७ | ७.१ ٪ | १३५९ |
| ०५-०९ | ३.८ ٪ | ७३० | ३.६ ٪ | ६८८ | ७.४٪ | १४१८ |
| १०-१४ | ४.४ ٪ | ८५६ | ४.१ ٪ | ७८४ | ८.५ ٪ | १६४० |
| १५-१९ | ४.७ ٪ | ९१२ | ४.७ ٪ | ९०५ | ९.४ ٪ | १८१७ |
| २०-२४ | ३.८ ٪ | ७२३ | ४.४ ٪ | ८४२ | ८.२ ٪ | १५६५ |
| २५-२९ | ३.६ ٪ | ६९० | ४.० ٪ | ७७० | ७.६ ٪ | १४६० |
| ३०-३४ | २.९ ٪ | ५५६ | ३.३ ٪ | ६३० | ६.२ ٪ | ११८६ |
| ३५-३९ | २.८ ٪ | ५४३ | ३.३ ٪ | ६४४ | ६.१ ٪ | ११८७ |
| ४०-४४ | २.५ ٪ | ४८० | ३.० ٪ | ५७७ | ५.५ ٪ | १०५७ |
| ४५-४९ | २.० ٪ | ३८० | २.७ ٪ | ५२४ | ४.७ ٪ | ९०४ |
| ५०-५४ | २.७ ٪ | ५२९ | ३.३ ٪ | ६३७ | ६ ٪ | ११६६ |
| ५५-५९ | २.४ ٪ | ४६४ | २.८ ٪ | ५३० | ५.२ ٪ | ९९४ |
| ६०-६४ | २.६ ٪ | ४९४ | २.६ ٪ | ४९३ | ५.२ ٪ | ९८७ |
| ६५-६९ | २.१ ٪ | ४०१ | २.३ ٪ | ४४३ | ४.४ ٪ | ८४४ |
| ७०-७४ | १.७ ٪ | ३२१ | १.९ ٪ | ३७१ | ३.६ ٪ | ६९२ |
| ७५-७९ | १.१ ٪ | २२० | १.२ ٪ | २३३ | २.३ ٪ | ४५३ |
| ८०-८४ | ०.८ ٪ | १६२ | ०.७ ٪ | १३९ | १.५ ٪ | ३०१ |
| ८५-८९ | ०.३ ٪ | ५५ | ०.३ ٪ | ६४ | ०.६ ٪ | ११९ |
| ९०-९४ | ०.२ ٪ | ३३ | ०.२ ٪ | ४४ | ०.४ ٪ | ७७ |
| ९५ भन्दा माथि | ०.१ ٪ | १६ | ०.१ ٪ | २३ | ०.२ ٪ | ३९ |




## वडागत रूपमा जनसंख्याको वितरण

| वडा नं. | जनसंख्याको वितरण | | वडागत रूपमा कुल जनसंख्या |
|---|---|---|---|
| | पुरूष | महिला | |
| १ | १२१६ | १२२० | २४३६ |
| २ | १२७८ | १३२९ | २६०७ |
| ३ | ९४६ | १०२४ | १९७० |
| ४ | १०११ | ११०३ | २११४ |
| ५ | १७९६ | १९४४ | ३७४० |
| ६ | १६११ | १६४४ | ३२५५ |
| ७ | १४४९ | १६९४ | ३१४३ |



### वैवाहिक स्थिति

| वैवाहिक स्थिति | पुरूष ( ७८३५ ) | | महिला (८६५३) | | कुल प्रतिशत | कुल संख्या (१६४८८) |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| अविवाहित | ३३.४ ٪ | २६१७ | २३.८ ٪ | २०५९ | २८.४ ٪ | ४६७६ |
| विवाहित | ६१.६ ٪ | ४८२६ | ६५.१ ٪ | ५६३३ | ६३.४ ٪ | १०४५९ |
| एकल (विधुर/विधवा) | ४.१ ٪ | ३२१ | ९.९ ٪ | ८५७ | ७.२ ٪ | ११७८ |
| पारपाचुके | ०.२ ٪ | १६ | ०.३ ٪ | २६ | ०.३ ٪ | ४२ |
| छुट्टिएको | ०.७ ٪ | ५५ | ०.९ ٪ | ७८ | ०.८ ٪ | १३३ |




### पहिलोपटक विवाह गर्दाको उमेर

| पहिलो पटक विवाह गर्दाको उमेर | | | | |
|---|---|---|---|---|
| उमेर समूह (वर्ष) | लिङ्ग | | | |
| | पुरूष(५२१५) | | महिला (६५९२) | |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १० वर्ष भन्दा कम | ०.२ ٪ | १२ | १ ٪ | ६६ |
| १०-१४ | ३.६ ٪ | १८८ | १०.५ ٪ | ६९५ |
| १५-१७ | १५.२ ٪ | ७९५ | ३०.७ ٪ | २०२७ |
| १८-२० | ३४.१٪ | १७८० | ३५.७ ٪ | २३५६ |
| २०-२४ | २६.९ ٪ | १४०२ | १५.७ ٪ | १०३४ |

| पहिलो पटक विवाह गर्दाको उमेर | | | | |
|---|---|---|---|---|
| उमेर समूह (वर्ष) | लिङ्ग | | | |
| | पुरूष(५२१५) | | महिला (६५९२) | |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| २५-२९ | १४.४ ٪ | ७५० | ४.६ ٪ | ३०५ |
| ३०-३४ | ३.९ ٪ | २०२ | १ ٪ | ६६ |
| ३५-३९ | १.०९ ٪ | ५७ | ०.३ ٪ | २० |
| ४०-४४ | ०.३ ٪ | १७ | ०.१ ٪ | ७ |
| ४५-४९ | ०.२ ٪ | ८ | ०.०३ ٪ | २ |
| ५० वर्षभन्दा माथि | ०.१ ٪ | ३ | ०.०३ ٪ | २ |




**अपाङ्गता**

अपाङ्गताका भएका जनसंख्याको प्रतिशत:- **४.६** %

अपाङ्गताका भएका महिलाहरूको प्रतिशत:- **४.४** %

अपाङ्गताका भएका पुरुषहरूको प्रतिशत:- **४.८** %

**अपाङ्गताको प्रकार अनुसार जनसंख्या**

| अपाङ्गताको प्रकार | पुरूष ( ४४० ) | | महिला (४३६) | | कुल प्रतिशत | कुल संख्या (८७६) |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| शारीरिक अपाङ्गता | २४.८ ٪ | १०९ | २०.२ ٪ | ८८ | २२.५ ٪ | १९७ |
| न्यून दृष्टियुक्त | २१.१ ٪ | ९३ | ३३.० ٪ | १४४ | २७.१ ٪ | २३७ |
| दृष्टिविहीन | २.० ٪ | ९ | ३.९ ٪ | १७ | ३.० ٪ | २६ |
| बहिरोपन | १०.९ ٪ | ४८ | ८.३ ٪ | ३६ | ९.६ ٪ | ८४ |
| मनोसामाजिक अपाङ्गता | २.७ ٪ | १२ | २.८ ٪ | १२ | २.७ ٪ | २४ |
| न्यून श्रवणशक्ति | १३.० ٪ | ५७ | १४.४ ٪ | ६३ | १३.७ ٪ | १२० |
| बहिरोपन एवंदृष्टिविहीन | ५.० ٪ | २२ | ३.९ ٪ | १७ | ४.५ ٪ | ३९ |
| मानसिक वा मनोसामाजिक | ५.९ ٪ | २६ | ४.६ ٪ | २० | ५.३ ٪ | ४६ |
| बौद्धिक अपाङ्गता | १.८ ٪ | ८ | १.४ ٪ | ६ | १.६ ٪ | १४ |
| अनुवंशीय रक्तश्राव(हेमोफेलिया) | ०.५ ٪ | २ | ०.०० ٪ | ० | ०.२ ٪ | २ |
| अटिजम् | ०.७ ٪ | ३ | १.१ ٪ | ५ | ०.९ ٪ | ८ |
| बहुअपाङ्गता | ११.६ ٪ | ५१ | ६.४ ٪ | २८ | ९.० ٪ | ७९ |



**जन्म दर्ता**जन्म दर्ता

जन्मदर्ता भएको:- ६०.५٪ ( १६७० मध्ये १०११ )

जन्मदर्ता नभएको:-३९.५٪ (१६७० मध्ये ६५९ )




## बसोबासको अवस्था

बालबालिकाको बसोबासको अवस्था

| बालबालिकाको बसोबासको अवस्था | पुरूष ( २८५७ ) | | महिला (२६४०) | | कुल प्रतिशत | कुल संख्या ( ५४९७ ) |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| आमा र बाबु | ७६.९ ٪ | २१९७ | ७३.९ ٪ | १९५१ | ७५.४ ٪ | ४१४८ |
| आमा मात्र | १८.३ ٪ | ५२२ | १९.८ ٪ | ५२३ | १९.० ٪ | १०४५ |
| बाबु मात्र | १.५ ٪ | ४३ | १.१ ٪ | ३० | १.३ ٪ | ७३ |
| बाबु र सौतेनी आमा | ०.४ ٪ | ११ | ०.५ ٪ | १३ | ०.४ ٪ | २४ |
| आमा र सौतेनी बाबु | ०.१ ٪ | ३ | ०.२ ٪ | ५ | ०.१ ٪ | ८ |
| अन्य नातेदार | २.८ ٪ | ८० | ४.४ ٪ | ११५ | ३.५ ٪ | १९५ |
| रोजगारदाता | ०.०० ٪ | ० | ०.०० ٪ | ० | ०.०० ٪ | ० |
| अन्य | ०.०४ ٪ | १ | ०.१ ٪ | ३ | ०.१ ٪ | ४ |
| उल्लेख नभएको | ०.०० ٪ | ० | ०.०० ٪ | ० | ०.०० ٪ | ० |



**अन्य:-**

## लिङ्ग र उमेर समूहअनुसार परिवारमूलीको संख्या

| लिङ्ग र उमेर समूहअनुसार परिवारमूलीको संख्या ( जम्मा घर परिवार संख्या ५२६४ मध्ये ) | | | | |
|---|---|---|---|---|
| उमेर समूह (वर्ष) | लिङ्ग | | | |
| | पुरूष घरमूली भएको संख्या | | महिला घरमूली भएको संख्या | |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १४ मुनि | ०.०४ ٪ | २ | ०.१ ٪ | ३ |
| १५-१९ | ०.२ ٪ | ८ | ०.२ ٪ | ९ |
| २०-२९ | ४ ٪ | २०९ | ३.८ ٪ | १९८ |
| ३०-३९ | ११ ٪ | ५७७ | ६.९ ٪ | ३६४ |
| ४०-४९ | ११.८ ٪ | ६२२ | ५.९ ٪ | ३१२ |
| ५०-५९ | १५.१ ٪ | ७९५ | ५.८ ٪ | ३०३ |
| ६०-६९ | १४.३ ٪ | ७५१ | ४.९ ٪ | २५७ |
| ७० माथि | ११.३ ٪ | ५९३ | ५ | २६१ |




**शिक्षा सम्बन्धी:-**

कूल साक्षरता दर:- **६७.८** %

पुरुष साक्षरता दर:- **७७.३** %

महिला साक्षरता दर:- **५९.१** %

५ वर्ष वा सोभन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसारको जनसंख्या

| ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था | पुरूष ( ८५६५) | | महिला (९३४१) | | कुल प्रतिशत | कुल संख्या (१७९०६) |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| पढ्न र लेख्न दुवैजानेको | ७७.३ ٪ | ६६२१ | ५९.१ ٪ | ५५२१ | ६७.८ ٪ | १२१४२ |
| पढ्न मात्र जानेका | ०.३ ٪ | २५ | ०.३ ٪ | २८ | ०.३ ٪ | ५३ |
| पढ्न र लेख्न दुवैनजानेको | २२.४ ٪ | १९१९ | ४०.६ ٪ | ३७९२ | ३१.९ ٪ | ५७११ |




**५ वर्ष वा सोभन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक तह अनुसारको जनसंख्या**

| ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक तह अनुसारको जनसंख्या (१२१०४ ) | | |
|---|---|---|
| **शैक्षिक तह** | **प्रतिशत** | **संख्या** |
| पूर्व बालविकास | ३.१ ٪ | ३७० |
| प्राथामिक तह | ३२.० ٪ | ३८६९ |
| निम्न माध्यमिक तह | २१.१ ٪ | २५५३ |
| उच्च माध्यमिक तह | १५.५ ٪ | १८७१ |
| एस.एल.सी. | ७.४ ٪ | ८९४ |
| प्रविणता | १३.५ ٪ | १६३४ |
| स्नातक | २.२ ٪ | २६६ |
| स्नातकोत्तर सरह वा सो भन्दा बढी | १.१ ٪ | १३३ |




**५ देखि २५ वर्षसम्म एस.एल.सी./एस.ई.ई. तहभन्दा मुनिको शैक्षिक तह उत्तीर्ण गरेको शैक्षिक तहअनुसार जनसंख्या**

| ५ देखि २५ वर्षसम्म एस.एल.सी./एस.ई.ई. तहभन्दा मुनिको शैक्षिक तह उत्तीर्ण अवस्था | पुरूष ( २५४१) | | महिला (२४६९) | | कुल प्रतिशत | कुल संख्या (५०१०) |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| हाल अध्ययनरत | ७८.६ ٪ | १९९६ | ७४.० ٪ | १८२६ | ७६.३ ٪ | ३८२२ |
| कम्तीमा एकपटकविद्यालय गएको | १९.३ ٪ | ४९० | २२.३ ٪ | ५५१ | २०.८ ٪ | १०४१ |
| कहिले पनि विद्यालयनगएको | २.१ ٪ | ५४ | ३.७ ٪ | ९१ | २.९ ٪ | १४५ |
| उल्लेख नभएको | ०.०४ ٪ | १ | ०.०४ ٪ | १ | ०.०४ ٪ | २ |



## १० जोड २ वा सोसरह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्रअनुसारको जनसंख्या

| १० जोड २ वा सोसरह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्र | पुरूष ( १०३२) | | महिला (१००१) | | कुल प्रतिशत | कुल संख्या (२०३३) |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| मानविकी तथा सामाजिक शास्त्र | १०.२ ٪ | १०५ | ७.२ ٪ | ७२ | ८.७ ٪ | १७७ |
| व्यवस्थापन | २२.८ ٪ | २३५ | १७.० ٪ | १७० | १९.९ ٪ | ४०५ |
| शिक्षा | ४५.२ ٪ | ४६६ | ५९.८ ٪ | ५९९ | ५२.४ ٪ | १०६५ |
| विज्ञान तथा प्रविधि | ३.३ ٪ | ३४ | २.३ ٪ | २३ | २.८ ٪ | ५७ |
| स्वास्थ्य/चिकित्साशास्त्र | २.४ ٪ | २५ | ४.२ ٪ | ४२ | ३.३ ٪ | ६७ |
| इन्जिनियरिङ्ग | २.० ٪ | २१ | ०.१ ٪ | १ | १.०८ ٪ | २२ |
| कानुन | ०.९ ٪ | ९ | ०.०० ٪ | ० | ०.४ ٪ | ९ |
| कृषि | ३.० ٪ | ३१ | २.६ ٪ | २६ | २.८ ٪ | ५७ |
| वन | ०.१ ٪ | १ | ०.०० ٪ | ० | ०.०५ ٪ | १ |
| पशुविज्ञान/पशुचिकित्सा/मत्स्यपालन | ०.१ ٪ | १ | ०.०० ٪ | ० | ०.०५ ٪ | १ |
| कम्प्युटर/सूचनाप्रविधि | १.५ ٪ | १५ | ०.३ ٪ | ३ | ०.९ ٪ | १८ |
| अन्य | ३.९ ٪ | ४० | २.४ ٪ | २४ | ३.१ ٪ | ६४ |




## हालसम्म जीवित जन्मेका, अझै जीवित रहेका र मृत्यु भएका बच्चाको संख्या

| प्रजनन् सम्बन्धी विवरण | पुरूष | महिला | कुल संख्या |
|---|---|---|---|
| कुल जन्म भएका बच्चा | ३८१८ | ३५७३ | ७४७१ |
| हाल सम्म जीवित बच्चा | ३६८५ | ३४३८ | ७१२३ |
| मृत्यु भएका बच्चा | २१३ | १३५ | ३४८ |



## कम्तीमा एक पटक विवाह गरेका १५ देखि ४९ वर्ष उमेर समूहका महिलाले हालसम्म जीवित जन्माएका बच्चाहरूको संख्याअनुसार महिलाको जनसंख्या

| उमेर समूह | कम्तीमा एक पटक विवाह गरेका १५ देखि ४९ वर्ष उमेर समूहका महिलाले हालसम्म जीवित जन्माएका बच्चाहरूको संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुनै बच्चा छैन | | एउटा बच्चा | | दुईवटा बच्चा | | तीनवटा बच्चा | | ४ भन्दा बढी बच्चा | |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १५-१९(१४८) | ५२.७ ٪ | ७८ | ४५.९ ٪ | ६८ | १.४ ٪ | २ | ० | ० | ० | ० |
| २०-२४(५२२) | २६.४ ٪ | १३८ | ५२.३ ٪ | २७३ | १९ ٪ | ९९ | १.३ ٪ | ६ | १ | ५ |
| २५-२९(६९२) | ११.७ ٪ | ८१ | ३८.२ ٪ | २६४ | ४०.६ ٪ | २८१ | ७.९ ٪ | ५५ | १.६ ٪ | ११ |
| ३०-३४(६००) | ७.३ ٪ | ४४ | १६ ٪ | ९६ | ४८.२ ٪ | २८९ | २१.३ ٪ | १२८ | ७.२ ٪ | ४३ |
| ३५-३९ (६२२) | ५ ٪ | ३१ | ७.९ ٪ | ४९ | ३८.६ ٪ | २४० | ३२.८ ٪ | २०४ | १५.८ ٪ | ९८ |
| ४०-४४(५५९) | ६.८ ٪ | ३८ | ८.८ ٪ | ४९ | ३१.८ ٪ | १७८ | २९.७ ٪ | १६६ | २२.९ ٪ | १२८ |
| ४५-४९(५१८) | ११ ٪ | ५७ | ७.५ ٪ | ३९ | २०.७ ٪ | १०७ | २३.६ ٪ | १२२ | ३७.३ ٪ | १९३ |




## आमाको उमेर अनुसार हालसम्म जीवित जन्मेका बच्चाको लिङ्ग अनुसारको संख्या

| उमेर समूह | आमाको उमेर अनुसार हालसम्म जीवित जन्मेका बच्चाको लिङ्ग अनुसारको संख्या (७४७१) | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरूष | | महिला | | कुल | |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १५-१९ | ०.६ ٪ | ४४ | ०.४ ٪ | २८ | १ ٪ | ७२ |
| २०-२४ | ३.७ ٪ | २७३ | ३.२ ٪ | २४० | ६.९٪ | ५१३ |
| २५-२९ | ७.७ ٪ | ५७४ | ६.२ ٪ | ४६४ | १३.९ ٪ | १०३८ |
| ३०-३४ | ८.६ ٪ | ६४१ | ८.१ ٪ | ६०८ | १६.७ ٪ | १२४९ |
| ३५-३९ | १०.९ ٪ | ८१२ | १० ٪ | ७४९ | २०.९ ٪ | १५६१ |
| ४०-४४ | १०.१ ٪ | ७५१ | ९.८ ٪ | ७३१ | १९.९ ٪ | १४८२ |
| ४५-४९ | १०.७ ٪ | ८०३ | १०.१ ٪ | ७५३ | २०.८ ٪ | १५५६ |




**आमाको उमेर अनुसार गणनाको समय अघिको १२ महिनामा जीवित जन्माएका बच्चाहरूको संख्या**

| उमेर समूह | आमाको उमेर अनुसार गणनाको समय अघिको १२ महिनामा जीवित जन्माएका बच्चाहरूको संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | कुनै बच्चा छैन | | एउटा बच्चा | | दुईवटा बच्चा | |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १५-१९(१४८) | ८२.४ % | १२२ | १७.६ % | २६ | ० | ० |
| २०-२४(५२२) | ८३.५ % | ४३६ | १६.५ % | ८६ | ० | ० |
| २५-२९(६९२) | ८९.९ % | ६२२ | १० % | ६९ | ०.१ % | १ |
| ३०-३४(६००) | ९२.७ % | ५५६ | ७.३ % | ४४ | ० | ० |
| ३५-३९ (६२२) | ९७.७ % | ६०८ | २.३ % | ४ | ० | ० |
| ४०-४४(५५९) | ९९.३ % | ५५५ | ०.७ % | ४ | ० | ० |
| ४५-४९(५१८) | ९९.४ % | ५१५ | ०.६ % | ३ | ० | ० |




### आमाको उमेर अनुसार गणनाको समय अघिको १२ महिनामा जीवित जन्माएका बच्चाहरूको लिंग अनुसारको संख्या

| उमेर समूह | आमाको उमेर अनुसार गणनाको समय अघिको १२ महिनामा जीवित जन्माएका बच्चाहरूको लिंग अनुसारको संख्या (२४८) | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरूष | | महिला | | कुल | |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १५-१९ | ४.४ ٪ | ११ | ६ ٪ | १५ | १०.४ ٪ | २६ |
| २०-२४ | १६.१ ٪ | ४० | १८.५ ٪ | ४६ | ३४.६ ٪ | ८६ |
| २५-२९ | १४.५ ٪ | ३६ | १४.१ ٪ | ३५ | २८.६ ٪ | ७१ |
| ३०-३४ | १०.५ ٪ | २६ | ७.३ ٪ | १८ | १७.८ ٪ | ४४ |
| ३५-३९ | २.४ ٪ | ६ | ३.२ ٪ | ८ | ५.६ ٪ | १४ |
| ४०-४४ | ०.४ ٪ | १ | १.२ ٪ | ३ | ३.४ ٪ | ४ |
| ४५-४९ | १.२ ٪ | ३ | ० | ० | १.२ ٪ | ३ |




**जन्मस्थान अनुसारको जनसंख्या**

| जन्मस्थान | जनसंख्या | कैफियत |
|---|---|---|
| यही गाउँपालिका भित्र | १७,६१६ | देश भित्र जन्म भएको संख्या:- १९,२३२ |
| धादिङ जिल्ला भित्र ( यस गाउँपालिका भित्र ) | ६९० | |
| धादिङ जिल्ला बाहिर ( नेपाल भित्र ) | ९२६ | |
| विदेशमा | ३२ | |
| उल्लेख नभएको | १ | |



## विदेशमा जन्मिएका व्यक्तिको जन्म भएको देश/क्षेत्र अनुसारको जनसंख्या

| जन्म भएको देश/महादेश | जनसंख्या (३२ जना मध्ये ) | |
|---|---|---|
| | प्रतिशत | संख्या |
| भारत | ९६.९ % | ३१ |
| SAARC राष्ट्रहरू(भारत बाहेक) | ०.००% | |
| एशियाली राष्ट्रहरू | ३.१% | १ |
| मध्यपूर्वी राष्ट्रहरू | ०.००% | |
| अन्य एशियालीराष्ट्रहरू | ०.००% | |
| यूरोपेली यूनियनकोराष्ट्र | ०.००% | |
| अन्य यूरोपेलीराष्ट्र | ०.००% | |
| उत्तर अमेरिकीराष्ट्रहरू (संयुक्तराज्य अमेरिकार क्यानडा) | ०.००% | |
| दक्षिण अमेरिकीराष्ट्र/क्यारेबियन राष्ट्र | ०.००% | |
| अफ्रिकी राष्ट्र | ०.००% | |
| प्रशान्त महासागरियराष्ट्र | ०.००% | |
| अन्य | ०.००% | |
| उल्लेख नभएको | ०.००% | |



### बसाईसराई गरेका व्यक्तिको यसअघि बसोबास गरेको स्थान अनुसारको जनसंख्या

| बसाईसराई गरेका व्यक्तिको यसअघि बसोबास गरेको स्थान | जनसंख्या | | | | कुल जनसंख्या | |
|---|---|---|---|---|---|---|
| | पुरूष | | महिला | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| यही गाउँपालिका भित्र | ९७.४% | ९०६८ | ८४.५% | ८४११ | ९०.७% | १७४७९ |
| धादिङ जिल्ला भित्र ( यस गाउँपालिका भित्र ) | ०.५% | ४६ | ६.७ % | ६६५ | ३.७% | ७११ |
| धादिङ जिल्ला बाहिर ( नेपाल भित्र ) | १.०५% | ९८ | ८.६% | ८५५ | ४.९% | ९५३ |
| विदेशमा | १.०२% | ९५ | ०.३% | २७ | ०.६% | १२२ |




### प्रमुख दश जातजाति अनुसार जनसंख्या

| जातजाति | जनसंख्या | | | | कुल जनसंख्या | |
|---|---|---|---|---|---|---|
| | पुरूष | | महिला | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| **तामाङ** | २७.९ % | २५९८ | २६.७ % | २६५७ | २७.३ % | ५२५५ |
| **क्षेत्री** | १८.९ % | १७५६ | १९.२ % | १९१२ | १९ % | ३६६८ |
| **गुरूङ** | १७.१ % | १५११ | १७.४ % | १७३५ | १७.३ % | ३३२६ |
| **घले** | ११.५ % | १०६६ | ११.७ % | ११६१ | ११.६ % | २२२७ |
| **विश्वकर्मा** | ५.३ % | ४९२ | ५.४ % | ५४० | ५.३ % | १०२६ |
| **ब्राह्मण - पहाड** | ५.२ % | ४८६ | ४.९ % | ४९२ | ५.१ % | ९८४ |
| **नेवाः (नेवार)** | ४.६ % | ४२७ | ४.७ % | ४६६ | ४.६ % | ८९३ |
| **मगर** | ३.६ % | ३३९ | ४.१ % | ४१० | ३.९ % | ७४९ |
| **मिजार** | ३ % | २८० | ३.३ % | ३२५ | ३.१ % | ६०५ |
| **परियार** | १.७ % | १५८ | १.६ % | १६३ | १.७ % | ३२१ |




## प्रमुख दश धर्म अनुसार जनसंख्या

| धर्महरू | जनसंख्या(१९२६५) | | | | कुल जनसंख्या | |
|---|---|---|---|---|---|---|
| | पुरूष(९३०७) | | महिला(९९५८) | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| **हिन्दु** | ४८.१ ⁒ | ४४८१ | ४९.० ⁒ | ४८७७ | ४८.६ ⁒ | ९३५८ |
| बौद्ध | ३३.६ ⁒ | ३१२४ | ३३.४ ⁒ | ३३२९ | ३३.५ ⁒ | ६४५३ |
| इस्लाम | ०.०२ ⁒ | २ | ०.०२ ⁒ | २ | ०.०२ ⁒ | ४ |
| किरात | ०.०० ⁒ | ० | ०.०० ⁒ | ० | ०.०० ⁒ | ० |
| क्रिश्चियन | १८.२ ⁒ | १६९२ | १७.५ ⁒ | १७४४ | १७.८ ⁒ | ३४३६ |
| प्रकृति | ०.०० ⁒ | ० | ०.०० ⁒ | ० | ०.०० ⁒ | ० |
| बोन | ०.१ ⁒ | ८ | ०.१ ⁒ | ६ | ०.१ ⁒ | १४ |
| जैन | ०.०० ⁒ | ० | ०.०० ⁒ | ० | ०.०० ⁒ | ० |
| बहाई | ०.०० ⁒ | ० | ०.०० ⁒ | ० | ०.०० ⁒ | ० |
| सिख | ०.०० ⁒ | ० | ०.०० ⁒ | ० | ०.०० ⁒ | ० |




## प्रमुख दश मातृभाषा अनुसार जनसंख्या

| मातृभाषा | जनसंख्या | | | | कुल जनसंख्या | |
|---|---|---|---|---|---|---|
| | पुरूष(९३०७) | | महिला(९९५८) | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| नेपाली | ४५.९ ٪ | ४२७२ | ४६.८ ٪ | ४६६१ | ४६.४ ٪ | ८९३४ |
| तामाङ | २७.८ ٪ | २५८७ | २६.६ ٪ | २६४५ | २७.२ ٪ | ५२३२ |
| गुरूङ | १४.४ ٪ | १३४० | १४.७ ٪ | १४६२ | १४.५ ٪ | २८०० |
| घले | १०.५ ٪ | ९७७ | १०.६ ٪ | १०६० | १०.६ ٪ | २०४१ |
| नेपाल भाषा (नेवारी) | १.०४ ٪ | ९७ | १.०३ ٪ | १०३ | १.०४ ٪ | २०० |
| मगर ढुट | ०.२ ٪ | १९ | ०.२ ٪ | २० | ०.२ ٪ | ३८.५ |
| अन्य | ०.१ ٪ | ९ | ०.०५ ٪ | ५ | ०.१ ٪ | १९ |



## प्रमुख दश पूर्खाको भाषा अनुसार जनसंख्या

| प्रमुख दश पूर्खाको भाषा | जनसंख्या | | | | कुल जनसंख्या | |
|---|---|---|---|---|---|---|
| | पुरूष(९३०७) | | महिला(९९५८) | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| नेपाली | ३७.५ ٪ | ३४९० | ३७.८ ٪ | ३७६७ | ३७.७ ٪ | ७२५७ |
| तामाङ | २८ ٪ | २६०२ | २६.७ ٪ | २६५८ | २७.३ ٪ | ५२६० |
| गुरूङ | १५.८ ٪ | १४७२ | १६ ٪ | १५९८ | १५.९ ٪ | ३०७० |
| घले | ११.३ ٪ | १०४८ | ११.४ ٪ | ११३७ | ११.३ ٪ | २१८५ |
| नेपाल भाषा (नेवारी) | ३.९ ٪ | ३६२ | ३.९ ٪ | ३९३ | ३.९ ٪ | ७५५ |
| मगर ढुट | २.८ ٪ | २५९ | ३.४ ٪ | ३३९ | ३.१ ٪ | ५९८ |
| संस्कृत | ०.३ ٪ | २९ | ०.३ ٪ | २८ | ०.३ ٪ | ५७ |
| राई | ०.३ ٪ | २७ | ०.२ ٪ | २४ | ०.३ ٪ | ५१ |
| अन्य | ०.२ ٪ | १८ | ०.१ ٪ | १४ | ०.२ ٪ | ३२ |




## प्रमुख दश दोस्रो भाषा अनुसार जनसंख्या

| प्रमुख दश दोर्सो भाषा | जनसंख्या | | | | कुल जनसंख्या | |
|---|---|---|---|---|---|---|
| | पुरूष(९३०७) | | महिला(९९५८) | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| नेपाली | ४९.९ ٪ | ४६४४ | ४८.६ ٪ | ४८३९ | ४८.९ ٪ | ९४८३ |
| दोर्सो भाषा नभएको | ४६.७ ٪ | ४३४५ | ४८ ٪ | ४७८० | ४७.७ ٪ | ९१२५ |
| तामाङ | २.८ ٪ | २६० | २.९ ٪ | २८९ | २.९ ٪ | ५४९ |
| अंग्रेजी | ०.२ ٪ | १८ | ०.१ ٪ | १० | ०.१ ٪ | २८ |
| अन्य | ०.१ ٪ | ९ | ०.१ ٪ | १० | ०.१ ٪ | १९ |

| प्रमुख दश दोर्सो भाषा | जनसंख्या | | | | कुल जनसंख्या | |
|---|---|---|---|---|---|---|
| | पुरूष(९३०७) | | महिला(९९५८) | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| **मैथिली** | ०.१ ٪ | ९ | ०.१ ٪ | १० | ०.१ ٪ | १९ |
| **नेपाल भाषा (नेवारी)** | ०.१ ٪ | ९ | ०.१ ٪ | १० | ०.१ ٪ | १९ |
| **अवधी** | ०.१ ٪ | ९ | ०.०५ ٪ | ५ | ०.१ ٪ | १४ |
| **हिन्दी** | ०.०५ ٪ | ४ | ०.०५ ٪ | ५ | ०.१ ٪ | ९ |




**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म आर्थिक काम गरेको अवधि (महिना) अनुसारको जनसंख्या**

| समयावधि | जनसंख्या | | | | कुल जनसंख्या | |
|---|---|---|---|---|---|---|
| | पुरूष | | महिला | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| ३ महिनाभन्दा कम | १०.० ٪ | ७८४ | १२.३ ٪ | १०६६ | ११.२ ٪ | १८५० |
| ३ महिना वा सोभन्दाब ढी तर ६ महिनाभन्दाकम | २७.१ ٪ | २१२३ | २७.९ ٪ | २४१४ | २७.५ ٪ | ४५३७ |
| ६ महिना वा सोभन्दावढी | ३३.५ ٪ | २६२७ | २६.० ٪ | २२५० | २९.६ ٪ | ४८७७ |
| कुनै पनि आर्थिक काम नगरेका | २९.४ ٪ | २३०१ | ३३.८ ٪ | २९२३ | ३१.७ ٪ | ५२२४ |




**१० वर्ष र सोभन्दा माथिका व्यक्तिको आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या**

| आर्थिक रूपमा संलग्नता (१६,४८८ ) | प्रतिशत | संख्या |
|---|---|---|
| आर्थिक रूपमा सक्रिय | ७१.८% | ११,८४१ |
| आर्थिक रूपमा निस्क्रिय | २८.१% | ४६२८ |
| उल्लेख नभएको | ०.० % | ० |



### १० वर्ष र सोभन्दा माथिका आर्थिक रूपमा सक्रिय रहेका व्यक्तिहरूको आर्थिक क्रियाकलापमा सक्रियताको अवस्था अनुसारको जनसंख्या

| आर्थिक क्रियाकलापमा सक्रियताको अवस्था | जनसंख्या | | | | कुल जनसंख्या | |
|---|---|---|---|---|---|---|
| | पुरूष | | महिला | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| प्राय सक्रिय रहेको रोजगारी | ६२.१ ٪ | ३६२१ | ४९.५ ٪ | २९७३ | ५५.७ ٪ | ६५९४ |
| प्राय सक्रिय नरहेको रोजगारी | ३७.९ ٪ | २२०९ | ५०.५ ٪ | ३०३८ | ४४.३ ٪ | ५२४७ |




### १० वर्ष र सोभन्दा माथिका अक्सर आर्थिक रूपमा सक्रिय व्यक्तिहरूको रोजगारीको अवस्था अनुसारको जनसंख्या

| आर्थिक रूपमा सक्रिय व्यक्तिहरूको रोजगारीको अवस्था | जनसंख्या | | | | कुल जनसंख्या | |
|---|---|---|---|---|---|---|
| | पुरूष | | महिला | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| रोजगार | ८२.४ ٪ | २९८५ | ८८.३ ٪ | २६२६ | ८५.१ ٪ | ५६११ |
| बेरोजगार | १७.६ ٪ | ६३६ | ११.७ ٪ | ३४७ | १४.९ ٪ | ९८३ |




**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म गरेको आर्थिक क्रियाकलापको पेशा अनुसारको जनसंख्या**

| आर्थिक क्रियाकलापमा सक्रियताको अवस्था | जनसंख्या | | | | कुल जनसंख्या (११२६४) | |
|---|---|---|---|---|---|---|
| | पुरूष(५५३४) | | महिला५७३०) | | | |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| सशस्त्र बल | ०.३ ٪ | १७ | ०.०२ ٪ | १ | ०.२ ٪ | १८ |
| व्यवस्थापक | ४.५ ٪ | २४९ | २.१ ٪ | १२० | ३.३ ٪ | ३६९ |
| पेशाविद्हरू | ३.५ ٪ | १९४ | २.७ ٪ | १५५ | ३.१ ٪ | ३४९ |
| प्राविधिक तथा सहायक पेशाविद्हरू | ०.५ ٪ | २८ | ०.६ ٪ | ३४ | ०.६ ٪ | ६२ |
| कार्यालय सहायकहरू | ०.५ ٪ | २८ | ०.३ ٪ | १७ | ०.४ ٪ | ४५ |
| सेवा तथा वस्तुबिक्री गर्ने कामदारहरू | ३.४ ٪ | १८८ | २.१ ٪ | १२० | २.८ ٪ | ३०८ |
| कृषि, वन र माछापालन कार्यमा दक्ष कामदारहरू | ६४.२ ٪ | ३५५३ | ७२.४ ٪ | ४१४८ | ६८.४ ٪ | ७७०१ |
| शिल्पकला तथा कारिगरी र यससम्बन्धी व्यापार गर्ने कामदारहरू | ११.९ ٪ | ६५८ | ४.८ ٪ | २७५ | ८.३ ٪ | ९३३ |
| कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरू | १.२ ٪ | ६६ | ०.०३ ٪ | २ | ०.६ ٪ | ६८ |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरू | १०.० ٪ | ५५३ | १४.८ ٪ | ८४८ | १२.५ ٪ | १४०१ |




**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म गरेको आर्थिक क्रियाकलापको औधोगिक क्षेत्र अनुसारको जनसंख्या**

| आर्थिक क्रियाकलापमा सक्रियताको अवस्था | जनसंख्या | | | | कुल जनसंख्या(११२६४) | |
|---|---|---|---|---|---|---|
| | पुरूष(५५३४) | | महिला५७३०) | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| कृषि | ६७.३ ٪ | ३७२३ | ७६.० ٪ | ४३५७ | ७१.७ ٪ | ८०८० |
| खानी | ०.०५ ٪ | ३ | ०.०२ ٪ | १ | ०.०४ ٪ | ४ |
| निर्माण | ९.३ ٪ | ५१२ | ३.२ ٪ | १८४ | ६.२ ٪ | ६९६ |
| बिजुली | ०.१ ٪ | ५ | ०.०० ٪ | ० | ०.०४ ٪ | ५ |
| पानी | ०.१ ٪ | ५ | ०.०० ٪ | ० | ०.०५٪ | ५ |
| निर्माण | ४.४ ٪ | २४२ | ३.० ٪ | १७१ | ३.७ ٪ | ४१३ |
| थोक व्यापार | ६.९ ٪ | ३८० | ७.८ ٪ | ४४७ | ७.३ ٪ | ८२७ |
| यातायात | १.० ٪ | ५५ | ०.०० ٪ | ० | ०.५ ٪ | ५५ |
| आवास | ०.५ ٪ | २९ | ०.४ ٪ | २५ | ०.५ ٪ | ५४ |
| जानकारी | ०.०५ ٪ | ३ | ०.०३ ٪ | २ | ०.०४ ٪ | ५ |
| वित्त | ०.३ ٪ | १६ | ०.२ ٪ | १३ | ०.३ ٪ | २९ |
| घरजग्गा व्यापर | ०.०४ ٪ | २ | ०.०० ٪ | ० | ०.०२ ٪ | २ |
| पेशाविद्हरू | ०.१ ٪ | ५ | ०.१ ٪ | ६ | ०.१ ٪ | ११ |
| व्यवस्थापक | ०.८ ٪ | ४३ | ०.१ ٪ | ६ | ०.४ ٪ | ४८ |
| सार्वजनिक प्रशासन | १.२ ٪ | ६५ | ०.२ ٪ | १३ | ०.७ ٪ | ७८ |
| शिक्षा | ३.० ٪ | १६७ | २.५ ٪ | १४२ | २.७ ٪ | ३०९ |
| मानव स्वास्थ्य | ०.५ ٪ | २६ | ०.८ ٪ | ४३ | ०.६ ٪ | ६९ |

| आर्थिक क्रियाकलापमा सक्रियताको अवस्था | जनसंख्या | | | | कुल जनसंख्या(११२६४) | |
|---|---|---|---|---|---|---|
| | पुरूष(५५३४) | | महिला५७३०) | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| कला | ०.१ ٪ | ५ | ०.०२ ٪ | १ | ०.०५ ٪ | ६ |
| अन्य सेवा | ४.२ ٪ | २३२ | ५.३ ٪ | ३०४ | ४.८ ٪ | ५३६ |
| घरायसी क्रियाकलाप | ०.१ ٪ | ५ | ०.२ ٪ | १२ | ०.२ ٪ | १९ |
| बाह्य संघसंस्था एवंयसका अङ्गहरूका क्रियाकलापहरू | ०.०० ٪ | ० | ०.१ ٪ | ६ | ०.०४ ٪ | ६ |
| उल्लेख नभएको | ०.१ ٪ | ५ | ०.०० ٪ | ० | ०.०५ ٪ | ५ |




**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि १२ महिना अगाडि सम्म गरेको मुख्य आर्थिक काम गर्दा रोजगारीको संलग्नता अनुसारको जनसंख्या**

| मुख्य आर्थिक काम गर्दा रोजगारीको संलग्नता | जनसंख्या | | | | कुल जनसंख्या(११२६४) | |
|---|---|---|---|---|---|---|
| | पुरूष(५५३४) | | महिला५७३०) | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| कामदार | १३.३ ٪ | ७३४ | ९.९ ٪ | ५६९ | ११.६ ٪ | १३०३ |
| रोजगारदाता | १.३ ٪ | ७४ | ०.८ ٪ | ४५ | १.०६ ٪ | ११९ |
| आफ्नै खाता | ७५.३ ٪ | ४१६५ | ७२.५ ٪ | ४१५२ | ७३.८ ٪ | ८३१७ |
| पारिवारिक आपूर्ति | १०.१ ٪ | ५६० | १६.८ ٪ | ९६४ | १३.५ ٪ | १५२४ |




**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा मुख्य आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको जनसंख्या**

| मुख्य आर्थिक कामको संस्थागत क्षेत्र | जनसंख्या | | | | कुल जनसंख्या(११२६४) | |
|---|---|---|---|---|---|---|
| | पुरूष(५५३४) | | महिला५७३०) | | | |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| सरकारी | ३.६ ٪ | २०० | २.५ ٪ | १४४ | ३.१ ٪ | ३४४ |
| वित्तीय | ०.३ ٪ | १७ | ०.२ ٪ | ११ | ०.३ ٪ | २८ |
| गैरवित्तीय | १५.८ ٪ | ८७२ | १६.५ ٪ | ९४७ | १६.१ ٪ | १८१९ |
| गैरनाफामूलक | ०.२ ٪ | ११ | ०.१ ٪ | ६ | ०.२ ٪ | १७ |
| घरायसी क्षेत्र | ८०.१ ٪ | ४४३२ | ८०.७ ٪ | ४६२२ | ८०.४ ٪ | ९०५४ |




**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा कुनै पनि आर्थिक काम नगर्नु वा ६ महिनाभन्दा कम समय काम गर्नुको कारण अनुसारको जनसंख्या, लिङ्ग**

| आर्थिक काम नगर्नु वा ६ महिनाभन्दा कम समय काम गर्नुको कारण अनुसारको जनसंख्या, लिङ्ग | जनसंख्या | | | | कुल जनसंख्या(११२६४) | |
|---|---|---|---|---|---|---|
| | पुरूष(५५३४) | | महिला५७३०) | | प्रतिशत | संख्या |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | |
| विद्यार्थी | २८.५ ٪ | १४८४ | २२.१ ٪ | १४१६ | २५.० ٪ | २९०० |
| घरायसी काम | १३.४ ٪ | ६९९ | ३९.७ ٪ | २५४१ | २७.९ ٪ | ३२४० |
| घरायसी कर्म | ९.४ ٪ | ४८७ | ५.० ٪ | ३१९ | ६.९ ٪ | ८०६ |
| वृद्द | १०.६ ٪ | ५५३ | १०.७ ٪ | ६८८ | १०.७ ٪ | १२४१ |
| अपाङ्गता भएको | २.९ ٪ | १५३ | १.६ ٪ | १०१ | २.२ ٪ | २५४ |
| पेन्सन | ३.३ ٪ | १७४ | १.०८ ٪ | ६९ | २.१ ٪ | २४३ |
| सामाजिक कार्य | १.१ ٪ | ५९ | ०.४ ٪ | २७ | ०.७ ٪ | ८६ |
| अन्य | २९.९ ٪ | १५५९ | १९.० ٪ | १२१५ | २३.९ ٪ | २७७४ |



## प्रशासन, योजना तथा अनुगमन शाखाका शाखा प्रमुख श्री अनिल श्रेष्ठबाट सभा समक्ष प्रस्तुत

# चालु आ.व. २०८०/०८१ को वार्षिक समीक्षा कार्यक्रम

**२०८१ साल असार ९ गते**

**ने.सं. ११४४ तछलागा १ आईतबार**

गङ्गाजमुना गाउँपालिकाका अध्यक्ष तथा गाउँ सभाध्यक्ष भक्त बहादुर लामा ज्यू, प्रमुख अतिथि जिल्ला समन्वय समिति धादिङ्गको प्रमुख नवराज अधिकारी क्षेत्री ज्यू, गाउँपालिका उपाध्यक्ष रामेश्वर सिंखडा ज्यू, वडाअध्यक्षज्यूहरू, कार्यपालिका सदस्य एवं वडा सदस्यज्यूहरू अतिथिगढ, कर्मचारी साथीहरु, सम्पूर्ण गाउँपालिकावासी आमा, बुबा, दाजु भाई तथा दिदी बहिनीहरु, संचारकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा म हार्दिक अभिवादन व्यक्त गर्दछु ।

अब, म हामीले चालु आ.व. को वार्षिक अवधिमा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरु तथा उपलब्धिहरूलाई क्षेत्रगत आधारमा देहाय अनुसार प्रस्तुत गर्ने सभाध्यक्ष समक्ष अनुमति चाहान्छु ।

**१. सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह :**

- स्थायी ४० करार ९८ गरी कूल १३८ जना कर्मचारीहरूद्वारा पालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी कृषि तथा पशु केन्द्रबाट सेवा प्रवाह भईरहेको छ ।
- वडा कार्यालय र सो मातहत रहेका सबै सार्वजनिक निकायका साथै सबै सामुदायिक विद्यालय र स्वास्थ्य संस्थाहरूमा इन्टरनेट जडान गरी विद्युतिय तथा डिजिटल माध्यमबाट सेवा प्रवाह गर्ने थालनीको सुरूवात गरिएको छ । गाउँपालिका कार्यालयको कार्यालयमा नागरिक सहायता कक्षको व्यवस्था गरी गाउँपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवालाई गुणस्तरिय बनाउने कार्यको थालनी भएको छ ।
- सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाहमा सहजता एवं सरलता ल्याउनको लागि राजस्व सफ्टवेयर प्रणाली, सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली, लेखा व्यवस्थापन प्रणाली लगायतका सफटवेयरहरूको प्रयोग गरिएको तथा गाउँपालिकाको सम्पूर्ण सूचना जानकारीहरू फेसबुक पेज तथा वेभसाइटमा राखे कार्य गरी विधुतीय शासन प्रणालीको अवधारणा अवलम्बन गरिएको छ ।
- सार्वजनिक सेवा सम्बन्धमा आम जनताको जनगुनासो सम्बोधन गर्न एवं आम जनताको सार्वजनिक सूचना माग गर्न पाउने अधिकारको कुण्ठित हुन नदिन कार्यालयमा गुनासो सुनुवाइ अधिकारी र सूचना अधिकारीको व्यवस्था गरिएको छ ।
- सहभागितामूलक शासनको अवधारणाको अनुसरण गर्न एवं पालिकाको हरेक गतिविधिहरू जनमैत्री दिगो विकास मैत्री, प्रभावकारी र जनसहभागितामुलक बनाउने हेतुले पालिकाको

वार्षिक नीति तथा कार्यक्रम, बजेट तयारी तथा निर्माणमा सम्पूर्ण गाउँपालिका बासी राजनैतिक दल बुद्दीजीवी, सरकारी एवं गैर संघसंस्था, संचार माध्यम र आम सरोकारवालाहरूसँग समयमानै राय सूझाव माग गरिएको तथा प्राप्त राय सुझाव पालिकाको वार्षिक निती तथा बजेटमा समावेश गरी सहभागितामूलक शासनमा जोड दिइएको छ ।

- वार्षिक अवधिमा गाउँपालिका, स्वास्थ्य चौकी एवं वडा कार्यालयको सेवालाई थप व्यवस्थित बनाउन गाउँपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूको लागि विभिन्न सेवाका कर्मचारीहरू करारमा नियुक्ति गरिएको छ भने प्रशासनिक तथा प्राविधिक क्षेत्रका कर्मचारीहरूको स्वीकृत दरबन्दी अनुसार पालिकामा रिक्त रहेका कर्मचारीहरु बागमती प्रदेश लोक सेवा अयोग, हेटौडामा माग आकृति फाराम भरि पठाईएकोमा विज्ञापन भएर प्रक्रिया अगाडी बढेको छ । यसले गर्दा आगामी वर्ष गाउँपालिका र सो अन्तर्गतका कार्यालयहरूको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सघाउ पुग्ने देखिन्छ ।
- वार्षिक अवधिमा गाउँ कार्यपालिकाको बैठक १३ पटक शाखा प्रमुखहरुको बैठक ११ पटक, विषयगत शाखा र वडा सचिवहरूको संयुक्त बैठक ३ र स्थानीय विपद व्यवस्थापन समितिको बैठक ३ पटक बसिएको छ ।
- सार्वजनिक सेवाप्राहलाई व्यवस्थित गरी नागरिकले सेवा प्रवाह लिन सहज उपलब्धता गर्ने हेतुले स्वास्थ्य कार्यालयमा, वडा र गा.पा कार्यालयमा नागरिक वडा पत्रको व्यवस्था गरिएको छ ।
- गाउँपालिकाको कर्मचारी व्यवस्थापनलाई समय अनुकुल प्रभावकारी बनाउन O & M सर्भे गरी गाउँ सभाबाट पारित गरी पद दर्ताको लागि मुख्यमन्त्री तथा मन्तिपरिषद्को कार्यालय बागमती प्रदेश किताबखानामा पठाइएको छ ।
- करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप गर्नको लागि कार्यपालिकाको निर्णय बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन तथा नयाँ अबधिको लागि करार सम्झौता मापदण्ड, २०७८ सम्बन्धी बमोजिम मुल्यांकन गर्ने कार्य शुरुवात गरिएको छ ।
- गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कन (LISA) मा ७८.२५ अंक र वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा ६९.५ % अंक प्राप्त गरेको छ ।
- निर्माण कार्यमा गुणस्तरियता कायम गर्न र निर्माण गर्ने क्रममा कुनै किसिमको दुविधा नहोस् भन्ने हेतुले सातवटै वडामा उपभोक्ता समितिहरूलाई (करिब २६२ जना प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ भने आवश्यक प्रक्रिया पुगेका समितिहरूको वडाबाटै सम्झौता गरी उपभोक्ता समितिहरूलाई सहजीकरण गर्ने कार्य गरिएको छ ।

- गत आ.व.मा निर्माण सम्पन्न भएका योजना तथा कार्यक्रमहरूको प्राविधिक सहितको अनुगमन समितिको प्रतिवेदनबाट उत्कृष्ट देखिएका योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने उपभोक्ता समितिहरूलाई सम्मान कार्यक्रम सम्पन्न भएको छ भने यस आ.व. मा सम्पन्न गर्ने उत्कृष्ट योजना तथा कार्यक्रमको उपभोक्ता समितिलाई समेत सम्मान गरिनेछ ।
- गत आ.व.हरूमा महालेखा परीक्षकको कार्यालयको लेखा परीक्षणको प्रतिवेदनमा देखिएका बेरूजुहरू फछ्यौटको कार्यहरू अगाडी बढेको छ ।
- गाउँपालिका स्तरीय शिक्षक सम्मेलनको अवसरमा ५२ जना शिक्षकलाई प्रशंसा पत्र सहित सम्मान गरिएको छ ।
- गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन गाउँपालिका र वडा कार्यालयहरूको सुरक्षा संवेदनशीलतालाई मध्येनजर गरी गाउँपालिका र सबै वडा कार्यालयहरूमा सि. सि. टि. भि. क्यामेरा जडान कार्य सम्पन्न भएको छ ।
- भौतिक पूर्वाधार तर्फ गुणस्तरीयता कायम गर्न भौतिक पूर्वाधार प्रयोगशाला सम्बन्धी आवश्यक औजारको व्यवस्थापन गरी निर्माणाधीन र निर्माण सम्पन्न भएका योजनाहरूको समेत सोको गुणस्तर चेकजाँच गरेर मात्र भुक्तानी दिने प्रणालीको सुरूवात गरेको छ ।
- समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत गाउँपालिका भरिका सबै विद्यालयका सामाजिक शिक्षक एवं अन्य शिक्षकलाई सामाजिक अपराधबारे जानकारी गराई सोको विषयमा शिक्षक मार्फत विद्यार्थीलाई प्रशिक्षण गराई सामाजिक अपराध न्यूनीकरण गर्ने कार्य गरिएको छ ।
- विभिन्न सञ्चारगृहसँग समन्वय, सहकार्य र साझेदारीतामा गाउँपालिकाको विभिन्न सूचना सञ्चार प्रवाह गर्ने कार्य गरिएको छ ।
- गाउँपालिकाको सहकार्य, समन्वय र सहयोगमा वडा नं. २ स्थित तावलमा अस्थायी प्रहरी पोष्टको स्थापना भएको छ । जसले गर्दा वडा नं. १ र २ का स्थानीय जनतालाई सुरक्षामा थप महसुस गर्दै विभिन्न स्थानीय मुचुल्का, बजार अनुगमन तथा विभिन्न विकृतिहरूमा कमी देखिएको छ ।
- गाउँपालिका भरिको चालु आ.व. २०८०/०८१ मा भएका विशेष कार्यक्रम एवं विकास निर्माण कार्यहरूको समग्र अवस्थाको शाब्दिक एवं भिडियो संग्रहको रूपमा राख्नको लागि विकास वृत्त चित्र निर्माण कार्य अगाडी बढेको छ ।
- चालु आ व २०८०।०८१ को गाउँपालिका र अन्तर्गत वडा कार्यालयहरुको सम्पादित वार्षिक कार्यक्रम विकास आयोजना सुशासन तथा सेवा प्रवाह सम्वन्धमा प्रभावकारिता र सेवा प्रवाहको अवस्था सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम यही २०८१ बैशाख २३ गते देखि २०८१ जेष्ठ ९ गते सम्म ७ वटै वडाकार्यालयहरुमा आयोजना गरी सम्पन्न भएको छ ।

गाउँपालिकाबाट भुक्तानी हुने वा प्रदान गरिने सेवामा विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत भुक्तानी गर्ने कार्यको सुरूवात गरिएको छ ।

- चालु आ.व.मा हालसम्म गाउँकार्यपालिकाको बैठक ३१ पटक बसेको छ ।

## २. भवन नियमन तथा पूर्वाधार विकास तर्फः

चालु आ.व. को पहिलो चौमासिकको अवधिमा पुर्वाधार विकास तर्फ देहाय बमोजिमका कार्यहरु सम्पन्न भएका छन्:-

- चालु आ.व. मा ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरू तपशिल बमोजिम रहेको छ ।

तपशिलः-

| सि.नं. | योजना तथा कार्यक्रमहरूको नाम | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | बर्दन स्वास्थ्य चौकी निर्माण, वडा नं. ३ | कार्यसम्पन्न अन्तिम चरणमा पुगेको |
| २ | किचेत चेप्राङ कराङ कचेत लापा सडक निर्माण, वडा नं. १ | स्थानीय विवादले ठेक्का नसकेको लगाउन |
| ३ | नयाँ चौतारो शितला लुम्री सडक स्तरोन्नति, वडा नं. ५ र ४ | कार्यसम्पन्न अन्तिम चरणमा पुगेको |
| ४ | सुकुभञ्याङ बासखर्क झापेडाँडा सडक स्तरोन्नति, वडा नं. ७ र ५ | कार्यसम्पन्न अन्तिम चरणमा पुगेको |
| ५ | ढाँडखर्क सादन र लप्सिबोट खा.पा. एक घर एक धारा, वडा नं. ५ | कार्यसम्पन्न भईसकेको |
| ६. | पात्लेखर्क चिसापानी खानेपानी आयोजना, गङ्गाजमुना-६ | कार्यसम्पन्न अन्तिम चरणमा पुगेको |
| ७ | बसेरी कात्तिके कल्सिङ खानेपानी निर्माण, गङ्गाजमुना-६ | कार्यसम्पन्न भईसकेको |
| ८ | गङ्गाजमुना गाउँपालिका भरी आधुनिक आरान व्यवस्थापन | कार्यसम्पन्न अन्तिम चरणमा पुगेको |
| ९ | मनपाङ्गवेशी बुढाथुम आहालडाँडा अघेरीखोला महालक्ष्मी भैसे डाँडागाउँ, वडानं. ६ र ७ (पालिका गौरवका आयोजना समेत) | कार्यसम्पन्न अन्तिम चरणमा पुगेको |
| १० | कल्लेरी कात्तिके झोलुङ्गे पुल, गङ्गाजमुना गा.पा. | सामाग्री ल्याउने अन्तिम चरणमा रहेको |
| ११ | ग्रिन ट्रेकिङ्ग ट्रेल (पालिका गौरवको आयोजना अन्तर्गत) | कार्यसम्पन्न भईसकेको |

- निर्माणाधिन गाउँपालिकाको नयाँ प्रशासकिय भवनको निर्माण कार्य सम्पन्न भएको छ ।
- निर्माणाधीन गङ्गाजमुना पर्यटकीय पूर्वाधारको आवश्यकता र औचित्यतालाई ख्यालमा राखी उपाध्यक्ष ज्यूको संयोजकत्वमा समिति गठन गरी भेरियसनको लागि ईस्टमेट सहित पेश भएको प्रतिवेदनलाई आधार मानेर भेरियसन सहितको काम अन्तिम चरण पुगेको छ ।
- गङ्गाजमुना गाउँपालिका भित्र नक्सा पास नभइ निर्माण भएका घरहरूको अभिलेखिकरणको लागि सुचना आहवान गरी घर अभिलेखिकरण सम्बन्धी कार्यको थालनी गरिएको छ भने सात वटै वडामा पक्की संरचना तथा निर्माण भएको २१६ घरहरूको विवरणको तथ्याङ्क संकलन गरी उक्त घरहरूलाई कानून बमोजिम परामर्श लिई कानूनी दायरामा ल्याउनको लागि पहल सुरू भएको छ ।
- गाउँपालिका र सो अन्तर्गतका कार्यालयहरूको जग्गाधनी प्रमाण पुर्जा संकलन कार्य गरिएको छ ।
- बहुवर्षीय र चालु आ.व. को निर्माण सम्बन्धी योजनाहरूलाई थप व्यवस्थित र निर्माण व्यवसायीहरूलाई थप जिम्मेवारी बनाई गुणस्तरीय कार्य समयमै सक्नको निमित्त गाउँकार्यपालिका टिम, प्राविधिक कर्मचारी र जनप्रतिनिधि सहितको बैठक बस्ने अभ्यास निरन्तरता रहेको छ ।

## ३. वन जङ्गल वातावरण तथा जैविक विविधताः

- गाउँपालिकाको पहलमा डिभिजन वन कार्यालय, धादिङको प्रमुखबाट गाउँपालिका कार्यपालिका टिम र कर्मचारीलाई वन सम्बन्धी ऐन, कानुन तथा कार्यविधिबारे प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।
- गङ्गाजमुना गाउँपालिकाले धादिङ्गको उत्तरी क्षेत्र (गङ्गाजमुना गाउँपालिका, रूबी भ्यालि गाउँपालिका र खनियाबास गाउँपालिका) मा रहेका वन क्षेत्रलाई समेटेर जैविक विविधता, पर्यापर्यटन र जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले गणेश पर्वत संरक्षण क्षेत्रको रूपमा विकास गर्ने पालिका गौरवको योजना अन्तर्गत राखेर गाउँपालिकाले वन डिभिजन कार्यालय धादिङ्गसँग समन्वय गरी गरेको पहल कदमीले गर्दा बागमती प्रदेश सरकारले समेत सो संरक्षण क्षेत्रको घोषणाको लागि पूर्वतयारी एवं सम्भाव्यता अध्ययनको लागि नीति तथा कार्यक्रममा राखी बजेट विनियोजन गरेको छ ।

## ४. योजना कार्यान्वयन :

- असारे विकासलाई निरूत्साहित गर्ने उद्देश्यले गाउँ कार्यपालिकाले भौतिक पूर्वाधार तर्फको वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरू सबै भन्दा छिटो सक्ने वडालाई आगामी

आ.व. मा थप ५ लाखको बजेट दिने र वैशाख मसान्तसम्म समेत योजना तथा कार्यक्रम नसक्ने वडालाई आ.व. मा वडाले पाउने बजेटको सिलिङबाट ५ लाख बजेट कटौती गर्ने निर्णय गरेकोमा वडा नं. ३ ले सबैभन्दा छिटो मिति २०८० साल माघ २४ गते कार्यसम्पन्न गरेको भनी वडा सिफारिस एवं अनुगमन र प्राविधिक प्रतिवेदनको आधारमा वडा नं. ३ लाई आगामी आ.व. मा वडाले पाउने सिलिङ्गमा थप रू. ५ लाख बजेट विनियोजन गर्ने सुनिश्चितता भएको छ ।

- गत आ.व. मा ठेक्का प्रक्रियाबाट सम्पन्न भई DLP अवधि बाँकी रहेका योजना तथा कार्यक्रमहरूको बिग्रेको संरचना बनाउनको निमित्त गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा समिति गठन गरी उक्त गठित समितिबाट आएको प्रतिवेदन बमोजिम सम्बन्धित फर्म वा कम्पनीलाई बिग्रिएको संरचना बनाउनको निमित्त परिपत्र गरेकोमा दुई वटा निर्माण व्यवसायीले निर्माण सम्पन्न गरी धरौटी फुक्काको लागि पेश गरेको छ भने बाँकी निर्माण व्यवसायीको निर्माण सम्पन्न नहुञ्जेल सम्मको लागि धरौटी रोक्का राखिएको छ ।
- योजना कार्यान्वयन प्रकृयालाई छिटो छरितो र सहज बनाउनका लागि घुम्ति शिविर सेवा कार्यक्रम मार्फत प्रत्येक वडामा पुगी उपभोक्ता समितिका पदाधिकारीहरूलाई अनुशिक्षण कार्यक्रम सम्पन्न गरी कागजात पुगेको योजना तथा कार्यक्रमहरूको पहिलो पटक वडा कार्यालयमै पुगी सम्झौता गर्ने कार्य सम्पन्न भएको छ ।
- गङ्गाजमुना माई तथा झरना क्षेत्रलाई व्यवस्थित बनाउन र दिगो रूपमा विकास गर्ने उद्देश्यले गङ्गाजमुना विकास समिति वा विकास कोष गठनको लागि गाउँपालिका अध्यक्ष भक्त बहादुर लामाको संयोजकत्वमा ११ सदस्यीय विशेष कार्यदल गठन भएको छ भने सो क्षेत्रको विकास र संरक्षणको लागि आवश्यक कार्यविधि बनाउने कार्य अन्तिम चरणमा पुगेको छ ।
- उपभोक्ता समिति मार्फत सन्चालन हुने योजनाहरू मध्ये कूल १५९ योजनाहरू मध्ये योजनाहरूको सम्झौता भई १४९ वटा योजनाको भुक्तानी भईसकेको छ भने बाँकी १० योजनाको समेत कार्य सम्पन्न भई भुक्तानीको अन्तिम चरणमा रहेको छ ।

## ५. राजस्व व्यवस्थापन :

- चालु आ.व. मा राजस्व प्रक्षेपण रू ७५ लाख ३७ हजार ५ सय रहेकोमा हालसम्ममा मालपोत, सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क, सेवा दस्तुर, लगायतका आय शीर्षकहरुमा आन्तरिक राजस्व तर्फ तपशिल बमोजिम राजस्व संकलन गरिएको छ । संकलित राजस्व चालु आ.व. मा प्रक्षेपण गरिएको तुलनामा ३३.७९ प्रतिशत राजश्व संकलन हो।

| आ.ब २०८१ साल असार ७ गते सम्म गा.पा तथा सम्पूर्ण वडाबाट संकलित राजश्व विवरण | | कैफियत |
|---|---|---|
| गाउँपालिका | ११,९०,०९४.९० | विभिन्न सिफारिस तथा व्यवसाय तर्फ |
| | १५,९९,६००,०० | नदीजन्य पदार्थ र घरजग्गा रजिष्ट्रेसन |
| वडा नं १ | ३.२०,१००.६६ | |
| वडा नं २ | ३.१५.५४५.४८ | |
| वडा नं ३ | ३.६५,७२६.०२ | |
| वडा नं ४ | ६.७२,३९४.१८ | |
| वडा नं ५ | ८,५१,५०२.२७ | |
| वडा नं ६ | ६.७०.६०७.८८ | |
| वडा नं ७ | ६,७०,५०७.८९ | |
| जम्मा आन्तरिक आम्दानी | ६६.५६.०७९.२८ | |
| जम्मा प्रतिशत | ८८.३०% लक्ष्य प्राप्ति कूल बजेटको १.१५%) | (कूल बजेटः-५७,८५,११,०६१) |

- पालिकामा राजश्व संकलनको लागि महालेखा नियन्त्रक कार्यालयले संन्चालनमा ल्याएको सुत्र नामक सप्टवेयर सन्चालनमा ल्याएको छ । साथै करदातालाई कर तिरेको जानकारी मोबाइल एस.एम.एस मार्फत समेत दिन थालिएको छ र करदाता कोड नं. उपलब्ध गराएको छ । आगामी वर्षहरूमा कर तिर्दा उक्त करदाता कोड नं. मार्फत सबै जानकारी लिन सकिने व्यवस्था मिलाईएको छ ।

## ६. शिक्षा युवा तथा खेलकुद विकासः

क) शिक्षा तर्फ :

- विद्यालय समायोजन गरी हाल ११ वटा माध्यमिक, ३० वटा आधारभुत, १ वटा बालविकास विद्यालयमा जम्मा ३५२६ जना विद्यार्थीलाई शिक्षण गर्न बाल सहजकर्ता सहित ३२९ जना शिक्षक कार्यरत छन।
- आ.व. २०७९/०८० को लक्ष्य बमोजिम २५५ जना (९०%) शिक्षकहरुलाई कम्प्युटर सम्बन्धी आधारभुत तालिम र सबै विद्यालयहरुमा कम्प्युटर प्रिन्टर र इन्टरनेटको व्यवस्था भएको छ ।
- विभिन्न विधामा उत्कृष्टता हासिल गर्ने ५२ जना शिक्षकहरुलाई सम्मान गरिएको छ ।

- स्थानीय विषय "हाम्रो गङ्गाजमुना को कक्षा १-८ पाठ्यक्रम र स्रोत सामाग्री निर्माण भइ लागु समेत भइसकेको छ । बाल कक्षा देखि कक्षा ३ सम्मका १३८० बालबालिकाको प्रारम्भिक अपाङ्गता पहिचान (Screening) गरिएको छ ।
- कक्षा ३ र ५ को सिकाइ उपलब्धी परिक्षण गरी कक्षा ८ को परिक्षालाई ३ केन्द्र बनाएर व्यवस्थित रुपमा सञ्चालन गरी गाउँपालिकाबाट कापी परिक्षण र ।EMIS बाट नतिजा प्रकाशन भएको छ ।
- विषयगत विज्ञ रोष्टरबाट कक्षा अवलोकन र नमुना पाठ प्रदर्शन गरी शिक्षकको पेसागत विकास गरिएको छ ।
- प्रधानाध्यापकलाई धादिङ, तनुह, कास्की, पाल्पा, रुपन्देहि, नवलपरासी, चितवनका नमुना विद्यालयको अवलोकन भ्रमण सिकाइ आदानप्रदान भएको छ ।
- अतिरिक्त क्रियाकलाप अन्तर्गत विद्यार्थीहरुको हाजिरिजवाफ, हिसाव दौड, चित्रकला, वक्तृत्वकला सञ्चालन गरएको छ ।
- सबै विद्यालयका १/१ जना शिक्षकलाई IEMIS सम्बन्धी तालिम दिइ सबै जना आफ्नो विद्यालयको IEMIS भर्न सक्ने भएका छन।
- सिकाइ क्षती न्युनीकरण गर्न ४२ जना शिक्षकलाई ReAL Plan सम्बन्धी अभिमुखिकरण गरी कक्षा ४-८ सम्मका विद्यार्थीहरुको सिकाइको स्तर पहिचान भइ उपचारात्मक कक्षा सञ्चालन भइरहेका छन।
- पदपूर्ति हुन बाकी रहेका विद्यालयहरूमा कर्मचारी एवं शिक्षकको पदपूर्ति गरी विधार्थिहरूको पठनपाठन एवं विद्यालय प्रशासन व्यवस्थित बनाईएको छ ।
- गाउँ शिक्षा समितिको बैठक ७ पटक, नियमिति प्र.अ. बैठक ७ पटक बसी आवश्यकतानुसार गाउँपालिकाको शैक्षिक गतिविधिबारे छलफल तथा विभिन्न कार्यविधि तर्जुमा तथा सहजीकरण कार्य गरिएको छ ।

**(ख) युवा तथा खेलकुद तर्फ :**

- गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्डमा विद्यालयबाट २३५ विद्यार्थी सहभागी भइ उत्कृष्ट खेलाडी जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा सहभागी भइ सम्मानजनक प्रदर्शन गरेर प्रदेश स्तरीय खेलमा समेत सहभागी भएका छन।
- सबै वडामा वडा स्तरीय खेलकुद कार्यक्रम सम्पन्न भईसकेको छ ।
- शिक्षक सेवा तथा लोकसेवा तयारी कक्षा सञ्चालन तथा व्यवस्थापनको लागि सूचना प्रकाशन गरी ६५ जना युवाहरुको लागि लोकसेवा र शिक्षक सेवाका अनलाइन कक्षाहरु सञ्चालन भइरहेका छन् ।

- युवा प्रतिभा पहिचान तालिम अन्तर्गत सबै विद्यालयको बाल विकास सहजकर्ता सहित अन्य युवाहरू समेत गरी मन्टेश्वरी तालिम सञ्चालन गरी ६७ जना महिला र ५ जना पुरुष गरी ७२ जना सहभागी लाभावन्तित भएका छन।

## ७. स्वास्थ्य, सरसफाई तथा बहुक्षेत्रिय पोषण कार्यक्रम

### (क) स्वास्थ्य तर्फ :-

- यस गङ्गाजमुना गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुबाट निशुल्क रुपमा बितरण हुदै आईरहेको आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि आबश्यक ९८ थरिका निशुल्क वितरण गरिने औषधी तथा सर्जिकल सामाग्रीहरु समयमा नै खरिद गरी औषधीहरुको उपलब्धता सुनिश्चित गरिएको छ ।
- विभिन्न स्वास्थ्य संस्थाहरुलाई कम्प्युटर वितरण गर्नुका साथै स्वास्थ्य कर्मीहरुलाई स्वास्थ्य व्यबस्थापन सुचना प्रणाली सम्बन्धी तालिम संचालन गरी सबै स्वास्थ्य संस्थाहरूबाट अनलाईन प्रतिवेदन गर्न शुरु गरिएको छ ।
- ७ वटै वडाहरुमा जेष्ठ नागरिकहरुलाई नसर्ने रोग सम्बन्धी मेडिकल अधिकृत डाक्टर सहितको निशुल्क स्वास्थ्य शिविर संचालन कार्यक्रममा ६९६ जनालाई स्वास्थ्य परिक्षण गरिएकोमा ३४ जनामा उच्च रक्तचाप र १० जनामा मधुमेह रोग भेटिएको थियो र उक्त व्यक्तिहरूलाई आवश्यकतानुसार औषधीको सिफारिस तथा मेडिकल परामर्श प्रदान गरेको थियो ।
- समुदायमा लुकेर रहेका शंकास्पद क्षयरोगीहरु पत्ता लगाई समयमा नै उपचारको दायरामा ल्याउने उद्देश्यले लताव, तावल, धुसेनी, डाँडागाउँ, धजे, मंसिरेका टोल बस्तीहरुमा घरदैलोमा खोजपड्ताल कार्यक्रम संचालन गरी १४३ जना शंकास्पद व्यक्तिहरुको खकार नमुना संकलन गरी जाँच गरिएको छ ।
- महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सरको स्किनिङ गरी उपचारमा ल्याउने उद्देश्यले बसेरी फुलखर्क गुम्दी र लतावमा VIA क्याम्प संतालन गरी १७ जना पोजेटिभ VIA बिरामीहरु पत्ता लगाई उपचार तथा रेफर गरिएको छ ।
- आमा सुरक्षा कार्यक्रम अन्तरगत गर्भमा रहेको शिशु र आमाको स्वास्थ्य अबस्था पत्ता लगाई मातृ तथा शिशु मृत्यु दर घटाउन ३/३ महिनामा ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रम संचालन गरी ७९ जना गर्भवती महिलाहरुलाई सेवा दिएको छ । लामो प्रशव बेथा पश्चात् जन्म भएको नवजात शिशुको स्वास्थ्य अबस्था जोखिममा परेपछि गङ्गाजमुना १ का जोभिना तामाङ र नवजात शिशुलाईलाई राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तरगत निशुल्क हवाई उद्दार गरी कान्ति बाल अस्तालमा रेफर गरिएको थियो । गर्भवती महिलाहरुलाई आवश्यक पर्ने क्याल्सियम चक्की निशुल्क बितरण गर्नुका साथै स्वास्थ्य संस्थामा सुरक्षित प्रशुति सेवा लिन

आउने आमाहरुलाई रु १००० बराबरको पोषण प्याकेज गत वर्ष देखि नै वितरण गर्दै आएको छ ।

- यस गङ्गाजमुना गाउँपालिकामा नेपाल सरकारबाटतोकेबमोजिमका तालिका अनुसारजन्मेको १५ महिना भित्र सम्पुर्ण बालबालिकाहरुलाई निशुल्क खोप सेवा प्रदान गरी पुर्ण खोप घोषणा तथा सुनिश्चितता कार्यक्रम सम्पन्न गरिनुका साथै बालबालिकाहरुलाई निशुल्क प्रदान गरिदै आएको खोपको गुणस्तर बिग्रन नदिई गुणस्तरीय खोप सेवा प्रदान गर्नको लागि गाउँपालिका भित्रका सबै खोप केन्द्रलाई छाना मुनि ल्याउने कार्यक्रम अन्तर्गत फुलखर्क, बसेरी र बुढाथुममा नयाँ खोप केन्द्र भवन निर्माण तथा मर्मतको काम सम्पन्न भएको छ ।
- रि स्वास्थ्य चौकीमा भवनको अभावमा दैनिक स्वास्थ्य सेवा प्रभावमा समस्या भएकोले प्रशुती कोठा निर्माण सम्पन्न गरिनुका साथै बुढाथुम र बसेरी स्वास्थ्य चौकीमा कम्पाउण्ड बाल निर्माण सम्पन्न भएको छ । ग्रामीण अस्पताल फुलखर्क, गुम्दी स्वास्थ्य चौकी र बर्दन स्वास्थ्य स्वास्थ्य चौकीको भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।
- नेपाल सरकारको सन् २०३० सम्म सबैको लागि र सधैको लागि पुर्ण सरसफाईको अवस्था तर्फ उन्मुख हुने लक्ष्य अनुसार मिति २०८१ साल जेठ ११ गते गङ्गाजमुना गाउँपालिका वडा नं. ३ बागमती प्रदेशकै पहिलो नमुना, सफा तथा स्वच्छ वडा घोषणा कार्यक्रम सम्पन्न भएको छ भने यस गङ्गाजमुना गाउँपालिकाको १५ वटा टोल बस्तीहरु नमुना सफा तथा स्वच्छ गाउँ घोषणा गरिएको छ ।
- नेपाल आँखा कार्यक्रम-तिलगंगा आँखा प्रतिष्ठानको सहकार्यमा मानव संशाधन एवं आवश्यक पूर्वाधारको व्यवस्थापन गरी ग्रामीण आँखा केन्द्र स्थापना गरी सेवा प्रवाह सुरू भएको छ ।
- सुत्केरी महिलाहरूको सुरक्षित गर्भपतनको सुनिश्चितता गर्नको निमित्त सुत्केरी महिलालाई निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईएको छ ।
- ग्रामीण अस्पताल, फुलखर्कमा माईस्क्रोप खरिद गरी उक्त मेसिनरी औजारबाट सेवा प्रवाह कार्य सुरू भईसकेको छ ।
- स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने विभिन्न सेवाहरू र स्वास्थ्य सम्बन्धी सामुदायिक क्रियाकलापहरूका बारेमा समुदायलाई जानकारी गराई पारदर्शिता कायम गर्न गाउँपालिका अन्तर्गतका ४ वटा स्वास्थ्य चौकी (रि, गुम्दी, बसेरी र बुढाथुम) र ग्रामीण अस्पताल, फूलखर्कमा सामाजिक परीक्षण कार्य सम्पन्न भएको छ ।
- स्वास्थ्य चौकीहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुको उपलब्धता र गुणस्तर सुधारका लागि न्युनतम सेवा मापदण्ड कार्यक्रम संचालन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रभाव गर्न पहल गरिएको छ ।

- बसेरी स्वास्थ्य चौकीमा ग्रामीण अस्पताल फुलखर्कमा रहेको डि.आर. एक्सरे मेसिन स्थान्तरण गरी सेवा प्रवाह सुरू भई सकेको छ ।
- बच्चाहरूको स्वास्थ्य चेकजाँच र तौल लिन आउने दरलाई वृद्धि गराउन २ वर्ष भित्रका तौल लिन आउने बच्चाहरूलाई प्रति महिना प्रति बच्चा १ पाकेट आयोडिनयुक्त नुन वितरण गर्ने कार्य गरिएको छ ।
- जनताको घर दैलोमा नै स्वास्थ्य सेवा प्रदान गरी समयमा नै रोगको पहिचान गर्ने उद्देश्यले गाउँपालिकाको आयोजनामा एकीकृत घुम्ती शिविर अन्तर्गत स्वास्थ्य सेवा तर्फ ७ वटै वडाहरुमा बिशेषज्ञ सहितको टोलीबाट तपशिल बमोजिम सेवा प्रदान गरिएको छ ।

तपशिलः-

| सि.नं. | सेवा | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|
| १ | सामान्य स्वास्थ्य परीक्षण | १३३५ | ४९५ | १८३० |
| २ | आँखा जाँच सेवा | ६३१ | २२५ | ८५६ |
| ३ | दन्त सेवा | १५८ | ५५ | २१३ |
| ४ | आयुर्वेद सेवा तथा अकुपञ्चर सेवा | १०१ | ३९ | ३५४ |

- गाउँपालिका अन्तरगत रहेका महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुलाई बिभिन्न तालिम सम्पन्न भएको छ ।

  (क) आँखा स्वास्थ्य सम्बन्धी १ दिने अभिमुखीकरण

  (ख) मानसिक रोग सम्बन्धी १ दिने अभिमुखीकरण

  (ग) आयर्वेद तथा वैकल्पिक चिकित्सालय सम्बन्धी १ दिने अभिमुखीकरण

त्यस्तै गरी विद्यालय फोकल पर्सनहरूलाई समेत आँखा स्वास्थ्य सम्बन्धी १ दिने अभिमुखिकरण तालिम सम्पन्न भएको छ ।

**गाउपालिकाबाट स्वास्थ्य सम्बन्धी सेवा पाएका व्यक्तिहरु**

i. दलित स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत जम्मा ४४४ घर परिवारको बिमा भएको जस अन्तर्गत फुलखर्क प्रथम सेवा केन्द्र बिन्दुबाट २०० जनाले सेवा लिएको र ४७ जना अन्य अस्पताल (धादिङ्ग, चितवन र काठमाण्डौं स्थित विभिन्न अस्पतालमा सिफारिस भएको)
ii. कडा रोग लागेका ३३ जना बिरामीलाई रु १५०००।- का दरले यातायात खर्च प्रदान गरिएको,
iii. विपन्न नागरिक औषधी उपचार सिफारिस ४१ जना,
iv. दिर्घ रोगको औषधोपचार खर्च पाएका बिरामी ४७ जना (मासिक रु. ५,०००।- को दरले),
v. पुर्ण खोप पाएका १९६ जना,

vi. गाउँघर क्लिनिकबाट सेवा पाएका जम्मा ३३४८ जना,
vii. खोप क्लिनिकबाट सेवा पाएका जम्मा ११९२ जना,
viii. स्वास्थ्य संस्थामा प्रसुती भएका जम्मा ७० जना,

**८. प्रधानमन्त्री रोजगार र सामी कार्यक्रम :**

- आ.व. ०८०/८१ को लागि प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत पुरूष ७३९ र महिला ८६४ जना गरी जम्मा १६०३ जना व्यक्ति बेरोजगार सूचीमा सुचिकृत भएका थिए भने सूचीकृत मध्ये ९८ जनाले १०० दिन बराबरको रोजगार पाएका छन् ।
- नेपाल सरकारको बजेट तर्फ १३ वटा योजना र आ.ई.डि.ए को बजेट तर्फ १२ वटा योजना गरी जम्मा २५ वटा योजना सञ्चालन गरिएकोमा २० वटाको भुक्तानी भईसकेको छ भने बाँकी ५ वटाको समेत अन्तिम चरणमा पुगेको छ ।
- जसमध्ये गा.पा. भित्रको सम्पुर्ण वडाहरुमा ५,८६१ मिटर गोरेटो बाटो निर्माण, ३०० मिटर सोइलिङ, १८०० मिटर माटो खन्ने काम, ८० मिटर ड्राई वाल निर्माण सम्पन्न भएको छ ।
- "श्रमको सम्मान राष्ट्रको अभियान" अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।
- स्थानीय तहको रोजगार रणनितिको विषयमा सुझाब संकलन तथा छलफल साथै रोजगार संम्बाद मञ्चको कार्यविधि, २०८० निर्माणको अन्तिम चरणमा पुगेको छ ।
- गाउँपालिकाले वैदेशिक रोजगारिमा जानको लागि श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको कार्य रोजगार सेवा केन्द्र बाटै सञ्चालन गरिएको छ जसअन्तर्गत तपशिल बमोजिम रहेको छ ।

तपशिलः-

| बैदेशिक रोजगारीमा जानेहरुको लागि गा.पा. बाट श्रम स्वीकृति गरिएको विवरण | | | | | |
|---|---|---|---|---|---|
| वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ |
| २ | १ | ६ | २ | १३ | ४ |
| मलेसिया | | | ७ | | |
| दुबइ | | | ६ | | |
| साउदी | | | ७ | | |
| कुवेत | | | १ | | |
| कतार | | | ३ | | |
| कोर्सिया | | | १ | | |
| रोमनिया | | | २ | | |
| भन्याङ | | | १ | | |

| | |
|---|---|
| जम्मा | २८ |

- चालु आ.व. मा वित्तीय साक्षरता कक्षा वडा नं.: ४, ५, ६ र ७ मा सम्पन्न भएको छ जसमा १११ जना सहभागी रहेका
- छन् ।
- समुदाय अभिमुखीकरण कार्यक्रम वडा नं.: ४, ५, ६ र ७ मा सम्पन्न भएको छ जसमा १२९ जना सहभागी रहेका थिए ।
- गहन अभिमुखीकरण कार्यक्रम वडा नं.: ७ मा संचालन भएको जसमा ५६ जना सहभागी रहेका थिए ।
- सुरक्षित वैदेशिक रोजगार कार्यक्रमको विषयमा सरोकारवालाहरु र जनप्रतिनिधिहरु संगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
- गाउँपालिका भित्र मानसिक हिसाबले प्रभावित (विदेशमा लामो समय देखि नफर्केको, विदेशमा जेलमा परेको, घरेलु हिंसाबाट पिडित महिलाहरू तथा अन्य मानसिक हिसाबले समस्या भएको १७ जनासँग व्यक्तिगत रूपमा मानसिक परामर्श प्रदान गरिएको छ । यसले गर्दा मानिसमा सकरात्मक परिवर्तन आई कतिपय अवस्थामा आत्महत्या गर्छु भन्ने व्यक्तिहरू समेत त्यसबाट त्यस्ता कार्यबाट निरूत्साहित भएका छन् ।

**९. कृषि विकास तर्फ :**

| क्र.स. | कार्यक्रमको नाम | प्रगति विवरण |
|---|---|---|
| १ | ५ दिने कृषि यान्त्रीकरण सम्बन्धी तालिम | सहभागी संख्या २१ जना (बिग्रेका यन्त्र बनाउन धादिङ्गवेशीमा जानुपर्ने बाध्यता अन्त्य भएको) |
| २ | माटोको अम्लियपना, क्षारियपना, बालीवस्तुलाई आवश्यक पर्ने खाद्य तत्वको मात्रा पत्ता लगाई माटो प्रदूषण हुनबाट बच्न सहयोग गर्ने तथा माटोको गुणस्तर कायम राख मद्दत गरी आवश्यकतानुसार मलखादको सही व्यवस्थापनमा सहयोग पुर्याई कृषि उत्पादन र उत्पादकत्व बढाउने उद्धेश्यले माटो जाँच गर्नुको फाइदा माटो जाँचको लागि नमुना संकलन विधि सहितको १ दिने माटो जांच सम्बन्धी | सात वटै वडामा गरी जम्मा ३५५ जना सहभागी भएको |

| क्र.स. | कार्यक्रमको नाम | प्रगति विवरण |
|---|---|---|
| | वडास्तरीय अभिमुखिकरण) | |
| ३ | ५०% अनुदानमा कोदोको बीउ खरिद वितरण (पुरानो बीउमा रोग लागी उत्पादन घटेको हुँदा रोग नियन्त्रण गर्नको लागि) | २०१५ के.जी. कोदोको बीउ वितरण गरिएको |
| ४ | उत्पादनमा आधारित कार्यक्रम | यस आ.व. मा थप १० गरी जम्मा १९ वटा समुह/सहकारी/फर्म सूचिकृत भइ सो कर्यक्रममा तरकारी, कफि, फलपूल मह लगायतका बाली बस्तुको उत्पादनको अनुदानमा सहभागी भएका |
| ५ | एक वडा एक पकेट क्षेत्र (पालिका गौरबको योजना) | • वडा नं.१ कफि पकेट, ६८०० कफिको बिरुवा वितरण गरिएको,<br>• वडा नं. २ कफि पकेट, १७,१०० कफिको बिरुवा वितरण गरिएको,<br>• वडा नं. ३ कफि पकेट, १६,००० कफिको बिरुवा वितरण कार्य हुदै<br>• वडा नं. ४ मौरी पकेट, ८० घार गोला सहितको मौरी घार वितरण गरिएको<br>• वडा नं. ५ फलफूल पकेट, २५०० जापानी हलुवावेदको बिरुवा वितरण<br>• वडा नं. ६ मौरी पकेट, ८० वटा गोला सहितको मौरी घार वितरण कार्य हुदै<br>• वडा नं. ७ तरकारी पकेट, पक्की टनेल निर्माण गरी तरकारी खेतीको कार्य हुदै |
| ६ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | वडा नं. ३ मा अघिल्लो आ.व. मा सञ्चालनमा रहेको तरकारी पकेटको क्षेत्र विस्तार गरी कुल ११९ रोपनिमा तरकारी खेति विस्तार गरिएको |
| ७ | रासायनिक मल वितरण | गाउँ पालिका भित्रका ६ वटा सहकारि मार्फत यूरीया १३९ मेट्रिक टन डिएपि १६.५ मेट्रिक टन रसायनिक मल उपलब्ध भएको |

| क्र.स. | कार्यक्रमको नाम | प्रगति विवरण |
|---|---|---|
| ८ | कृषक समूहहरु | • कूल कृषक समूह ७३ वटा<br>• आ.व. २०८०/८१ मा दर्ता भएका ४२<br>• २२ वटा नविकरण नभएका |
| ९ | गैर सरकारी संस्थाहरु सँगको साझेदारी | • लिबर्ड संस्थाको साझेदारीमा वडा नं.३ अम्बोटेमा २१२ वटा बोट बिरुवाहरुको वैज्ञानिक नाम र स्थानीय नाम सहित लेखिएको प्लेट लगाइएको,<br>• लिबर्ड संस्थाको साझेदारीमा वडा नं.५ ढापबजारमा हाट बजारलाई व्यवस्थित र स्तरोन्नति गरिएको,<br>• प्रयास नेपालसँगको साझेदारीमा ४८ वटा कृषक समूहहरुमा सामूहिक खेती, जलवायू अनुकुलीत खेती, बजारको पहुंच, संस्थागत विकास जस्ता कार्यहरु अघि बढाइएको |
| १० | कृषि प्राविधिकहरुको क्षमता अभिवृद्धि | मौरी विकास केन्द्रद्वारा सञ्चालित पाँच (५) दिने मौरीपालन सम्बन्धी तालिममा, राष्ट्रिय चिया तथा कफि विकास बोर्डद्वारा सञ्चालित चार (४) दिने प्रङगारिक चिया तथा कफि खेती तालिम, राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठानद्वारा सञ्चालित तिन (३) दिने बागवानी सम्बन्धी तालिम, कृषि सूचना तथा प्रशिक्षण केन्द्रद्वारा सञ्चालित (तिन) ३ दिने खरिद व्यवस्थापन सम्बन्धी तालिम लगायतका तालिमहरुमा कृषि प्रविधिकहरुलाई सहभागी हुन पठाईएको |

- एकीकृत घुम्ती शिविर कार्यक्रम अन्तर्गत कृषि विकास तर्फः-

**एकीकृत घुम्ती शिविर कार्यक्रमको प्रगति प्रतिवेदन (कृषि विकास तर्फ)**

| वडा नम्बर | लाभान्वित कृषक संख्या | माटो जांच | कृषि सम्बन्धी परामर्श सेवा | कृषक समुह दर्ता | कृषक समुह नविकरण | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ४ | ४ | ४ | ० | ० | १२ |
| २ | ७ | ७ | १० | ० | ० | २४ |
| ३ | १ | १ | १ | ० | ० | ३ |
| ४ | ६ | ६ | ६ | ३ | ० | २१ |
| ५ | २२ | २२ | २२ | ० | ० | ६६ |
| ६ | ४२ | ४२ | ४२ | ० | ० | १२६ |
| ७ | २४ | ६ | ६ | ८ | १ | ४५ |
| जम्मा | १०६ | ८८ | ९१ | ११ | १ | २९७ |

**१०. पशु सेवा तर्फ :**

| क्र.सं. | कार्यक्रमको नाम | प्रगति विवरण |
|---|---|---|
| १ | पशु बिमा अभिमुखीकरण गोष्ठी कार्यक्रम (सबै वडामा) | सहभागी किसानको संख्या ३७५ जना र कार्यक्रम संचालनकै क्रममा वडा नम्बर ४ मा ४ घरधुरीमा बाख्खा र भैसीको बिमा गरिएको, |
| २ | गोठ तथा भकारो सुधार कार्यक्रम (सबै वडामा) | २९ ओटा गोठ तथा भकारो सुधार कार्यक्रम गरिएको, |
| ३ | पशु भ्याक्सिन कार्यक्रम (सबै वडामा) | गाईभैसीमा लाग्ने महामारी लम्पी स्किन डिजिज रोगको फैलावट रोक्न २२२५ ओटा गाईभैसी, गोरुमा लम्पी भ्याक्सिन लगाइएको, |
| ४ | पशु औषधी वितरण (पशुपन्छीमा देखिने विभिन्न समस्या तथा रोग जस्तै ज्वरो, पखाला, पेट फुल्ने, पिसाब बन्दहुने, जुका, जुम्रा, लुतो, खोकी आदिको उपचारको क्रममा प्रयोग हुने औषधिहरु) | सबै वडामा गरेर जम्मा २४,५४८ पशुपञ्छी गाई, भैसी, भेडा, बाखा, कुखुरा, कुकुर, गोरू, सुंगुर/बंगुरलाई पुग्ने गरी वितरण गरिएको, |
| ५ | पालिका स्तरिय कुकुर बन्ध्याकरण कार्यक्रम | भाले ७६ र पोथी ४९ गरी जम्मा १२५ |

| क्र.सं. | कार्यक्रमको नाम | प्रगति विवरण |
|---|---|---|
| | (वडा नं. ३,४ र ५ मा | ओटा कुकुरको बन्ध्याकरण गरिएको, |
| ६ | लोकल कुखुरा प्रबर्धन कार्यक्रम (सबै वडामा) | ३४ ओटा लोकल कुखुरा खोर निर्माण गरिएको, |
| ७ | असल पशुपालन अभ्यास सम्बन्धी अभिमुखीकरण गोष्ठी कार्यक्रम (सबै वडामा) | सहभागी कृषक संख्या ३१५ जना |
| ८ | रेबिज सम्बन्धी अभिमुखीकरण कार्यक्रम | सहभागी संख्या ३० जना (गाउँपालिका जनप्रतिनिधि तथा कर्मचारीलाई) |
| ९ | पि.पि. आर. भ्याक्सिनेसन कार्यक्रम (सबै वडामा) | १८००० भेडाबाखामा लगाइएको, |
| १० | रेबिज भ्याक्सिनेसन कार्यक्रम | ७५० कुकुरहरुमा लगाइयो (सबै वडामा) |
| ११ | एकीकृत घुम्ती शिविर कार्यक्रम अन्तर्गत पशु तर्फ सात वटै वडामा भएका कार्यक्रमहरू | बोका बन्ध्याकरण २ वटा, गोवर परीक्षण ११२, औषधी वितरणः- ८३९८ पशुपञ्छीलाई (गाई, भैसी, भेडा, बाखा, कुखुरा, कुकुर, गोरू, सुंगुर/बंगुर), लाभान्वित कृषक संख्याः ४५७ |

**११. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण :**

| क्र.स | योजना तथा कार्यक्रम | प्रगति प्रतिवेदन |
|---|---|---|
| १ | ज्येष्ठ नागरिक सम्मान तथा आदानप्रदान अनुभव | ९० वर्ष उमेर माथिका १८७ जना ज्येष्ठ नागरिकलाई (हर्लिक्स, ढाका टोपी, लौरो, दोसल्लाले सम्मान गरी अनुभव आदानप्रदान गरिएको) |
| २ | हरितालिका तिज कार्यक्रम सम्पन्न | ४५३ जना सहभागी (तीज गित प्रतियोगिता आयोजना गरिएको) |
| ३ | बाल दिवस कार्यक्रम सम्पन्न | माध्यमिक विद्यालयका बालबालिकाहरुलाई हाजिरिजवाफ प्रतियोगिता कार्यक्रम गरिएको, सहभागी २४८ जना |
| ४ | नारी दिवस कार्यक्रम सम्पन्न | महिला शसक्तिकरणमा स्थानीय तहको भुमिका शिर्षकमा अन्तक्रियात्मक कार्यक्रम गरिएको, सहभागी ९१ जना |
| ५ | ४० वर्ष पुगेका अविवाहित महिला | ४८ जनालाई मासिक रु.१००० का दरले |

| क्र.स | योजना तथा कार्यक्रम | प्रगति प्रतिवेदन |
|---|---|---|
| | सामाजिक सुरक्षा भत्ता वितरण | |
| ६ | लैङ्गिक हिम्सा विरुद्ध १६ दिने अभियान सम्पन्न | सचेतनामुलक कार्यक्रम सम्पन्न गाउँपालिका र सबै वडामा |
| ७ | वडा तथा पालिका स्तरीय बाल भेला तथा संजाल पुनर्गठन तथा अभिमुखिकरण, वडा तथा पालिका स्तरीय बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम साथै बालबिबाह अन्त्यका लागि अभिमुखिकरण | सहभागि-६२५ जना (सबै वडा र गाउँपालिकामा समेत गरी) |
| ८ | सहिद द्धन्द पिडित तथा बेपत्ता परिवारलाई उद्यमशिलता सीप विकास तालिम कार्यक्रम सम्पन्न | मौरी सहित २ घार र खालि घार १ जम्मा गरी प्रतिब्यक्ति ३ घार वितरण गरिएको (१० जना सहिद र २ जना बेपत्ता परिवार- जम्मा ३६ घार) |
| ९ | अनाथ, असहाय तथा टुहुरा बालबालिकाहरुलाई शैक्षिक सामाग्री वितरण कार्यक्रम सम्पन्न | ४० जना (प्रति विद्यार्थी झोला १. कपी १ रिम, कलम १ प्याकेट, कलर- १ प्याकेट) |
| १० | उपाध्यक्ष उद्यमशिलता महिलाहरुको लागि सिप विकास तालिम सम्पन्न | २ मा १० जना सहभागि, ३,४ र ५ मा १९ जना, ६ र ७ मा १२ जना गरी जम्मा ४१ जना (२ नं वडामा निङ्गालोबाट बन्ने सजावटका सामाग्री, ३.४ र ५नं. वडामा सिताके च्याउ तालिम, ६ र ७ नं. वडामा मा सिताके च्याउ तालिम) |
| ११ | अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनस्थापना सहयोग कार्यक्रम | १९ जनालाई २ दिने तालिम दिई मौरी सहित १ घार वितरण |
| १२ | आमा बाबु बिहिन बालबालिका संरक्षण कार्यक्रम | २५ जनालाई वितरण गरिएको र ३ जना बैशाखबाट थप जम्मा |
| १३ | अपाङ्ग परिचय पत्र घुम्ति शिविर सञ्चालन तथा वितरण कार्य | • ६ र ७ मा घुम्ति शिविर सञ्चालन गरिएको,<br>• अपाङ्गता परिचयपत्र समन्वय समितिको मिटिङ ८ पटक बसी ४९ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरिएको छ । जसअन्तर्गत अपाङ्गता क वर्ग- १४ जना (महिला ३ जना, |

| क्र.स | योजना तथा कार्यक्रम | प्रगति प्रतिवेदन |
|---|---|---|
| | | पुरुष ११ जना), अपाङ्गता ख वर्ग- २१ जना (महिला ८ जना, पुरुष-१३ जना), अपाङ्गता ग वर्ग ८ जना, महिला-४ जना, पुरुष ४ जना) अपाङ्गता घ वर्ग ६ जना (महिला-२ जना, पुरुष-४ जना) |
| १४ | ज्येष्ठ नागरिक कार्ड वितरण | २६६ जनालाई कार्यालयबाट र शिविरमा वितरण भएको |

- गङ्गाजमुना गाउँपालिका, वडा नं. ३ पोखरागाउँमा दाम्लोले बाँधिएर जीवन बिताईरहेका २० वर्षीय मदन कुमार तामाङ्गको गाउँपालिकाले सूचना प्राप्त गरे पश्चात गाउँपालिकाको सहकार्य, समन्वय र पहलमा निजलाई आवश्यक सहयोग सहित मानव सेवा आश्रम, काठमाण्डौमा उद्दार गरिएको छ ।

## १२. सामाजिक सुरक्षा तथा पञ्जीकरण :

व्यक्ति र समाजलाई जोखिम वा अस्थिरता व्यवस्थापन गर्न गरिवी र असमानताबाट जोगाउन तथा आर्थिक अवसरमा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले चालु आ.व. को पहिलो, दोस्रो, तेर्सो त्रैमासिकमा गङ्गाजमुना गाउँपालिका भित्रका सबै वडामा गरी तपशिल बमोजिम सामाजिक सुरक्षा भत्ता EFT मार्फत वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

तपशिलः-

| क्र. सं. | किस्ता | लाभग्राही संख्या | वितरण रकम |
|---|---|---|---|
| १ | प्रथम त्रैमासिक | ३५५१ | ३,६४,६४,३७८ (तीन करोड़ चौसट्ठी लाख चौसट्ठी हजार तीन सय अट्ठत्तर रूपैया मात्र) |
| २ | दोस्रो त्रैमासिक | ३५८४ | ३,६८,३१,६७२ |
| ३ | तेस्रो त्रैमासिक | ३५९० | ३.६९,५६,५३१ |
| ४ | चौथो त्रैमासिक | ३६१७ | ३,७१,८४,८८७ (अनुमानित) |

- सामाजिक सुरक्षा भत्ता लाभग्राहीको मृत्यु पश्चात लगत कट्टा गरेको संख्या १२१
- सामाजिक सुरक्षा भत्ता लाभग्राहीको नयाँ दर्ता २३४
- व्यक्तिगत घटना दर्ता मिति देखि २०८०-०४-०१ दर्ता मिति सम्मः २०८१-०३-०७

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध विच्छेद | विवाह | बसाइ सरी अएको | | बसाइ सरी गएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | २८ | ५० | ७८ | १५ | ११ | २६ | ३ | ३५ | | | ३ | १० | १४५ |
| २ | २९ | ३८ | ६७ | १४ | १७ | ३१ | ६ | ३६ | | | ६ | २२ | १४६ |
| ३ | ४० | ४० | ८० | १२ | ७ | १९ | १४ | ४२ | | | ४ | १० | १५९ |
| ४ | ४८ | ३५ | ८३ | १९ | ११ | ३० | ३ | ४० | | | ३ | ६ | १५९ |
| ५ | ७७ | ५९ | १३६ | २४ | १३ | ३७ | ७ | ६४ | २ | १३ | १० | ३८ | २५६ |
| ६ | ५७ | ४८ | १०५ | २० | २८ | ४८ | ७ | ६७ | | | २१ | ४९ | २४८ |
| ७ | ५३ | ५२ | १०५ | १२ | २३ | ३५ | २ | ५० | १ | ४ | १२ | ५६ | २०५ |
| जम्मा | ३३२ | ३२२ | ६५४ | ११६ | ११० | २२६ | ४२ | ३३४ | ३ | १७ | ५९ | १९१ | १३१८ |

सामाजिक सुरक्षा भत्ता लिन बैंक सम्म जान नसक्ने लाभग्राहीहरूलाई सम्बन्धित वडामा गएर सुरक्षा कर्मीको निग्रानीमा बैंक तथा व्यक्तिगत घटना शाखा हेर्ने कर्मचारी उपस्थित भई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ । यसबाट धेरै सामाजिक सुरक्षा भत्ता लाभग्राही लाभान्वित भएका छन् ।

## १३. उद्योग, व्यवसाय, सहकारी तथा बजार अनुगमन :

हालसम्म गाउँपालिकामा व्यवसाय दर्ता तथा नवीकरणको विवरण तपशिल बमोजिम रहेको छ ।

तपशिलः-

| कुल दर्ता भएको व्यवसायहरु | गत आ.व. सम्ममा दर्ता भएको व्यवसायहरु | यस आ.व. मा दर्ता भएको व्यवसायहरु | हालसम्म नवीकरण भएका व्यवसायहरु |
|---|---|---|---|
| ५६१ | ५१८ | ४३ | १४४ |

- चाडबाडको समयमा हुने महगी, ठगी तथा गुणस्तरहिन सामग्री विक्रि वितरण गर्न सक्ने कामलाई निरूत्साहित गर्न उपाध्यक्ष ज्यूको संयोजकत्वमा बजार अनुगमन समिति गठन गरी विभिन्न वडा अन्तर्गतको बजार अनुगमन गरिएको छ भने वडा अध्यक्षको संयोजकत्वमा समेत बजार अनुगमन समिति बनाई वडालाई अख्तियारी प्रदान गरिएको छ ।
- अनुगमनको क्रममा देखिएका म्याद नाघेका वस्तुहरू नष्ट गरी सम्बन्धित पसलदाता एवं व्यवसायीहरूलाई एक पटकको लागि सचेत गराइएको छ ।
- गाउँपालिका अन्तर्गत रहेका सहकारी संस्थाहरूको विवरण तपशिल बमोजिम रहेको छ ।

तपशिलः-

| कुल संस्था | अनुगमन भएका संस्था | अनुगमन हुन बाँकी संस्था | कोपोमिस सुरू गर्न युजर पासवर्ड लिएको संस्था | साधारण सभा भएको संस्था | निष्कृय देखिएको संस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| १८ वटा | १४ वटा | ४ वटा | ९ वटा | ११ वटा | ४ वटा | चालु आ.व. भित्रै बाँकी संस्थामा समेत अनुगमन सम्पन्न गरी ईकाई प्रमुखले प्रतिवेदन पेश गर्ने |

गाउँपालिका अन्तर्गत रहेका सहकारी संस्थाका पदाधिकारीहरूलाई सहकारी विभाग, नयाँबानेश्वरसँग समन्वय र सहकार्यमा ३ दिने क्षमता विकास कार्यक्रम (कोपोमिस, नेतृत्व विकास तथा लेखापालन तालिम सम्पन्न भएको छ । जसअन्तर्गत १४ वटा संस्थाका २७ जना (१५ पुरूष र १२ महिला पदाधिकारीहरू सहभागी भएको थियो ।

## १४. जिन्सी तथा आन्तरिक व्यवस्थापन

- प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रियाको अबलम्बन गरी गाउँपालिका तथा मातहतका कार्यालयहरुलाई स्वीकृत बजेटको परिधि भित्र रही खरिदका कार्यहरु नियमित रुपमा गरिएको छ ।
- गाउँपालिकाको चल अचल सम्पत्तिको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टि तथा अद्यावधिक गर्ने कार्य गरिएको छ । पूराना अवस्थाका ढड्डा प्रणालीलाई प्रयोग नगरी विद्युतिय व्यवस्थापन प्रणाली मार्फत मात्र जिन्सी सम्पत्तिको अभिलेखांकन गरिएको छ ।

## १५. सूचना प्रविधि :

- गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतका केही वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरु र सामुदायिक विद्यालयहरुमा फाइबर इन्टरनेट जडानको कार्य सम्पन्न गरिएको छ ।
- गाउँपालिका कार्यालयको आफ्नो लोगो निर्माण गरी मिति २०८१ साल वैशाख १४ गतेको गाउँकार्यपालिका बैठकको निर्णयानुसार गाउँपालिका र सो अन्तर्गतको कार्यालयहरूमा लागू गरिएको छ ।
- वार्षिक अवधिमा सूचनाको हक सम्न्धी ऐन २०६४ बमोजिम कार्यालयको सुचना माग गर्ने २ जना व्यक्तिलाई सूचना उपलब्ध गराइएको छ ।

## १६. ऐन कानूनहरु

गङ्गाजमुना गाउँपालिकामा चालु आ.व. को वार्षिक समयावधिमा तपशिल ६ वटा कार्यविधिहरू निर्माण गरिएको छ ।

i. प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०
ii. वडा शिक्षा समिति तथा वि.व्य.स. गठन कार्यविधि, २०८०
iii. शिक्षक प्रोत्साहन कार्यविधि, २०८०
iv. पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
v. कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०
vi. दरबन्दी मिलान तथा शिक्षक सरूवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

## १७. न्यायिक कार्य

- स्थानीय स्तरमा उत्पन्न भएको विवाद स्थानीय स्तरमै समाधान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम गठन भएको स्थानीय न्यायिक समितिमा वार्षिक अवधिमा ६ वटा दर्ता भएकोमा २ बटा न्यायिक समितिबाट मिलापत्र भएको, ३ बटा न्यायिक समितिबाट निर्णय भएको र १ वटा उजुरीमा छलफल भैरहेको फस्यौट हुन बाँकी रहेको छ ।
- स्थानीय न्यायिक समितिमा दर्ता हुन आएका विवादहरू किनारा लगाउने क्रममा न्यायिक समितिको बैठक र इजालास १६ पटक सञ्चालन गरिएको छ ।
- न्यायिक समिति तथा गाउँपालिकाको लागि कानूनी सहजीकरणको लागि कानून बमोजिम कानूनी परामर्शदाता छनौट गरी कानून निर्माण तथा बहस पैरवी एवं कानुनी समस्या सम्बन्धी निराकरणको लागि सहजीकरण भएको छ ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको लागि क्षमता विकास सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको छ ।
- गाउँपालिकाको ७ वटै वडाहरुका मेलमिलाप केन्द्रका मेलमिलाप कर्ताहरु ३२ जनालाई पुनर्ताजगी तालिम दिइएको छ र सात वटै वडामा प्रत्येक मेलमिलाप केन्द्रको व्यवस्थापनको लागि १ दराज, १ टेवल, ७ कुर्ची र १ फ्लेक्स बोर्ड उपलव्ध गरिएको छ ।

## १८. उद्यम विकास कार्यक्रम :

युवापुस्तालाई रोजगारीमा जोडौ, सुनौलो भविश्यको थालनी गरौ" भन्ने मुल नारालाई आत्मसाथ गर्दै गरिबी निवारण तथा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत तपशिल कार्यक्रम सम्पन्न गरिएको छ ।

तपशिलः-

| सि. नं. | कार्यक्रम | वडा नं. | लाभान्वित संख्या |
|---|---|---|---|
| १ | साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण सम्पन्न | २ | वडा २ सबै बासिन्दा |

| सि. नं. | कार्यक्रम | वडा नं. | लाभान्वित संख्या |
| --- | --- | --- | --- |
| २ | पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम (कन्या च्याउ र मौरी तालिम) | ४ | १६/१६ गरी ३२ जना प्रविधि हस्तान्तरण अन्तर्गत मौरी तालिम लिनेलाई प्रति व्यक्ति एउटा मौरीको घार वितरण र कन्या च्याउ तालिम लिनेलाई प्रतिव्यक्ति आवश्यक बीउ, प्लास्टिक लगायत आवश्यक सामाग्रीहरू वितरण गरिएको |
| ३ | नयाँ लघु उद्यमी सिर्जना (कन्या ६ च्याउ तालिम) | ६ | २५ जना |
| ४ | नयाँ लघु उद्यमी सिर्जना (सिताके च्याउ र मुढा तालिम) | ७ | सिताके च्याउ तालिममा ११ जना र मुढा तालिममा ९ जना |

**१९. पर्यटन, कला र साँस्कृतिक प्रवर्द्धन तर्फः-**

- ट्रेकिङ्ग एजेन्सिज एशोसियसन अफ नेपाल (TAAN) को साझेदारीतामा गङ्गाजमुना गाउँपालिकाको पालिका गौरवको आयोजना अन्तर्गतको ग्रिन ट्रेकिङ्ग ट्रेल एवं अन्य प्राकृतिक, सांस्कृतिक, साहसिक पर्यटनको सम्भाव्यता अध्ययन एवं प्रवर्द्धनको लागि गाउँपालिका भ्रमण गरी सोको प्रतिवेदन अन्तिम चरणमा पुगेको छ ।
- गाउँपालिका भित्र रहेका होमस्टे सञ्चालकहरूलाई टानकै साझेदारीतामा करिब ३५ जनालाई ३ दिने पर्यटन सत्कार तथा कुकिङ्ग तालिम प्रदान गरिएको छ ।
- होमस्टे प्रवर्द्धनको लागि गाउँपालिकाको विभिन्न स्थानहरूमा पर्यटकीय पूर्वाधारहरू निर्माण सम्पन्न भएको छ । जसमा भैसे पाहुना घर, पोखरा पदमार्ग, पासाङचोक पर्यटक विश्रामस्थल, गुरूङ्गगाउँ पदमार्ग लगायतको संरचना बनेको छ ।
- टान र गाउँपालिकको साझेदारीतामा वडा नं. २ स्थित तप्राङ्ग खोला मुनिको तेम्बायारा मह भिरमा हनि हन्टिङ्गलाई प्रवर्द्धन गर्ने कार्य गरिएको छ ।
- टान र गाउँपालिकाको समन्वय एवं साझेदारीतामा गाउँपालिकाको सिमाना क्षेत्र, स्वागतम र धन्यबादको बोर्ड तथा महत्वपूर्ण क्षेत्रहरू सहितको डिटेल म्याप अन्तिम चरणमा पुगेको छ ।

**२०. आम्दानी तथा खर्च विवरण :**

**(क) आम्दानी तर्फ :**

आ.व. २०८०/०८१ को २०८१ साल असार ७ गते सम्म संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तथा अनुदान र गाउँपालिकाको आन्तरिक आय तर्फको विवरण तपशिल बमोजिम रहेको छ ।

तपशिलः-

| आय विवरण | संघ | प्रदेश |
|---|---|---|
| राजश्व बाँडफाँड | ६,४०,४७,५१०.१६ | १.६१.६४.८१६.५४ |
| समानीकरण अनुदान | ८,८८,५७,८९०,०० | १,२४,७६,००० |
| शसर्त अनुदान | २२,०५,८७५०० | २,२३,४६,००० |
| विशेष अनुदान | ८,७५,००० | १०००००० |
| समपुरक अनुदान | ३२९४००० | २०००००० |
| जम्मा | ३७,७६,६१,९०० | ८०९८६८१६.५ |
| जम्मा संघ र प्रदेशबाट प्राप्त आय | | ४५.८६,४८,७१६ |
| गाउँपालिकाको आन्तरिक आय | | ६६,५६,०७९.२८ |
| गत आ.व. को मौज्दात | | ३.७१,०७,००० |
| जम्मा आम्दानी विवरण | | ५०,२४,११.७९६ |
| जम्मा आम्दानी प्रतिशत | | ८६.८४% |

**(ख) बजेट तथा खर्च तर्फ :**

चालु आ.व. २०८०/०८१ को २०८१ साल असार ७ गते सम्म खर्च विवरण तपशिल बमोजिम रहेको छ ।

| खर्चको प्रकृति | अनुमानित बजेट | हाल सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ३३.९५,२३,०६१.६६ | २७,३५,६०,८४४.२७ | ८०.५६% |
| पुंजी | २३,८९,८८,००० | १२.९१,७३,१९३.०० | ५४.०५% |
| जम्मा | ५७,८५,११,०६१.६६ | ४०,२७.३४.०३७.२७ | ६९.६१% |

अन्त्यमा, गाउँपालिकाको नीति तथा कार्यक्रमलाई अनुसरण गर्दै चालु आ.व. २०८०/०८१ को योजना तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्न दिन रात खटिरहनु हुने गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, सम्पूर्ण कर्मचारी साथीहरू, संचारकर्मी, सरोकारवाला सबै राजनैतिक दल तथा समग्र आम गङ्गाजमुना बासीहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दै हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।

अनिल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

# अध्यक्ष श्री भक्तबहादुर लामा ज्यूद्वारा प्रस्तुत

## आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम




स्थानीय सरकार

गङ्गाजमुना गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

फूलखर्क, धादिङ

बागमती प्रदेश, नेपाल

## गाउँपालिकाका अध्यक्ष श्री भक्त बहादुर लामा ज्यूले आ.व.२०८१/०८२ को गरिमामय दोस्रो गाउँ सभाको पाँचौ अधिवेशन समक्ष प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम

आजको यस गरिमामय दोस्रो गाउँ सभाको पाँचौ अधिवेशनका प्रमुख अतिथि जिल्ला समन्वय समिति, धादिङको प्रमुख अतिथि श्री नवराज अधिकारी क्षेत्री ज्यू,

उपाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरू,
गाउँपालिकाका कर्मचारी साथीहरू लगायत सम्पूर्ण उपस्थित महानुभवहरू,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी वहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ ।

## विद्यमान परिवेश राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर बनाएको छ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन् । उब्जाउ खेत वारी बाँझो हुन पुगेका छन् । यस सन्दर्भमा युवालाई देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी वढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाई थप प्रभावकारी वनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

## विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

### विद्यमान अवसरहरूः

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन्ः

- ❖ संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- ❖ आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन,कानून तर्जुमा,योजना तर्जुमाको अभ्यासहुनु ।
- ❖ विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- ❖ गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- ❖ सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
- ❖ सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई वजार सम्मको पहुँच स्थापित हुनु ।
- ❖ घरहरूको निर्माणमाभवनसंहिता पालना हुने क्रम वढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण वढ्नु ।

### विद्यमान चुनौतीहरूः

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन्ः

- रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
- वजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
- गुणस्तरीय बीउबिजन, मलखाद समयमा नै उपलब्ध गराउनु ।
- युवा जनशक्तिलाई कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
- ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।
- निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
- सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विनागरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
- भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
- अव्यवस्थित वस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित वस्ति विकास गर्नु ।
- बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।
- सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) को मापदण्ड अवलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।
- विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**<u>नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि</u>**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू वनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोहौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँरपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

सोह्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना रगाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रवन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षणलाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च वढाउने नीति लिइएको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभा सदस्य ज्यूहरु,

अब म आ.व. २०८१/०८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**क) सामाजिक विकास समिति :-**

**शिक्षा शाखा तर्फः**

१) शैक्षिक सत्र २०८१ देखि प्रत्येक विद्यालयको न्युनतम सिकाइ उपलब्धी कम्तिमा ५०% भन्दा बढि हुने गरी सहजिकरण तथा शैक्षिक पक्षको व्यवस्थापन गरिने छ ।

२) विशेष परिस्थिति बाहेक शिक्षक कर्मचारीको तलब भत्ता मासिक रुपमा निकासा हुने व्यवस्था गरिने छ ।

३) शिक्षक सरुवा तथा दरबन्दी मिलान व्यबस्थापन कार्यविधि २०८१ बमोजिम शिक्षक र विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दीको पुन वितरण गरी गाउँपालिका अनुदान शिक्षक आवश्यकता भएका विद्यालयमा थप गरी अन्य विद्यालयमा क्रमश घटाइदै लगिने छ ।

४) विद्यालय सुपरिवेक्षणमा जोड दिइ कक्षाकोठा शिक्षण सिकाइ क्रियाकलाप र विद्यार्थीको सिकाइ उपलब्धीमा उत्कृष्टता ल्याउने शिक्षकहरुलाई सम्मान सहित प्रोत्साहित गरिने छ ।

५) शिक्षकहरुको दक्षता अभिवृद्धि गराउदैं कक्षाकोठामा ICT को प्रयोग गर्ने विद्यालयहरुलाई प्रविधि मैत्री विद्यालय घोषणा गरिने छ ।

६) कक्षा ३, ५, ८, १० र १२ को सिकाइ उपलब्धी परिक्षण गरी उच्चतम सिकाइ उपलब्धी हुने विद्यालयहरुलाई प्रोत्साहित र न्युनतम हुने विद्यालयलाई आवश्यकता पहिचान गरी सहजीकरण गरिने छ ।

७) शिक्षककोलागि TPD तालिम, बिषयगत शिक्षक कार्यशाला, सहपाठी शिक्षण, पाठ शिक्षण, नमुना विद्यालय अवलोकन भ्रमणको माध्यमबाट शिक्षकहरुको पेसागत क्षमताको विकास गरिने छन।

८) विद्यार्थीबाट कुनै पनि शुल्क नलिने गरी विद्यालय शिक्षालाई पुर्ण निशुल्क बनाइने छ ।

९) विभिन्न अतिरिक्त क्रियाकलाप, आशु प्रतिभा पहिचान कार्यक्रम, विज्ञान प्रदर्शनी जस्ता कार्यक्रमहरुबाट विद्यार्थीको अन्तरनिहित प्रतिभाको विकास गरिनेछ । विद्यार्थीहरुको संगित, नृत्य, योग, खेलको विकास गर्न गाउँपालिका भित्रकै शिक्षकहरुलाई प्रशिक्षकको रुपमा व्यवस्थापन गरिनेछ ।

१०) असाहय, विपन्न विद्यार्थीहरुको शैक्षिक सामाग्री व्यवस्थापनको लागि छात्रवृतिको व्यवस्था गरिनेछ ।

११) स्थानीय पाठ्यक्रम समायानुकुल परिमार्जन गरिने छ र जनचेतनामुलक कार्यक्रमको माध्यमबाट विद्यालयमा अभिभावकहरुको सक्रियता बढाइने छ ।

१२) विद्यालय शिक्षा बाहिर रहेका बालबालिकाहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट आधारभुत शिक्षाको सुनिश्चतता गरिने छ ।

<u>स्वास्थ्य शाखा तर्फः-</u>

१) सामुदायिक महिला स्वास्थ्य स्वंसेविकाले गरेको योगदानको उच्च कदर गरी जिम्मेवारीलाई समयानुकुल परिष्कृत गर्दै हाल प्रदान गरिदै आएको यातायात खर्च रकमलाई बृद्दि गरी थप प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२) गर्भवती, सुत्केरी तथा नवजात शिशुको स्वास्थ्यमा जटिलता उत्पन्न भएमा समयमा नै थप उपचार गरी मातृ तथा नवजात शिशु मृत्यु दरमा कमी ल्याउन गर्भवती तथा सुत्केरी महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ । सुत्केरी महिलाहरुमा हुने न्युनपोषणको

समस्यालाई कम गर्न तथा स्वास्थ्य संस्थामा नै सुरक्षित प्रसुति सेवा लिन प्रोत्साहित गर्न प्रदान गर्दै आइरहेको पोषण प्याकेज कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३) दलित घरपरिवारलाई स्वास्थ्य उपचारमा सहज र सरल रुपमा पहुँच पुऱ्याउन दलित घर परिवारलाई दिदै आईरहेको निशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाईनेछ ।

४) यस गाउँपालिकाभित्र रहेका ग्रामिण अस्पताल, स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाइहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाहरु गुणस्तरीय र भरपर्दो पारिनेछ ।

५) जनताको आधारभूत स्वास्थ्य सेवा, प्रवर्द्धनात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवालाई थप परिष्कृत एवं एकिकृत रुपमा संचालनको लागि गाउँपालिकाको आन्तरिक स्रोतबाट संचालन हुँदै आईरहेको फुलखर्क ग्रामिण अस्पताल, स्वास्थ्य चौकीहरु, सामुदायिक स्वास्थ्य ईकाइहरु र गङ्गाजमुना ग्रामिण आँखा केन्द्रलाई क्रमिकरुपमा आवश्यक पूर्वाधार स्थापना, ल्यावसेवा सुदृढिकरण, मेशिनरी औजार, उपकरणहरुको व्यवस्थापन गरी स्तरोन्नती गरिदै लगिनेछ ।

६) निःशुल्क आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको सुलभ र सरल पहुँचको व्यवस्थामा थप सुधार गर्न अत्यावश्यकीय औषधी तथा उपकरणहरुको अभाव हुन नदिने व्यवस्था मिलाईनेछ ।

७) महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सर रोकथामका लागि निःशुल्क स्क्रिनिङ तथा सचेतना मूलक कार्यक्रम र विशेषज्ञ सहितको स्वास्थ्य सेवा प्रदान गर्नको लागि निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८) स्वास्थ्य कर्मीहरुको क्षमता विकास तथा उत्प्रेरणाको लागि नमूना अस्पताल तथा नमूना स्वास्थ्य चौकी अनुगमन अवलोकन भ्रमण तथा खोप क्लिनिक र गाउँघर क्लिनिक संचालन गर्न खटिने फिल्डमा जाने कर्मचारीहरुको लागि प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

९) सुनौला हजार दिनका बालबालिकाहरुलाई नियमित रुपमा बृद्दि अनुगमन गरी समयमा नै पोषणको अवस्था लेखाजोखा गरी नियमित रुपमा बृद्दि अनुगमन गर्नको लागि प्रोत्साहन स्वरुप प्रदान गर्दै आईरहेको आयोडिन युक्त धुलो नुन वितरण कार्यक्रमलाई निरन्तरता दिइ विद्यालयमा संचालनमा रहेको दिवा खाजालाई पोषण मैत्री बनाई अस्वस्थकर खाना निषेध गर्दै लगिनेछ । स्वास्थ्य शाखा र शिक्षा, युवा तथा खेलकुद शाखासँग समन्वयमा एकीकृत स्वास्थ्य शिक्षा तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०) कडा रोग लागेका आधिकारिक चिकित्सकबाट प्रमाणित भएका मृगौला रोग, मुटु रोग, क्यान्सर, स्पाईनल इन्जुरी, पार्किन्सन रोग, अल्जाइमर्स, हेड ईन्जुरी, सिकल सेल एनिमिया भएका बिरामीहरुकालाई प्रदान गर्दै आइरहेको यातायात खर्च रकमलाई निरन्तरता दिइनेछ ।

११) यस गङ्गाजमुना गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाको कार्यक्रम कार्यान्वयन, व्यवहार, स्रोत परिचालन, सेवा प्रभावको अवस्था, सेवाको गुणस्तर, पारदर्शीता, प्रभावकारिताबारे बिश्लेषणात्मक लेखाजोखा गर्नको लागि सामाजिक परिक्षण कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

**<u>खानेपानी तथा सरसफाई तर्फः-</u>**

१) जलस्रोत व्यवस्थापन गुरूयोजना तयार गरी खानेपानी, सिंचाई, विद्युत र भू तथा जलाधार संरक्षण समेत जलस्रोत उपयोग रणनीति तयार गरिनेछ ।

२) खानेपानी सेवा सुविधालाई जनस्वास्थ्य तथा पूर्ण सरसफाइ कार्यक्रमसँग एकीकृत गरी संचालन गरिनेछ ।

३) एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिई बिभिन्न संघ सस्थाहरुको सहकार्यमा अबको २ बर्ष भित्र सम्पन्न गर्ने गरी काम अगाडि बढाइनेछ ।

४) खानेपानीको मुलहरूको पहिचान गरी संरक्षण गरिनेछ ।

५) स्वच्छ र सफा खानेपानी पिउन पाउने जनताको अधिकारलाई सुनिश्चितता गर्नको लागि गाउँपालिकामा नै पानी परिक्षणको व्यवस्था मिलाइनेछ ।

६) सन्चालनमा भइरहेको खानेपानी मुहानहरुलाई सकेसम्म मुहान दर्ता नवीकरण गर्न लगाउने र नयाँ निर्माण हुने योजनालाई अनिवार्य रुपमा मुहान दर्ता गर्ने व्यवस्था गरिनेछ ।

७) जलवायु परिवर्तनले गर्दा खानेपानीहरुको मुहान सुक्दै गएकोमा त्यस समस्यालाई न्युनिकरण गर्नको लागि खानेपानी मुहान वरपर वृक्षारोपण गरिनेछ ।

८) यस गाउँपालिकाभित्र रहेका पुराना ढुङ्गे धारा, पोखरी र कुवा लगायत पुराना संरचनाहरुलाई संरक्षण गरिनेछ ।

९) घर तथा संस्थाबाट निस्कने फोहोरलाई संकलन र विसर्जनको लागि संस्थागत व्यवस्था, साधन श्रोत र स्थानको व्यवस्था गरिनेछ । घर तथा सार्वजनिक स्थलको फोहोरमैलालाई कुहिने र नकुहिने छुट्याई व्यवस्थापन गर्न टोल सरसफाइ समिति गठन, तालिम र परिचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०) कपडा, जुटका झोला प्रबर्द्धन गरी प्लाष्टिकजन्य पदार्थ प्रयोगलाई विस्थापन गर्दै लगिनेछ ।

११) गाउँपालिकाभित्र आगमनहुने अतिथि सत्कार एवं अन्य सम्मान, स्वागत र बिदाई लगायत कार्यक्रममा प्रयोग गरिदै आएको खादा लगाईदिने परिपाटीलाई विस्थापित गरी फूलको माला वा गुच्छाको प्रयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२) यस गाउँपालिकाभित्र पाल्नुहुने अतिथिहरुलाई बजारको उत्पादित पेय पदार्थलाई निरुत्साहित गर्दै घरेलु पेय पदार्थ (दहि, मोहि, लस्सी आदी) लाई प्रोत्साहन गरिनेछ ।

१३) बजारबाट आयातित प्लाष्टिकजन्य मदिरा पेय पदार्थलाई पूर्णरुपमा निषेध गरी घरेलु मदिरालाई गुणस्तर निर्धारण गर्न प्रयास गरिनेछ ।

ख) <u>आर्थिक विकास समिति :</u>

<u>कृषि विकास तर्फः-</u>

१) कृषकहरुलाई स्थानीय उत्पादनको स्थानीय स्तरमानै खपत गर्न हाटबजारको उचित व्यवस्थापन गरी बजारीकरण बृद्धी गर्नका लागी प्रोत्साहन गरिनेछ ।

२) रासायनिक मललाई निरुत्साहित गरिदै प्राङ्गारीक खेतीलाई प्रोत्साहान गरिने छ ।

३) कृषकहरुलाई समूहमा आवद्ध गराउदै सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

४) कृषि समूहहरुलाई तरकारिको मौसमी र बेमौसमी उत्पादनमा सहजिकरण गर्दै आत्म निर्भर र व्यवसायिक बनाउदै लगिनेछ ।

५) गाउँपालिका भित्र उत्पादित तरकारीको बजारीकरणमा सहयोगको लागी तरकारी सङ्कलन केन्द्रको स्थापना गरिनेछ ।

६) प्रत्येक वडालाई पकेट क्षेत्र निर्धारण गरी उक्त वडालाई कुनै निश्चित बाली बिरुवाको पकेटको रुपमा क्षेत्र विस्तार गरिनेछ ।

७) आकस्मिक रुपमा बालि नालीमा देखा पर्ने र महामारीको रुपमा फैलिने रोग र किराको व्यवस्थापनको आवश्यक प्रबन्ध मिलाइनेछ ।

८) कृषि विकास शाखाबाट गत आ.व.हरुमा प्रदान गरिएको अनुदानहरुको प्रभाव मुल्याङ्कन गर्नुको साथै आगामी आ.व.मा सञ्चालन हुने सम्पूर्ण कार्यक्रमहरुको नियमित अनुगमन गरिनेछ ।

९) कृषि उत्पादनलाई प्रविधिमैत्री बनाई कृषकहरुको लागि आधुनिक कृषि यन्त्र उपलब्ध गर्ने कार्यलाई जोड दिइनेछ ।

१०) कृषकहरुलाई व्यवसायिकरण गर्दै आत्मनिर्भर बनाउन मौरी पालन व्यवसायलाई पकेट क्षेत्र निर्धारण गरी व्यवस्थित गरिनेछ ।

<u>पशु विकास तर्फः-</u>

- औषधि व्यवस्था विभागले तयार पारेको पशुपन्छीमा प्रयोग हुने अत्यावश्यक औषधिमा कृषकको पहुँच बढाउनको लागि औषधि खरिद गरिनेछ ।
- नेपाल सरकारले लिएको लक्ष्य अनुसार पशुपन्छीमा लाग्ने विभिन्न विषाणुजन्य रोग उन्मुलनमा टेवा पुर्‍याउन विभिन्न थरिका भ्याक्सिन खरिद गरी लगाईनेछ ।
- छाडा तथा सामुदायिक कुकुरको अनावश्यक संख्या वृद्धि रोक्न र रेबिज जस्तो घातक रोग फैलिन नदिन पालिकाको सम्पूर्ण वडामा कुकुर बन्ध्याकरण शिविर संचालन कार्यलाई निरन्तरता दिईनेछ ।

- पशुधनको क्षेतिको कारणले कृषकलाई हुने आर्थिक भार न्यूनीकरण गर्नको लागि पालिका भरि पशु बिमा कार्यक्रम लागु गरिनेछ ।
- भौगोलिक विकटताको कारणले पशु सेवाबाट बन्चित रहेका कृषकहरुलाई पशु सेवा प्रदान गर्न पालिकाको सबै वडामा शिविर कार्यक्रम संचालन गरिनेछ ।
- दुध,मासु, अन्डा,जस्ता पशु जन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउने उद्देश्यले यस पालिकामा एक वडा एक पकेट कार्यक्रम संचालन गरिनेछ ।
- पशु उपचारलाई प्रभावकारी र व्यवस्थित बनाउनको लागि पालिकामा पशु प्रयोगशालाको स्थापना गरिनेछ ।
- पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने विभिन्न रोगको बारेमा जनसमुदायमा जनचेतना जगाउन जुनोटिक रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- संघ,प्रदेश र पालिकाबाट संचालित विभिन्न कार्यक्रमहरुको प्रभावकारिता र पारदर्शीता कायम राख्नको लागि पालिका स्तरबाट जुनसुकै समयमा अनुगमन गरिनेछ ।

<u>उद्योग व्यवसाय तर्फः-</u>

१) गङ्गाजमुना गाउँपालिकामा दर्ता भएका व्यवसायहरुको अनुगमन र नवीकरण वडा कार्यालयको समन्वयमा वडामा नै उपलब्धतालाई निरन्तरता दिइनेछ ।

२) गङ्गाजमुना गाउँपालिकामा रहेका बजारहरु व्यवस्थित रुपमा संचालन गर्न गाउँपालिका र वडा कार्यालयको समन्वय र सहकार्यमा अनुगमन प्रणालीलाई व्यवस्थित बनाइने छ ।

३) गङ्गाजमुना गाउँपालिकाभित्रका अव्यवस्थित रुपमा प्रयोग भएका मदिराहरुलाई निरुत्साहीत गरिने ईजाजत पत्र प्राप्त नगरि मदिराजन्य पदार्थ बिक्री गरेमा दण्ड जरिवाना गरिनेछ ।

४) गङ्गाजमुना गाउँपालिका भित्र सञ्चालनमा रहेका उद्योग व्यवसायहरुले समयमा नै तोकिएको समयमा नवीकरण नगरेमा कार्यालयको वेवसाइट तथा अन्य माध्यमवाट नाम प्रकाशित गरिने छ ।

५) गङ्गाजमुना गाउँपालिकाभित्र सञ्चालित व्यवसायहरुलाई करको दायरामा ल्याउनको लागि अघिल्ला आ.व.हरुमा नवीकरण नगरी सञ्चालन भएका व्यवसायहरुलाई एक पटकको लागि निश्चित अवधि तोकी सम्म जरिवाना वापतको शुल्कलाई मिनाहा गरिनेछ ।

६) यस गाउँपालिकाभित्र सञ्चालित व्यवसायहरुलाई करको दायराभित्र ल्याउन गाउँपालिकाबाट कर शिक्षा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>सहकारी तर्फः-</u>

१) गङ्गाजमुना गाउँपालिकामा रहेका सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुलाई क्षमता विकासको कार्यक्रम सञ्चालन गरिने छ ।

२) सहकारी संस्थाहरुको नियमन तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाइने छ ।

३) निष्कृय रहेका सहकारी संस्थालाई सक्रियता वा खारेजी प्रक्रियामा लगिने छ ।

४) सहकारी संस्थाहरुको प्रगति प्रतिवेदनलाई थप व्यवस्थित गरिने छ र यसैको आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गरिने छ ।

५) कोपोमिस प्रणालीलाई अनिवार्य रुपमा सम्पूर्ण सहकारी संस्थाहरुमा कार्यान्वयनमा ल्याइनेछ । साथै अन्य प्रयोगमा आएका प्रणालीहरुलाई कोपोमिससँग आवद्ध गरिनेछ ।

६) यस गाउँपालिका अन्तर्गत रहेका सहकारीहरुलाई कानूनले तोकिए बमोजिम करको दायराभित्र ल्याइनेछ ।

<u>रोजगार तर्फः-</u>

१) आ.व.२०८१/०८२ देखि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा गाउँपालिकाको लागत साझेदारी कायम गरी वडा तहमा समेत लागत साझेदारी गराउन र रोजगारीको प्रबन्ध र भौतिक पूर्वाधारको समेत विकास गरिनेछ । त्यस्तै गाउँपालिका स्तरीय तथा वडा स्तरीय आयोजनामा समेत रोजगार सेवा केन्द्र मार्फत श्रमिकको आपूर्ति गरिनेछ । यस्तो साझेदारीमा आवश्यक कार्यविधि बनाएर श्रमिकको ज्याला तर्फको खर्च प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र अन्य निर्माण सामाग्री तर्फको खर्च पालिका तथा वडा स्तरबाट योग्दान हुनेछ ।

२) वैदेशिक रोजगारिबाट फर्किएका व्यक्तिहरुलाई उनीहरुको सीप र क्षमताको आधारमा स्थानीय स्तरमै प्रयोग हुने खालका योजनाहरु बनाएर समन्वय गरिनेछ ।

३) स्थानीय स्तरमा रोजगारीको प्रवर्दनका लागि आवश्यक निर्माण कार्यहरुमा सम्भव भएसम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणालीमा बेरोजगार सुची अद्यावधिक र व्यवस्थित गरिनेछ । पालिका भित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सो को सुचना प्रवाह गरिनेछ ।

४) वैदेशिक रोजगारिमा जाने व्यक्तिको लागि श्रम स्वीकृतिर पुनःश्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ ।

५) श्रमको सम्मान राष्ट्रको अभियान भन्ने नाराका साथ मर्यादित रोजगारीका अवसरहरुको सिर्जना गर्न, कुनै पनि काम सानो या ठुलो हुदैन भन्ने भावनाको जागृत गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मुख जीवनशैली उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यवस्थापन गराउने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

६) संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारिको क्षेत्र विस्तार गरिनेछ । गरिवी न्युनीकरण तथा रोजगारीको अवसरहरु वृद्धि गर्न पहलकदमी चालिनेछ ।

७) गङ्गाजमुना गाउँपालिकालाई बेरोजगार मुक्त गाउँपालिका बनाउन पहल गरिनेछ ।

**ग) <u>भौतिकपूर्वाधार विकास समिति</u>**

१) भौतिक पूर्वाधार निर्माण सम्बन्धिकार्य गर्दा प्राकृतिक सुन्दरता कायम राख्दै पर्यावरण मैत्री दिगो विकासमा जोड दिइनेछ ।

२) भौगोलिक अवस्थित र विविधताअनुसारको सडक, भवन, पुल, सिचाई कुलो, खानेपानी निर्माण प्रविधी सम्बन्धीत अध्ययन र विकास गरिनेछ । साथै पालिका सडक यातायात गुरुयोजना अद्यावधिक गरी कार्यान्वयन गरिनेछ ।

३) गाउँपालिकाभित्र निर्माण हुने आर.सि.सि. पक्की भवनहरुको अनिवार्य रुपमा नक्सा पास गरेर मात्र भवन निर्माण सुरु गर्ने र यस भन्दा पहिले बनिसकेको भवनलाई अभिलेखिकरण गर्ने व्यवस्था गरिनेछ ।

४) गाउँपालिकाभित्र भएका सरकारी भवनहरुको विवरण संकलन गरी अभिलेखिकरण तयार गरिनेछ ।

५) सडकमा पर्ने पुलहरुको निर्माणलाई प्राथामिकताका साथ अगाडी बढाउन केन्द्र र प्रदेशमा माग गरिनेछ ।

६) "नियमित मर्मत संभार : दिगो सडकको आधार" को मर्म अनुसार पालिका स्तरका सडकको नियमित मर्मत संभार कार्यलाई योजनाबद्ध रुपमा अगाडी बढाइने छ । साथै बर्षातको समयमा यातायात नियमित गर्ने (सडक हेरालु) को व्यवस्थापन गरिनेछ ।

७) प्राकृतिक तथा भौगोलिक रुपले भु-क्षय तथा बाढी पहिरो उच्च जोखिममा रहेका पालिका सडकहरुको अध्ययन गरी थप सडक सुरक्षा संरचनाहरुको निर्माण तथा वायो इन्जिनियरिङलाई प्रथामिकता दिइनेछ ।

८) सम्पुर्ण भौतिक पूर्वाधारका आयोजनाहरुलाई विकास र व्यवस्थापनको जिम्मा उपभोक्ता समितिलाई दिइनेछ । साथै योजनाहरुको दिगोपना र गुणस्तरको लागी सम्पुर्ण वडाहरुमा उपभोक्ता समिति र स्थानीय उपभोक्तहरुलाई क्षमता मुलक तालिमहरु दिने व्यवस्था गरिनेछ ।

९) नविकरणिय तथा वैकल्पिकउर्जाको अधिक्तम प्रयोग गरी उर्जा खपत विस्तार गर्ने निति लिइनेछ । साथै घरायसी बायोग्याँस र विद्युतीय चुलोको प्रयोग मार्फत पेट्रोलियम पदार्थ र एल.पि. ग्यासको प्रयोगलाई विस्थापित गर्दै लगिनेछ ।

१०) खाद्य सुरक्षाको लागी उत्पादन बृद्धिको निम्ती सिंचाईको मर्म अनुरुपपालिका स्तरमा साना तथा मझौला सिंचाई आयोजना संचालन गरिनेछ ।

११) गुणस्तरिय आयोजनाहरु निर्माणको लागि पालिका स्तरीय गुणस्तर परीक्षणको लागि भौतिक प्रयोगशाला स्थापना गरिनेछ ।

१२) योजना शुरु हुनुभन्दा अगाडी साइट क्लियरयन्स (निजी, सामुदायिक, सार्वजनिक वा कुनै पनि प्रकारको वन कटान) सम्बन्धी काम हुने योजना तथा कार्यक्रममा वन डिभिजन कार्यलयबाट स्वीकृत पाए पश्चात मात्र इस्टिमेट बनाइनेछ ।

१३) वर्षातका कारण मुख्य सडकमा हुने सक्ने क्षतिको पुनमर्मतलाई प्राथामिकता दिईनेछ । १२ महिना सडक अवरोध नहुने गरी सडक मर्मतमा जोड दिईनेछ ।

१४) यस गङ्गाजमुना गाउँपालिका भित्र संचालन हुने योजनाहरुको अनुगमनलाई प्रभावकारी बनाउनको लागि एप तयार गरिनेछ ।

१५) यस गाउँपालिका भित्र बन्ने नयाँ संरचनाहरुमा गाउँपालिकाको पहिचान हुने गरी रङ्ग लगाउने व्यवस्था मिलाउने ।

१६) यस गाउँपालिकाभित्रको विद्युत सेवाको क्षमतालाई नियमित र प्रभावकारी बनाउनको नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ ।

घ) <u>संस्थागत विकास तथा क्षमता विकास समिति</u>

१) गाउँ कार्यपालिकाको कार्यालयका शाखाहरु तथा वडा कार्यालयहरुबाट प्रवाह हुने सेवा, विकास निर्माण जस्ता गतिविधिहरुलाई पारदर्शी बनाइ सुशासन प्रवर्द्धन गर्ने स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, लैंगिक समावेशीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यक्रमहरु कार्यान्वयनलाई थप व्यवस्थित बनाइने छ ।

२) गाउँ कार्यपिलकाको कार्यालयबाट सञ्चालन गरिने विकास निर्माण सम्वन्धी आयोजनाहरुको निर्माण सामाग्रीहरुको गुणस्तर सुनिश्चतता, आयोजनाको दीगोपन र प्रभावकारी लाभ प्राप्तीका लागि पालिका स्तरीय र वडास्तरीय अनुगमन र मूल्याङकन कार्यलाई प्रभावकारी र व्यवस्थित गरिनेछ ।

३) गाउँपालिकाको कार्यालय विभिन्न शाखा तथा इकाईहरू, अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाइहरु, शैक्षिक क्षेत्रमा क्रियाशील शिक्षकहरु लगायत सम्पूर्ण जनशक्तिको उच्चतम सीप तथा क्षमता विकासको साथै आवश्यक पृष्ठपोषण गरी प्रविधियुक्त बनाइ सेवा क्षेत्रमा उत्प्रेणा ल्याउन आवश्यक सीपविकासका कार्यक्रमहरु प्राथमिकताका साथ अघि बढाइने छ ।

४) गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई व्यवस्थित र भरपर्दो बनाउन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग विषयत शाखा प्रमुखहरु, वडा सचिवहरु लगायत

कर्मचारीहरुलाई कार्य सम्पादन सम्झौता गरी दैनिक कार्यहरुको नियमिता र प्रभावकारी रुपमा सम्पादन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

५) गाउँपालिकामा, कार्यालयका शाखागत कर्मचारीहरु, विषयगत प्राविधिक कर्मचारीहरुलाई आवश्यकता अनुसार क्षमता विकासका कार्यक्रमहरु गरी दक्षजनशक्तिको रुपमा विकास गरी सेवाग्राहीहरुलाई नियमित सेवा प्रवाहमा प्रभावकारिता ल्याइने छ ।

६) पालिकाको समृद्ध विकासको लागि अन्तरपालिका असल अभ्यास आदान प्रदान कार्यक्रमको लागि आवश्यकता अनुसार निर्वाचित जनप्रतिनिधिहरु विषयगत तथा प्राविधिक कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।

७) गाउँपालिकाको कार्यालय अन्तर्गत विभिन्न विषयसँग सम्वन्धित प्राविधिक तथा प्रशासनिक कर्मचारीका करारसेवाका सबै तहका कर्मचारीहरुको निवृत्त हुँदा वा करारसेवाबाट हट्दा रित्तोहात फर्कनु पर्ने अवस्था भएकाले त्यस्ता कर्मचारीहरुलाई आवश्यक कार्यविधी बनाइ केही आर्थिक राहत पुऱ्याउने उद्देश्यले गाउँपालिका एक कर्मचारी कल्याण कोषको व्यवस्था गरिने छ ।

८) सार्वजनिक खर्चलाई वैज्ञानिक र समयानुकुल परिस्कृत र नतीजामुखी बनाउन मध्यकालीन खर्च संरचना (MTEF) पद्धति तर्जुमा गरी प्रयोग गरिनेछ ।

९) कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्यप्रति जागरुक र उत्प्रेणा बनाउन प्राविधिक कर्मचारीहरुले पाउँदै आएको फिल्डभत्तालाई प्रभावकारी बनाउन आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।

१०) कार्यालय समयभन्दा बाहेक अतिरिक्त समयमा कार्यालयमा बसि थप सेवा प्रवाह गर्ने कर्मचारीहरुलाई गङ्गाजमुना गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०८० बमोजिम प्रोत्साहन भत्ता उपलव्ध गरिनेछ ।

११) यस गाउँपालिकाको नाममा एक मात्र सरकारी सवारी साधन भएको र गाउँपालिकाको विकास निर्माणका योजना तथा कार्यक्रम अनुगमन अवलोकन गर्न समय मै सडक यातायात नियमित सुचारु गर्न भाडामा प्राइभेट गाडी लिनु पर्ने बाध्यता भएकोले थप एक चार पाङ्ग्रे सवारी साधनको लागि तालुक निकायमा समन्वय गरिनेछ र आवश्यकता अनुसार थप दुईपाङग्रे सवारी साधनहरुको व्यवस्था गरी कार्य सम्पादनमा सहजता ल्याउने नीति लिइने छ ।

१२) गाउँपालिकाको सबै प्रकारका सेवाप्रवाहका कार्यहरु सम्पादनका लागि आवश्यक पर्ने प्राविधिक आधुनिक उपकरणहरुको व्यवस्था गरी सेवा प्रवाहमा सरलता बनाइने नीतिलाई निरन्तरता दिइने छ ।

१३) यस गाउँपालिकामा विगत देखि वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र गाउँपालिकाको विभिन्न शाखाहरुमा कार्यरत करार सेवाका प्राविधिक तथा अप्राविधिक कर्मचारीहरु र सुरक्षाकर्मीहरुलाईको करार सेवालाई आवश्यकता र कार्यसम्पादन मूल्याङ्कन अनुसार निरन्तरता दिइने छ ।

१४) आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्न बाँकी बक्यौता पेश्की वेरुजु लगत विवरण अद्यावधिक गरी असुलउपर र फछ्र्यौटको लगि कार्य गरिने छ ।

१५) गङ्गाजमुना गा.पा.बाट देश परिवर्तनका लागि जीवन आहुतिगर्ने १० जना सहिदहरुको स्मृतिमा शालिक निर्माण गरी सहिद स्मारक पार्क निर्माण गर्ने घेरावार गर्ने र सहिद गेट निर्माण गर्ने नीति लिइनेछ । एक परिवार एक रोजगार कार्यक्रमलाई प्रयास गरिनेछ ।

१६) गाउँपालिकामा कार्य सम्पादनको शिलशिलामा आउनु हुने सेवाग्राहीहरुलाई कार्य सम्पादनमा सरलता र छिटो छरितो बनाउन हेल्पडेस्को व्यवस्था गरिने छ ।

१७) विकास निर्माण कार्यलाई व्यवस्थित पारदर्शी र गुणस्तरीय बनाउन अनुगमन निरीक्षण सुपरीवेक्षणलाई सुधार गर्न आधुनिक प्रणालीलाई प्रयोगमा ल्याई थप व्यवस्थित गरिनेछ ।

१८) स्थानीय तहमा पहिचान भएका तर तर्जुमा हुन बाँकी कानुन तर्जुमा गर्ने कार्यलाई प्रथामिकता राखिनेछ । स्थानीय तहको कानुन सबैले जानुन् भन्ने मान्यताका साथ कानुन सचेतना अभियान सञ्चालन गरिनेछ ।

१९) स्थानीय तहका जनप्रतिनिधि तथा कानुनसँग सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धिका लागि कानुनी सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ । न्यायिक समितिका कामकारबाहीहरु गर्न प्रोत्साहित गरिनेछ ।

२०) न्यायिक समितिका कार्यविधिगत प्रकृयाहरुलाई सरल र स्पष्ट पार्ने उचित समयावधिभित्र स्वच्छ सुनुवाईको माध्यमबाट आफ्नो हक अधिकार प्रस्तुत गराउन पाउने अधिकार रहने नीति लिइनेछ ।

२१) न्याय प्रशासन सम्बन्धी सम्पूर्ण कामकारवाही न्यायिक समितिको कार्यालय मार्फत गरिनु पर्दछ । बैठक कक्ष जस्तो भएमा छलफल गर्न सजिलो र प्रभावकारी हुने भएकाले न्यायिक समितिका पदाधिकारी बस्ने स्थान र विवादका पक्षहरु बस्ने स्थान एउटै कार्यकक्षामा छुटाछुट्टै व्यवस्था गरेर वा बैठक कक्षको उचीत व्यवस्थापन गरिनेछ ।

२२) स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद -८ मा न्यायिक कार्य सम्बन्धी व्यवस्था गरिएको हुनाले सो ऐनको दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको गठन क्षेत्राधिकार न्याय सम्पादन प्रक्रिया र निर्णय कार्यान्वयनको व्यवस्थालाई नै सुनिश्चित गरिनेछ ।

२३) कानूनी सिद्धान्त, प्रक्रिया विभिन्न कानुनी बिषयका ज्ञान स्थानीय सरकारको न्याय निरुपण पद्धति जस्ता सचेतना मुलक कार्यक्रम लागूगरिने छ ।

२४) स्वास्थ्य संस्थाहरुमा कार्यरत विभिन्न तहका करार सेवाका कर्मचारीहरु र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई गाउँपालिकाको आयस्रोत हेरी तोकिएबमोजिमको तलवस्केल अनुसार तलवभत्ता दिइने छ ।

२५) बसेरी स्वास्थ्य चौकीमा एक्सरमेशीन व्यवस्थापन भइ सकेकोलेरेडियो ग्राफर- सम्वन्धी कार्य गर्ने थप १ दरवन्दीको व्यवस्था गरिने छ ।

२६) गाउँपालिका भित्र अव्यवस्थित रुपमा रहेका घर टहराहरुको लगत तयार गरी उचित व्यवस्थापन गरिने छ ।

ङ) **<u>महिला बालबालिका तथा ज्येष्ठ नागरिक समिति :</u>**

१) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ तथा कार्यविधि २०७९ अनुसार स्थानीय रणनीतिक योजना बनाई बालमैत्री गङ्गाजमुना गाउँपालिका घोषणा गरिनेछ ।

२) अनाथ असहाय टुहुरा र आर्थिक रुपले विपन्न बालबालिकाहरुका लागि शैक्षिक सामाग्री वितरण गरीनेछ ।

३) प्रदेश र स्थानीय तहको एउटै सन्देश बाल विवाह मुक्त बागमती प्रदेश अभियानमा बालविवाह सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४) लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

५) महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।

६) ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ ।

७) महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ ।

८) "अपांगता भएका व्यक्तिहरुलाई सीप र क्षमताः आत्मसम्मानका लागि उत्पादन सहभागीतागाउँपालिकाबाट सञ्चालन गरिने विकास निर्माण सम्बन्धी योजनाहरूमा प्रयोग हुने निर्माण सामाग्रीहरूको गुणस्तर सुनिश्चितताको साथै विकासको दिगोपनाका लागि गाउँपालिका र वडास्तरमा अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी र व्यवस्थित रूपमा अगाडी बढाईनेछ ।

९) अपाङ्गता भएको व्यक्तिहरुको पहिचान गरी अपाङ्गता परिपचयत्र वितरण तथा नविकरण गरिनेछ ।

१०) ज्येष्ठ नागारिकलाई स्वास्थ्य तथा अन्य सेवा सुविधामा छुट र सहुलियत प्रदान गर्नको लागि वडाबाट नै ज्येष्ठ नगारिक परिचयपत्र वितरण गर्न व्यवस्था मिलाइनेछ ।

११) यस गाउँपालिकाभित्रका ज्येष्ठ नागरिकहरुलाई देश दर्शन गर्नको लागि बजेटको व्यवस्था गरिएको छ ।

१२) अपाङ्गमैत्री, बालमैत्री र महिला मैत्री नीति तथा पूर्वाधार निर्माणमा जोड दिईनेछ ।

१३) शहिद, वेपत्ता तथा द्धन्द पिडित घर परिवारलाई सम्मानित र संरक्षणका लागि उद्यमशिलता सिप विकास तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

१४) ४० वर्ष उमेर पुगेका एकल महिलाहरुलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिनेछ भने अविवाहित एकल पुरुषहरुलाई सामाजिक सुरक्षा भत्ता व्यवस्थाको लागि तथ्याङ्क संकलन गरिनेछ ।

१५) लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्युनीकरणका विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

१६) विभिन्न दिवसीय कार्यक्रमहरु (हरितालिका तिज, महिला दिवस, बाल दिवस) संचालन गरिनेछ ।

च) <u>युवा तथा खेलकुद विकास समिति :</u>

१. खेलकुद प्रवर्द्धनको लागि वडा स्तरीय र पालिकास्तरीय खेलकुद प्रतियोगिता आयोजना गरीने छ ।

२. पालिका भित्रका खेलाडी राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा सहभागी भएमा सहयोग र सम्मान गरीने छ ।

३. पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा आवश्यक प्रशिक्षण सहित सबै बिधामा विद्यार्थीहरुलाई सहभागी गराउने प्रबन्ध गरीने छ ।

४. आवश्यकताको आधारमा स्वरोजागर बन्न चाहने युवायुवतीहरुको लागि तालिम सहित बिउँपुजीको व्यवस्था गरी स्वरोजगार बनाउन उपाध्यक्ष उद्धमशिलताकार्यक्रमलाई निरन्तरता दिइनेछ ।

छ) <u>पर्यटन विकास समिति :</u>

१) गाउँपालिकाको पर्यटन गुरूयोजना तर्जुमा गरी सोको प्राथमिकताको आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिवृद्धि लगायतका कार्यहरू चरणवद्ध रूपमा कार्यान्वयन गरिनेछ ।

२) कृषि र पर्याय पर्यटनको लागि आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकसित गरिनेछ ।

३) गङ्गाजमुना गाउँपालिका भित्र पहिचान भएको धार्मिक तथा पर्यटकीय क्षेत्रहरु गङ्गाजमुना माई मन्दिर, चत्तुरथला भूमे मन्दिर, शिवालय मन्दिर, भैसे गुरुङ गाउँ, बाथले डाडाँ, तिनसुरे, अम्बोटे नमूना गुरुङ गाउँ, पोखराडाडाँ, साल्दुम मष्ट मण्डली, यार्सा कालिकादेवी मन्दिर, लताव, पासाङचोक, ङलुङ, पारोगङ, गोरगङचो लगायत क्षेत्रमा प्रवर्द्धन गर्नको लागि टानसँग भएको साझेदारीलाई निरन्तरता दिई नेपाल पर्यटन बोर्ड, टान, भिटोफ नेपाल र निजि क्षेत्रसँग साझेदारी गरिनेछ ।

४) यस गाउँपालिका भित्र रहेको हिमाल अवलोकन गर्ने स्थल पर्यटकीय पूर्वाधार निर्माण गरी जङ्गल हाईकिङ्ग, ट्रेकिङ्ग, पिक्निक स्पोर्ट क्षेत्रमा विकसित गरिनेछ । सो क्षेत्रमा पर्ने गाउँमा होमस्टे संचालन गर्न प्रोत्साहन गरी आवश्यक व्यवस्था गरिनेछ । साथै त्यस क्षेत्रमा मौलिक खानाको प्रवर्द्धन मार्फत पर्यटकको आकर्षण बढाईनेछ । विभिन्न जात जातिहरुको भाषा धर्म, संस्कार संस्कृति भेषभुषाको जगेर्ना गर्दै सांस्कृति पुरातात्विक संग्रालय निर्माण गर्न पहल गरिनेछ ।

५) सामुदायिक तथा निजी तवरबाट निर्मित मठमन्दिर भूमे, गुम्बा, देवालय लगायतका धार्मिक सम्पदाहरुको निर्माण, मर्मत तथा संरक्षणलाई प्राथमिकता दिईनेछ ।

६) पर्यटन क्षेत्रका विज्ञ तथा सरोकार वालासँग समन्वयमा रहेका गाउँमा होमस्टेको व्यवस्था र प्रवर्द्धन गरी आयमुलक व्यवसायको रुपमा विकास गरिनेछ ।

७) शैक्षिक, पर्यटन, खेलकुद, पर्यटन, एग्रो पर्यटनको यथाचित विकास गर्दै यस गाउँपालिकालाई अध्ययन केन्द्रको रुपमा विकास गरिनेछ ।

८) गाउँपालिकाको उपयुक्त स्थानहरु छनौट गरी निजि र सरकारी लागत साझेदारीमा आधारित रहेर केबरकार, जीपलाईन, पिक्निक स्पोर्ट, पार्कहरुको निर्माणको संभाव्यता अध्ययनको कार्य थालनी गरिने छ ।

९) पालिका गौरवको आयोजना अन्तर्गत रहेको ग्रिन टेकिङ्ग ट्रेलको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१०) गङ्गाजमुना गाउँपालिकाभित्र होटल, खाजाघरहरु संचालनमा रहेका र संचालन गर्न चाहनेलाई विभिन्न संघ संस्था सँगको साझेदारीमा खाना बस्नको लागि तालिमको व्यवस्था मिलाईनेछ ।

११) गङ्गाजमुना गाउँपालिका भित्रको ७ वटा वडालाई सरसफाईको लागि विभिन्न समुहहरु बनाई सरसफाई सम्बन्धी जनचेतनामूलक तालिम तथा गोष्ठीको व्यवस्था मिलाईनेछ ।

१२) गाउँपालिकामा विज्ञहरु सम्मिलित पर्यटन प्रवर्द्धन समिति गठन गर्दै उक्त समितिलाई सशक्तरुपमा परिचान गरी विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

१३) यस गाउँपालिकाको पर्यटन प्रवर्द्धनको लागि धादिङ जिल्लाबाट पर्यटन क्षेत्रमा आवद्ध व्यवसायीहरु सम्मेलित पर्यटन सम्मेलनको आयोजना गरिनेछ ।

१४) साहसिक पर्यटन अन्तर्गत हनि हन्टिङलाई महोत्सवको रुपमा विकास गरिनेछ ।

१५) आन्तरिक पर्यटन प्रवर्द्धन गर्न पालिकाभित्र बसोबास गर्ने सबै जातजातीको चाडपर्व, कला र संस्कृतिलाई मध्यनजर गर्दै आयोजना गरी आन्तरिक पर्यटनलाई बढवा दिईनेछ । जसको लागि छिमेकी गाउँपालिकासँग पनि समन्वय गरिने छ ।

१६) पर्यटन प्रवर्द्धनका लागि जङ्गली जनावर र जडिबुटिको विरूवाको संरक्षण गर्ने कार्यलाई अगाडी बढाईनेछ ।

१७) तामाङ तथा घले र गुरूङ संग्राहलयको स्थापना र विकास गरी सोसँग सम्बन्धित कला सँस्कृति र भेषभूषाको संकलन कार्यको थालनी गरिनेछ ।

ज) **वन,वातावरण तथा विपद् व्यवस्थप ान समिति**

१) समुदाय र निजी क्षेत्रसँगको सहकार्यमा दिगो वन व्यवस्थापनका माध्यमबाट वन, जैविक विविधता, जलधार तथा सिमसार क्षेत्रको संरक्षण गर्दै वन पैदावरको उत्पादन तथा उपयोग मार्फत वातावरण संरक्षण, रोजगारी सिर्जना र आयआर्जनमा टेवा पुऱ्याउनेछ ।

२) वन डढेलो, वनक्षेत्र अतिक्रमण, वन पदैवारको गरैकानुनी कटानी, वन्यजन्तुको चोरीशिकारी जस्ता जैविक विविधता माथिका जोखिमहरु न्यूनीकरणका लागि जनचेतना मुलक कार्यक्रमको आयोजना गरिनेछ र वृक्षरोपण कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

३) वातावरण प्रतिकुल नहुने गरी खानीजन्य नदीजन्य ढुङ्गा, गिटि, बालुवा सकंलन र वितरण गर्नका लागि आवश्यक प्रवन्ध मिलाईने छ ।

४) जलवायु अनुकुलन तथा विपद् तथा व्यवस्थापनका क्रियाकलापलाई एकीकृत गरी जोखिम न्यूनीकरण तथा रोकथाम गरिनेछ । बाढिपहिरो लगायतका जलवायुजन्य जोखिममा रहेका बस्ती तथा विस्थापित परिवारलाई सुरक्षित स्थानमा स्थान्तरण गरिनेछ ।

५) विपदबाट हुने जोखिम र क्षतिलाई पुर्वआँकलन गरी विपद् व्यवस्थापनका लागि चाहिने आवश्यक राहतका सामग्रीहरुको समयअघि नै भण्डारण गरी राखिनेछ ।

६) गाउँपालिकामा विपद् पूर्व तयारी,जोखिम आँकलन,जोखिम पूर्वचेतावनी, विपद् प्रतिकार्यको तयारी तथा विपद् न्यूनीकरण र पुनर्लाभिका क्रियाकलापका समन्वयात्मक ढङ्गबाट संचालन गरिने छ ।

७) वर्षातका कारण मुख्य सडकमा हुने सक्ने क्षतिको पुनमर्मतलाई प्राथामिकता दिईनेछ । १२ महिना सडक अवरोध नहुने गरी सडक मर्मतमा जोड दिईनेछ ।

८) वृक्षारोपण तथा बर पिपल चौतारो संरक्षणलाई विशेष जोड दिई भुक्षय, तटबन्धन तथा वातावरण संरक्षणमा ध्यान दिइनेछ ।

९) विपदमा आवाश्यक पर्ने अति आवाश्यक सामाग्रीहरु खरिद गरिनेछ ।

१०) गङ्गाजमुना गाउँपालिकाबासिलाई सुरक्षित रुपमा बसोबास गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायसंग समन्वय गरिनेछ ।

११) विकास निर्माणमा पर्यावरणलाई प्रतिकुल नहुने गरी कार्य सञ्चालन गरिनेछ ।

१२) गाउँपालिका स्तरिय भैपरि खर्चको व्यवस्था गरिनेछ ।

१३) सामुदायिक वनलाई थप व्यवस्थित गर्नका लागि संस्थागत क्षमता विकास गर्दै कानूनी दायरामा ल्याइनेछ ।

१४) सडकको नयाँ ट्र्याक खोल्ने, ग्रामिण तथा कृषि सडकको मर्मत गर्ने लगायतका भौतिक पूर्वाधार विकासको अभिन्न अङ्गको रुपमा Bio-Engineering लाई अवलम्बन गरिने नीति ल्याइनेछ । यसमा अंरिसो, बाँस, निङ्गालो, कासँ लगायतको रोपण गरी भू-क्षय नियन्त्रण गर्न पहल गरिनेछ ।

१५) पूर्वाधारको कार्यमा थप एक प्रतिशत रकम कट्टा गरी हरित कोष परिचालन मार्फत वातावरण संरक्षण कार्यमा खर्च गरिनेछ । यसका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

१६) मा.वि. तहको सबै विद्यालयमा ईको क्लब गठन गरी तथा सकृय बनाई वन तथा वातावरण संरक्षणको क्षेत्रमा गाउँपालिकाले लिने पहल कदमीमा बालबालिकालाई समेत सहभागी गराउने नीति ल्याईनेछ ।

१७) गङ्गाजमुना गाउँपालिकाले धादिङ्गको उत्तरी क्षेत्र )गङ्गा जमुना गाउँपालिका, रूबी भ्यालि गाउँपालिका र खनियाबास गाउँपालिका)मा रहेका वन क्षेत्रलाई समेटेर जैविक विविधता , पर्यापर्यटन र जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले गणेश पर्वत संरक्षण क्षेत्रको रूपमा विकास गर्ने पालिका गौरवको योजना अन्तर्गत राखेर गाउँपालिकाले वन डिभिजन कार्यालय, धादिङ्गसँग समन्वय गरी गरेको पहल कदमीले गर्दा बागमती प्रदेश सरकारले समेत सो संरक्षण क्षेत्रको घोषणाको लागि पूर्वतयारी एवं सम्भाव्यता अध्ययनको लागि बजेट विनियोजन गरेको हुँदा सो कार्यान्वयनको लागि सम्बन्धित निकायमा आवश्यक समन्वय र पहल गरिनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरू,**

मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रमबाट गाउँपालिकाबासीका आधारभूत आवश्यकताहरू परिपूर्ति भई जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, गाउँपालिकामा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट गाउँपालिकाबासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिकरण र वहिस्करणमा परेका वर्ग, क्षेत्र तथा समुदायहरूको विकासमा मूल प्रवाहीकरण भई समावेशीताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सवलीकरण हुने विश्वास लिएको छु ।

अन्त्यमा,

माथि उल्लेखित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिका, वडाहरू र सम्पूर्ण गङ्गाजमुनाबासी दाजुभाई दिदी वहिनीहरूको योगदान र सहयोग हुने विश्वास लिएको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्गनिर्देशन गर्नुहुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विषयगत समितिका संयोजकज्यूहरू, वडा अध्यक्षज्यूहरू, सभाका सदस्यहरू, राष्ट्र सेवक कर्मचारीहरू, नागरिक समाज, बुद्धिजीवी, सञ्चार जगत तथा सम्पूर्ण गाउँपालिकाबासीहरूलाई धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

धन्यवाद !

सम्बत् २०८१ साल अषाढ ९ गते बिहिवार ।

**प्रस्तुतकर्ता**
**भक्त बहादुर लामा**
**अध्यक्ष**
**गङ्गाजमुना गाउँपालिका**

गाउँसभाका सदस्य ज्यूहरू,

मैले प्रस्तुत गरको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रममाथि छलफलमा भाग लिन सभा समक्ष अनुरोध गर्दछु ।

# उपाध्यक्ष श्री रामेश्वर सिम्खडा ज्यूद्वारा प्रस्तुत
## आ.व. २०८१/०८२ को बजेट बक्तव्य

स्थानीय सरकार
गङ्गाजमुना गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
फूलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

# गङ्गाजमुना गाउँपालिकाका उपाध्यक्ष श्री रामेश्वर सिम्खडाज्यूले दोस्रो गाउँसभाको पाँचौ अधिवेशन समक्ष मिति २०८१/०३/०९ गते प्रस्तुत गर्नु भएको बजेट वक्तव्य

यस गाउँपालिकाको गरिमामय दोस्रो गाउँसभाको पाँचौ अधिवेशनका श्रद्धेय सभाध्यक्ष तथा गङ्गाजमुना गाउँपालिकाका अध्यक्ष श्री भक्त बहादुर लामाज्यू,
प्रमुख अतिथि जिल्ला समन्वय समिति धादिङका प्रमुख नवराज अधिकारी क्षेत्री ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सभाका सदस्यज्यूहरु, कर्मचारी साथीहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,

१. वि.सं. २०८१ साल आषाढ ९ गते आइतबारको दिन बागमती प्रदेश धादिङ जिल्लाको पर्यटकीय स्थल ऐतिहासिक एवं रमणीय ठाउँ गङ्गाजमुना माई धार्मिक स्थलको नामबाट स्थापित यस गङ्गाजमुना गाउँपालिकाको आगामी आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभा समक्ष उपस्थित हुँदा गौरवान्वित भएको छु । यस गौरवपूर्ण अवसरमा महान् दश वर्षे जनयुद्ध, २०६२/६३ सालको १९ दिने जनआन्दोलन, मधेश आन्दोलन लगायतका राजनैतिक सामाजिक अधिकार प्राप्तिका लागि नेपाली जनताको बलिदान पूर्ण विभिन्न काल खण्डका संघर्ष र आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । आन्दोलनको क्रममा घाइते हुनु भएका घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्न्दै वेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु । साथै मुलुकको राजनैतिक, आर्थिक एवम् सामाजिक परिवर्तनका लागि युगान्तकारी ढङ्गले नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक सम्मान प्रकट गर्न चाहान्छु ।

२. प्राकृतिक प्रकोप वर्षाको कारण यस गाउँपालिकामा बाढी पहिरोको प्रकोपबाट हुन गएको धनजन, घरबास, पशुधन, जग्गा जमिन, अन्नबालीको क्षति प्रति गहिरो दुख प्रकट गर्दै यो वर्षको मनसुन सक्रिय भइसकेकोले सम्पूर्ण गाउँपालिकाबासी आमा बुबा दाजुभाई दिदीबहिनीहरुप्रति नआत्तिन तर सजगता अपनाउनु हुन अनुरोधका साथै सम्भाव्य विपद् सामनाको लागि पूर्व तयारी रहन सम्बद्ध सबै निकाय प्रति आव्हन गर्दै गाउँपालिकाको तर्फबाट आवश्यक सहयोग हुने व्यहोरा यस गरिमामय सभा समक्ष राख्दछु ।

३. स्थानीय सरकार आफैमा अधिकार सम्पन्न छ । सिंहदरबारको अधिकार गाउँ गाउँमा भन्ने नीतिलाई व्यवहारमा लागू गर्दै संविधानमा व्यवस्था गरिएका संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक, समावेशी, समानुपातिक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन,

विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य लिइएको छ । एकल अधिकारअन्तर्गत आफ्नो क्षेत्रभित्रका विषयमा कानुन बनाउने, नियमन गर्ने वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने जस्ता कार्य सम्पादन हुन्छ । सोही अनुरुप यस गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गरी जनमुखी उत्कृष्ट सेवा प्रवाहमा जोड दिन आवश्यक ठान्दछु ।

४. जनताको सेवालाई केन्द्रविन्दुमा राखी स्थानीय सरकारबाट हुने सेवाहरुलाई पारदर्शी, उत्तरदायी, जवाफदेहि बनाइ जनातालाई सुशासनको प्रत्याभुती दिनु सरकारको जिम्मेवारी ठानेको छु । गाउँपालिकाको समग्र विकासमा आम गाउँवासीको सुझाव सल्लाहको महत्वपुर्ण भुमिका हुने भएकोले सबैबाट आवश्यक भुमिका निर्वाह र सहयोगको अपेक्षा गरेको छु ।

**आदरणीय सभाका सभाध्यक्षज्यू,**

५. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सुशासन प्रवर्द्धन, ग्रामीण स्वास्थ्य सेवा, भौतिक पूर्वाधार विकास, कृषि प्रवर्दधन, गुणस्तरीय शिक्षाको विकास, वातावरण मैत्री ग्रामिण शहरको व्यवस्थापन, पर्यटन विकास विपद् व्यवस्थापन तथा क्षमता विकास, गरिबी न्यूनीकरण, सामाजिक समावेशीकरणका सवालहरु, बालमैत्री स्थानीय शासन पद्धति, गुणस्तरीय सेवा सुविधामा गाउँपालिकाबासीको पहुँच अभिवृद्धि हुने अवसर सृजना, सुदृढ आर्थिक विकास, पारदर्शिता र निर्वाचित जनप्रतिनिधिहरुलाई विकास प्रकृयाको क्रममा सबल र सक्षम बनाउने आधारलाई बजेट निर्माणको सोचको रुपमा लिएको छु ।

६. नेपाली जनताको त्याग र बलिदानीबाट प्राप्त नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सुशासनको माध्यमबाट सार्वभौम गाउँपालिकाबासीहरुलाई आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चितता गर्न समानुपातिक, समावेसी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै आफ्नो समाज र क्षेत्रको विकासका लागि स्रोत साधनको विनियोजन, परिचालन गर्ने जिम्मेवारी र अधिकारको अधिकतम उपयोग गर्दै जवाफदेहिता वहन एवम् पारदर्शितालाई मनन् गरी आगामी आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

७. मैले मूलतः वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नीतिमा अवलम्वन गरिएका आधारहरु अनुरुप गाउँपालिकाको आवधिक योजना, दीगो विकासका लक्ष्यहरु, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, सोह्रौं योजनाका लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरु, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा गरेका सन्धी तथा प्रतिवद्धताहरु, संघ, प्रदेश सरकारबाट जारी नीति, कानून, मापदण्डहरुकासाथै क्षेत्रगत गुरुयोजनाहरु र विगतका आर्थिक वर्षका योजना तथा कार्यक्रमहरुलाई निरन्तरता दिने

व्यवस्था मिलाएको छु । साथै यसै गत आ.व.बाट लागु भएको गाउँपालिकाबाट छनौट भएका पालिका गौरबका आयोजनाहरुलाई निरन्तरता दिदै विकासका मूलभूत सिद्धान्तलाई व्यवहारमा उतार्न क्षेत्रगत नीति, रणनीति, कार्यनीति र कार्यक्रम बनाई प्रस्ताव गरेको छु । यसबाट नतिजामूखी बजेट प्रणालीको विकास भई नागरिक प्रति जवाफदेही, जिम्मेवारी र उत्तरदायी प्रशासनको प्रवर्द्धन हुने अपेक्षा गरेको छु ।

**आदरणीय सभाका सभाध्यक्ष महोदय एवम् सभाका सदस्यज्यूहरु,**

८. आगामी आर्थिक वर्षको बजेट जनआकांक्षा, आवश्यकता, नयाँ परिस्थितिले सिर्जना गरेका चुनौतीहरुलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनुपर्छ भन्नेमा म सजग छु । यस अवस्थामा सबै गाउँपालिकावासीहरुको जीवन रक्षा गर्ने, भविष्य प्रति आधारयुक्त आशा जगाउने र पूर्वाधार विकास निर्माणको आधार तय गर्दै अगाडी बढ्ने गरी मैले बजेट तर्जुमा गरेको छु ।

९. गाउँपालिकाको सीमित स्रोत र साधनको उच्चतम उपयोगमार्फत पूर्वाधार विकास, आर्थिक तथा सामाजिक क्षेत्रको उत्साहप्रद प्रगतिका लागि कदम चालिरहेको छ । आधारभूत र माध्यमिक शिक्षालाई निःशुल्क शिक्षा सहित शिक्षामा सबैको पहुँच पुग्ने अपेक्षा गरेको छु । गाउँपालिकाले स्थापना गरेको ग्रामीण अस्पताल फूलखर्कलाई स्वास्थ्य वीमा सहितको सेवा र वडा तहको स्वास्थ्य चौकीको सेवाले जनताको स्वास्थ्य सेवा पाउने पहुँचको अभिवृद्धि हुने महसुस गरेको छु । साथै शैक्षिक तथा स्वास्थ्य संस्थाबाट गुणस्तरीय र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**आदरणीय सभाका सभाध्यक्ष महोदय,**

१०. अव म आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

**क)** <u>**विपद् तथा प्रकोप व्यवस्थापनः**</u> सबै प्रकारका विपद्, महामारी, प्रकोपबाट जीवन रक्षा र विपद्को न्यूनीकरण एवम् व्यवस्थापन गर्दै गाउँपालिकाका नागरिकको जनजीवनलाई सुरक्षित बनाइनेछ ।

**ख)** <u>**स्थानीय अर्थतन्त्रको विकास र विस्तारः**</u> संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्यसँग तादात्म्य कायम गरी अन्तर सरकार, सहकारी, निजी क्षेत्र र नागरिक समाजसँग समन्वय, सहयोग र सहकार्यको माध्यमद्धारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ । संवैधानिक प्रावधान अनुसार समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न टेवा पुऱ्याउन सहयोग गरिनेछ ।

ग) **<u>बाँझो जग्गाको उपयोग र व्यवस्थापनः</u>** गाउँपालिका क्षेत्रभित्र लगातार दुई वर्षसम्म कुनै पनि प्रकारको खेतीपाती नगरी बाँझो राखिएको जग्गालाई प्रयोगमा ल्याई कृषि प्रवर्द्धनमा जोड दिइनेछ । कृषि व्यवसायी, कृषि सहकारी तथा कृषिसम्बन्धी संघसंस्थाहरुलाई अनुदानको व्यवस्था गरी कृषि उत्पादनमा प्रोत्साहन गरिनेछ ।

घ) **<u>उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशील पूर्वाधारः</u>** भू-उपयोग योजनाको आधारमा वस्ती तथा भौतिक पूर्वाधार विकास योजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिवृद्धी गरिनुका साथै पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन र आयमूलक क्षेत्रमा जोड दिई बाढी पहिरो नियन्त्रणजस्ता जलवायु अनुकुलन आयोजनालाई विशेष प्राथमिकता दिने एवम् संरचना निर्माण गर्दा पर्यटन मैत्री वातावरण संरक्षणसम्बन्धी कानूनअनुसार वायोइञ्जिनियरिङ्ग प्रविधिको अनुसरण गरिनेछ ।

ङ) **<u>योजनावद्ध पूर्वाधार विकासः</u>** गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना, पालिका गौरवका आयोजना, यातायात गुरु योजना तथा बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी मापदण्ड, खानेपानी, पर्यटकीय पूर्वाधार विकाससम्बन्धी तयार गरिएको विस्तृत परियोजना प्रतिवेदनको आधारमा बजेट व्यवस्थापन गरी दीगोविकास गरिनेछ ।

च) **<u>प्रभावकारी सेवा प्रवाहः</u>** गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था लगायत गाउँपालिका क्षेत्रभित्र कार्यरत निजी तथा सरकारी एवम् गैर सरकारी संघसंस्थाबाट प्रदान गरिने सेवा प्रवाहलाई सरलीकृत गरी थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

छ) **<u>साझेदारी र सहकार्यः</u>** गाउँपालिकामा कार्यरत गैर सरकारी संघसंस्थाहरुसँग आवश्यकताको पहिचान गरी पूर्वाधार विकास, नागरिक सचेतना, स्वास्थ्य सेवा प्रवाह, खानेपानी, सरसफाई तथा नागरिक सशक्तीकरणजस्ता कार्यहरु आवश्यकताअनुसार साझेदारी र सहकार्यमा सञ्चालन गरिनेछ ।

ज) **<u>समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्धनः</u>** गाउँपालिकाबाट सम्पादन गर्नेसेवा प्रवाह तथा कार्यहरुलाई पारदर्शी बनाउदै, नागरिकका मौलिक हक र अधिकारकारुपमा रहेका आवश्यकता परिपूर्ति मार्फत राज्यको लोककल्याणकारी भूमिका बढाइनेछ ।

झ) **<u>सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापनः</u>** विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण, तथ्य तथा ज्ञानमा आधारित एवम् नतीजामूलक बनाईनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।

११. माथि उल्लेखित उद्देश्यहरु हासिल गर्न देहायका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

- गाउँपालिकाको गौरवका आयोजना र रणनीतिक सडक पूर्वाधार विकासका योजना,
- विद्यालय शिक्षा निःशुल्क गरी विद्यार्थीको सिकाइ उपलब्धीमा जोड
- ग्रामीण अस्पतालको भवन निर्माण कार्यलाई पूर्णता दिइने,
- पर्यटन पूर्वाधार क्षेत्रको विकास अन्तर्गत ग्रिन ट्रेकिङ ट्रायल निर्माण, होमस्टे विस्तार र गङ्गाजमुना पर्यटन पूर्वाधार निरन्तरता
- मिटर सहितको एक घर एक धाराको नीति अनुरुप खानेपानी पूर्वाधार विकास र पुर्ण सरसफाइ कार्यक्रम
- कृषि उत्पादनमा जोड तथा कृषि उत्पादनमा अनुदान प्रोत्साहन कार्यक्रम साथै एक वडा एक कृषि पकेट क्षेत्र विकास,
- आधुनिक एवम् प्रविधिमैत्री सेवा प्रवाह,
- लक्षित वर्ग कार्यक्रम (शहिद परिवार, दलित, महिला...) आदि
- सुशासन प्रर्वद्धन,
- विपद् जोखिम व्यवस्थापन

आदरणीय सभाका सभाध्यक्ष एवम् सभाका सदस्यज्यूहरु,

आर्थिक प्रगति विवरणः चालु आ.व. २०८०।०८१ को मिति २०८०।३।८ गतेसम्मको कूल खर्चको विवरण यस प्रकार रहेको छ ।

**कूल जम्माः ६९.६१ प्रतिशत रहेको छ ।**
**कुल चालु खर्चः ८०.८६ प्रतिशत,**
**कुल पुँजीगत खर्चः ५४.५० प्रतिशत**

१२. **आय तर्फः**

आर्थिक वर्ष २०८१/०८२ का लागि वित्तीय परिचालन र खर्च अनुमान गर्दा वित्तीय सन्तुलन कायम गर्ने उद्देश्य लिई सोही अनुरुप योजना तथा कार्यक्रमहरु तर्जुमा गरी रकम विनियोजन गरेको छु ।

आगामी आर्थिक वर्षका लागि कूल ५३ करोड ११ लाख १ हजार ३५० रुपैया आय प्रस्ताव गरेको छु । यस अन्तर्गत गाउँपालिकाको आन्तरिक आयबाट ८२ लाख ५० हजार रुपैया र मौज्दात संचित कोषमा हाल अनुमान गरेको छैन । संघीय सरकारबाट राजश्व बाँडफाडँ वापत ९ करोड १५ लाख रुपैया, संघीय वित्तीय समानीकरण वापत ११ करोड

७९ लाख रुपैया, संघीय सशर्त अनुदानवापत २१ करोड ७२ लाख र संघीय समपुरक अनुदान वापत १ करोड २० लाख, संघीय विशेष अनुदान वापत १ करोड ५० लाख प्राप्त भएको छ भने प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापत १ करोड ९२ लाख ६१ हजार ३ सय ५० रुपैया, प्रदेश वित्तीय समानीकरण वापत १ करोड २१ लाख ८२ हजार, प्रदेश सशर्त अनुदान वापत १ करोड ५८ लाख ८ हजार, प्रदेश समपूरक अनुदान वापत १ करोड ५० लाख र प्रदेश विशेष अनुदान वापत ७० लाख बजेट प्राप्त भएको छ । समग्रमा सवै प्रकारका अनुदान गरी संघीय सरकारबाट जम्मा ४५ करोड ३६ लाख रुपैया र प्रदेश सरकारबाट ६ करोड ९२ लाख ५१ हजार ३ सय ५० रुपैया गरी जम्मा ५२ करोड २८ लाख ५१ हजार ३ सय ५० रुपैया सङ्घीय सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त भएको छ ।

**१३. व्यय तर्फ :**

चालुतर्फ अर्थात कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च, चालु शसर्त अनुदान समेतगरी कुल बजेटको ६१.०७ प्रतिशत अर्थात ३२ करोड ४३ लाख ४८ हजार रुपैंया विनियोजन गरेको छु भने पूँजीगत एवम् कार्यक्रमगत खर्च अन्तर्गत पुँजीगत सशर्त अनुदान समेत गरी कुल बजेटको ३८.९२ प्रतिशत अर्थात २० करोड ६७ लाख ५३ हजार ३ सय ५० रुपैया विनियोजन गरेको छु ।

१४. यस आर्थिक वर्षमा जनसंख्या, भौगोलिक र राजश्वको स्थिति लगायतका सूचकहरुको आधारमा बजेट सीमा निर्धारण गर्दा सबै वडाहरुको लागि जम्मा ४ करोड ३० लाख बजेट विनियोजन गरेको छु ।

१५. पूर्वाधार विकासअन्तर्गत संघ र प्रदेश समपूरक तथा विशेष अनुदानको योजनासहित ठूला तथा साना सडकहरुको स्तरोन्नति, खानेपानी संरचना र २ नं. स्वास्थ्य चौकी निर्माण लगायतका लागि ९ करोड ६५ लाख बजेट विनियोजन गरेको छु ।

१६. त्यसै गरी शिक्षा तर्फ १ करोड ९० लाख बजेट विनियोजन गरेको छु ।जसमध्ये १ करोड ५० लाख गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुका अनुदान/नीजि स्रोत शिक्षक तलव तथा बाल विकास शिक्षक र विद्यालय सहायक कर्मचारी लगायतका शैक्षिक जनशक्ति व्यवस्थापन गर्नका बजेट विनियोजन गरेको छु ।विद्यार्थीबाट परिक्षा शुल्क नउठाउने गरी परिक्षा सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु । सबै वडामा सामुदायिक सिकाई केन्द्र स्थापना गरी अनौपचारिक शिक्षाको कार्यक्रमलाई ६ लाख बजेट विनियोजन गरेको छु ।

१७. यूवा तथा खेलकुद विकासका लागि २० लाख बजेट विनियोजन गरेको छ । जस अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनको लागि ७ लाख रकम विनियोजन गरेको छ ।

**आदरणीय सभाका सभाध्यक्ष महोदय,**

१८. गाउँपालिकाका स्वास्थ्य तर्फ २ करोड बजेट विनियोजन गरेको छ । जसमा ९० लाख स्वास्थ्य संस्थाबाट प्रभावकारी र व्यवस्थित स्वास्थ्य सेवा प्रदान गर्नका लागि दरबन्दी बमोजिम नपुग भएका स्वास्थ्य संस्थामा करार सेवामा कर्मचारी पूर्ति गरी सेवा सञ्चालन गर्नका लागि बजेट विनियोजन गरेको छ । साथै सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्स सेवा तथा सुत्केरी महिलाको ज्यान खतरा हुने अवस्थामा निःशुल्क हवाई उद्धार सेवालाई निरन्तरता दिएको छ र एम्वुलेन्स व्यवस्थापन कार्यमा सुधार गर्ने साथै स्वास्थ्य चौकीमा सुत्केरी हुने सुत्केरी आमा पोषण कार्यक्रम लगायत सरसफाईका सामाग्री प्रदान गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ । साथै पिडित परिवार र भुकम्प तथा प्राकृतिक प्रकोपबाट घर पूर्ण क्षति भई हाल सम्म राहत पाउँन नसकेकाहरुका लागि राहत व्यवस्थापन गरिनेछ ।सम्पूर्ण स्वास्थ्य संस्थाहरुको आवश्यक पूर्वाधार स्थापना, मेशिनरी औजार, उपकरण तथा फर्निचर खरिदको लागि रु ३० लाख बजेट विनियोजन गरेको छ । साथै गाउँपालिकामा स्थायी ठेगाना भएका दीर्घरोगीहरुलाई दीर्घरोगी उपचार खर्च वापत प्रदान गरिदै आएको बढीमा रु १५ हजार कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिदैं आवश्यक बजेट विनियोजन गरेको छ ।

१९. गाउँपालिकाबाट सम्पादन गरिने हरेक विकास निर्माण कार्य लगायत सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी सिद्धान्त अवलम्वन गरी सुशासन प्रवर्द्धन तथा संस्थागत विकासका लागि ७० लाख बजेट विनियोजन गरेको छ ।

२०. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था लगायतमा कार्यरत कर्मचारीहरुको उच्च मनोवल बनाई आफूलाई तोकिएको जिम्मेवारी तदारुकताका साथ बहन गर्न हौसला मिल्ने किसिमले आगामी आर्थिक वर्षमा पनि उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीहरुलाई सम्मान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२१. गाउँपालिकाको ऐतिहासिक तथा धार्मिक रुपमा परिचित पर्यटकीय क्षेत्रहरुको संरक्षण, संवर्धन एवम् प्रवर्द्धन गरी आन्तरिक तथा वाह्य पर्यटकहरु भित्र्याई आर्थिक गतिविधिलाई चलायमान बनाउनका निमित्त यस आर्थिक वर्षमा वडा नं. ५ स्थित गङ्गाजमुनामाई पर्यटन क्षेत्र पूर्वाधार विकासका लागि संघीय सरकार र स्थानीय सरकारको साझेदारीमा सञ्चालनमा रहेको योजनालाई चालु आ.व. मा पूर्णता दिइनेछ ।

२२. पर्यटन, कला, सांस्कृतिक प्रर्वद्धन गर्न ६० लाख बजेट विनियोजन गरेको छ । जसमा गाउँपालिकाको गौरवको आयोजना मध्ये ग्रिन ट्रेकिङ ट्रेललाई निरन्तरता दिई, पर्यटन

प्रवर्द्धन तथा वडाहरुमा सञ्चालन गरिने विभिन्न धर्म, कला तथा संस्कृती प्रवर्द्धन कार्यक्रम तथा गङ्गाजमुनामाई महोत्सव कार्यक्रमलाई व्यवस्थापन गरिनेछ ।

२३. त्यसैगरी आगामी आर्थिक वर्षमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ २० लाख बजेट विनियोजन गरेको छु । जस अन्तर्गत गङ्गाजमुना गाउँपालिकाका ७ वटै वडाका दलित, महिला, बालबालिका, ज्येष्ठ नागारिक, अपाङ्ग तथा लक्षित वर्गको क्षमता विकास कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । साथै ४० वर्ष पुगेका एकल महिलाको संरक्षणका लागि आवश्यक बजेट विनियोजन गरेको छु । अनाथ, असाहाय तथा टुहुरा बालबालिकाहरुको लागि शैक्षिक सामाग्री वितरणका लागि ४ लाख बजेट विनियोजन गरेको छु । साथै अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्री वितरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु । देश र परिवर्तन र जनताका मुक्तिका खातिर जीवन आहुती गर्ने यस गाउँपालिकाका महान सहिदहरुको सम्झनामा सामाजिक संरचना निर्माण सुरुवातको लागि रकम विनियोजन गरेको छु ।

**आदरणीय सभाका सभाध्यक्ष महोदय,**

२४. यस आर्थिक वर्षमा उद्योग व्यवसाय प्रवर्द्धन तथा बजारीकरण गरी युवा रोजगारी सिर्जना गर्न १० लाख बजेट विनियोजन गरेको छु ।

२५. वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ५० लाख बजेट विनियोजन गरेको छु । जसमध्ये महामारी एवम् प्राकृतिक प्रकोपबाट हुने क्षतीलाई न्यूनीकरण गर्न र विभिन्न खाले पिडितहरुको लागि उद्धार तथा राहतको व्यवस्था गरिनेछ ।

२६. यस गाउँपालिकाको कृषि क्षेत्र तर्फ ५० लाख बजेट विनियोजन गरेको छु ।जसमध्ये कृषि पेशातर्फ युवाहरुलाई प्रोत्साहन तथा उन्मुख बनाउन उत्पादनमा अनुदानलाई दिईनेछ । एक वडा एक पकेट क्षेत्रको अवधारणालाई अवलम्बन गर्दै युवा रोजगारीको सिर्जना तथा कृषि व्यवसायको प्रवर्द्धन हुने कुरामा विश्वास लिएको छु ।

२७. पशु क्षेत्र तर्फ ४० लाख बजेट विनियोजन गरेको छु । जसमा औषधि, पशु स्वास्थ्य वीमा, पशु पकेट क्षेत्रमा लगानी गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम न्यायिक समितिको अधिकारक्षेत्र भित्र पर्ने कार्यहरुलाई सामाजिक न्यायिक तवरले सम्पादन गर्न मेलमिलाप पद्धतिलाई अवलम्बन गरी थप प्रभावकारी बनाउन एवम् कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्न तथा मेलमिलापकर्ताको क्षमता अभिवृद्धि गर्ने लागायतका कार्यक्रमहरुलाई निरन्तरता दिन बजेट विनियोजन गरको छु ।

**आदरणीय सभाका सभाध्यक्ष एवम् सभाका सदस्यज्यूहरु,**

२९. यस आर्थिक वर्ष ०८१/०८२ को नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव सल्लाह तथा निर्देशन प्रदान गरी सहयोग गर्नुहुने जिल्ला समन्वय समितिका प्रमुख ज्यू, गाउँपालिकाका अध्यक्षज्यू, वडाका जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सामाजिक व्यक्तित्व, बुद्धिजीवी समूह, कर्मचारी साथीहरु, शिक्षक वर्ग, सुरक्षा निकाय, नागारिक समाज, सम्पूर्ण करदाता तथा गाउँपालिकाबासीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

३०. यसै गरी नीति, कार्यक्रम तथा बजेटको प्रस्ताव तर्जुमा प्रक्रियामा निरन्तर कार्य गर्ने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समितिका पदाधिकारीहरु लगायत तयारीमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

३१. यस गरिमामय गाउँ सभामा तपशिल बमोजिमका विधेयकहरु प्रस्तुत गर्दछु ।

तपशिल

क. गङ्गाजमुना गाउँपालिकाको आ.व. २०८१/०८२ को सेवा र कार्यहरुका लागि संचित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बेनेको विनियोजन विधेयक, २०८१

ख. गङ्गाजमुना गाउँपालिकाको आर्थिक विधेयक, २०८१

अन्तमा, कार्यक्रमको सफल कार्यान्वयनमा समुदाय, जनप्रतिनिधि तथा कर्मचारीहरुको ज्यादै ठूलो भूमिका रहेको हुन्छ । तसर्थ गाउँपालिकाले घोषणा गरेका कार्यक्रमहरुमा गाउँपालिकाबासीहरुले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुग्ने, पुऱ्याउने अपेक्षा लिएको छु । योजना तथा कार्यक्रमको सफल कार्यान्वयनबाट गाउँपालिकाले प्रदान गर्ने सेवामा गुणात्मक सुधार ल्याई सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । यसबाट भविष्यमा स्थानीय सरकारलाई तुलनात्मक रुपमा सुदृढ, व्यवस्थित, सक्षम बनाउन सकिने विश्वास लिएको छु । आर्थिक वर्ष २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनमा जनप्रतिनिधि, गाउँपालिकाबासी, राजनीतिक दलका प्रतिनिधिहरु, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, कर्मचारी लगायत सबैबाट सहयोगको अपेक्षा गर्दै सबल, सक्षम, समृद्ध र न्यायपूर्ण गाउँपालिका निर्माणमा आ-आफ्नो ठाउँबाट सक्दो योगदानका साथ सहयोग पुऱ्याउन हुन हार्दिक आव्हान तथा अनुरोध गर्दछु ।

धन्यवाद ।

प्रस्तुतकर्ताः रामेश्वर सिम्खडा
उपाध्यक्ष-गङ्गाजमुना गाउँपालिका, धादिङ
मितिः २०८१/०३/०९ गते

# गङ्गाजमुना गाउँपालिकाको विनियोजन ऐन, २०८१

गङ्गाजमुना गाउँपालिका, धादिङको आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**सभाबाट स्वीकृत मिति : २०८१/०३/३०**

**प्रस्तावना :** गङ्गाजमुना गाउँपालिका, धादिङ २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गङ्गाजमुना गाउँपालिका, धादिङको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "गङ्गाजमुना गाउँपालिका, धादिङको विनियोजन ऐन" रहेको छ। (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८१/८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५६,३५,९३,९२२.०० (अक्षेरुपी रुपैयाँ छपन्न करोड पैतिस लाख त्रियान्नब्बे हजार नौ सय बाइस मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त गङ्गाजमुना गाउँपालिका, धादिङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

